वर्गदृष्टि

Bargadristi Weekly
साप्ताहिक

वर्ष १ अङ्क ३४ २०७३ फागुन १६ गते सोमबार Monday, Feb; 27, 2017 पृष्ठ ८ मूल्य रु. १०।-

दिवंगत पत्रकार सानुकाजीको परिवारसँग भेटघाट

फाल्गुन २१ गते श्रद्धाञ्जलीसभा गरिने

◆ **श्यामबहादुर कार्की**

काठमाडौं । नेपाल पत्रकार महासंघ, भिंगु स्वनिग प्रतिष्ठान शाखाका सदस्य तथा क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्य समेत रहेका सानुकाजी महर्जनको असामियक निधन भएपछि शोकसन्तप्त परिवारजनसँग नेकपा

... *बाँकी ८ पेजमा*

‘संशोधन र निर्वाचनले जनताको समस्या समाधान गर्दैन’

◆ **वर्गदृष्टि संवाददाता**

काठमाडौं । संसदवादी पार्टीहरूबीचमा संविधान संशोधन र निर्वाचनको विषयलाई लिएर आपसमा चर्को अन्तरविरोध बढिरहेको अवस्थामा सरकारले नेकपा (क्रान्तिकारी माओवादी)ले संसदीय व्यवस्थामा गरिने संविधान संशोधन र निर्वाचनले जनताको समस्या समाधान नगर्ने धारणा सार्वजनिक गरेको छ। सरकारले ३१ बैशाखका लागि घोषणा गरेको स्थानीय निकायको निर्वाचनसम्बन्धी पार्टी धारणा सार्वजनिक गर्न पार्टीका अध्यक्ष मोहन वैद्य‘किरण’ले एक वक्तव्य जारी गर्दै जनताले अहिले भोगिरहेको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान अहिलेको संसदीय संविधानमा गरिने संशोधन र निर्वाचनले नगर्ने बताएका छन् । शुक्रबार जारी वक्तव्यमा निर्वाचन बहिस्कार गर्ने वा उपयोग गर्ने विषयमा पार्टीको आधिकारिक निकायद्वारा ठोस निर्णय लिइने जनाइएको छ।

निर्वाचनसम्बन्धी तीन बुँदे धारणा तथा अभिमत सार्वजनिक गर्दै क्रान्तिकारी माओवादीले भनेको छ, ‘१) वर्तमान पश्चगामी राज्यसत्ता र संसदीय व्यवस्थाअर्न्तगत गरिने संविधान संशोधन र हुने निर्वाचनद्वारा जनताका राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरूको समाधान हुन सक्तैन र त्यसनिम्ति नयाँ जनवादी राज्यसत्ताको स्थापना अनिवार्य रूपमा आवश्यक छ भन्नेबारे पार्टीको दृष्टिकोण तथा धारणा स्पष्ट रहिआएको छ।

२) स्थानीय निर्वाचनको मिति घोषणा गरिएपनि वर्तमान राज्यसत्ता र व्यवस्थाका पक्षधर राजनीतिक दलहरूका बिच पैदा हुँदै आएका अन्तर्विरोध तथा विवाद र अन्य विविध जतिलताका कारण सो निर्वाचन हुने नहुने अझै स्पष्ट भइनसकेको हाम्रो ठहर छ।

३) संसदीय निर्वाचन बहिष्कार र उपयोग संबन्धी प्रश्न राजनीतिक कार्यनीतिको विषय भएकोमा पार्टी स्पष्ट नै रहिआएको छ । यसवारे परिस्थितिको ठोस अध्ययन गरी उपयुक्त समयमा पार्टीको आधिकारिक निकायद्वारा ठोस निर्णय लिइने छ।’

संसदवादीहरूबीच संशोधनको रस्साकस्सी

संविधान संशोधनका विषयमा संसदवादी दलहरूबीच रस्साकस्सी चलेको छ । सत्तारुढ दलहरू संविधान संशोधनको पक्षमा देखिएपनि विपक्षी एमालेसहितका दलको विरोधका कारण संसदमा टेबुल भएर पनि संशोधन विधेयक अलपत्र अवस्थामा छ। संसदमा संशोधन विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव पारित भएपनि त्यसमाथिको छलफल अघि बढ्न सकेको छैन। यसैबीच नेपाली कांग्रेसले संविधान संशोधन प्रस्ताव पारित गराउन पहल गर्ने भएको छ। मधेसबाट प्रतिनिधित्व गर्ने पार्टीका सांसदहरूसँगको छलफलमा पार्टी सभापति शेरबहादुर देउवाले संशोधन पास गराउन पहल गर्ने बताएका छन्। मधेसवादी दलहरू संविधान संशोधनको पक्षमा भएपनि अहिलेको प्रस्तावमा परिमार्जन गर्नुपर्ने उनीहरूको माग छ। एमालेलाई समेत सहमतिमा ल्याएर संविधान संशोधन प्रस्ताव पारित गर्न पहल भइरहेपनि एमाले सहमतिमा आएको छैन। एमाले संविधान संशोधन प्रक्रियाको विरोधमा रहेको छ । नेकपा एमालेसहित विपक्षी ९ दलले संविधान संशोधन प्रस्ताव पारित हुन नदिने अडान राख्दै आएका छन् । संविधान संशोधनले पूर्णता नपाउँदै स्थानीय तहको निर्वाचनको मिति घोषणा गरिएपछि मधेसवादी दलहरू आन्दोलनमा लागेका छन्। संविधान संशोधन, स्थानीय तहको निर्वाचनका लागि आवश्यक कानुनहरू पारित गर्न बाँकी नै रहेका कारण स्थानीय तहको निर्वाचन समेत अन्यौलमा रहेको छ। सरकारले आगामी बैशाख ३१ मा स्थानीय तहको निर्वाचनको मिति घोषणा गरेपनि अधिकांश दलहरू निर्वाचनको विपक्षमा उभिएका छन् । यस्तै स्थानीय तह पुर्नसंरचना आयोगले ७ सय ११ वटा स्थानीय तह हुने गरी प्रतिवेदन बुझाएपनि त्यसमा अझ थप गर्ने सरकारले बताइसकेका कारण पनि त्यसको टुंगो अझै लाग्न सकेको छैन भने सीमा निर्धारण समेत नभएका कारण थप जटिलता छ।

निर्वाचन अन्यौलमा

सरकारले घोषणा गरेको दुईदिनपछि वैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचन कार्यतालिका निर्वाचन आयोगले सार्वजनिक गरिसकेको छ। तर संसदवादीहरूबीच चर्कदो अन्तरविरोध र संविधान संशोधन प्रस्ताव अनिर्णित बन्दा चुनाव अन्यौलमा पर्न गएको

... *बाँकी ८ पेजमा*

फागुन १४ देखि २१ ‘सहिद सप्ताह’

काठमाडौं । फाल्गनु १४ अर्थात् शनिबारदेखि फाल्गनु २१ सम्म जनयुद्धका सहिदहरुको सम्झनामा माओवादीहरुले सहिद सप्ताह मनाउँदै आएका छन् । विभिन्न कार्यक्रम गरी जनयुद्धको दशवर्षे कालखण्डमा सहिदहरुले देखाएको त्याग, वीरता र बलिदानका कीर्तिमानहरुको बारेमा चर्चा गरिन्छ भने सहिद तथा वेपत्ता परिवारहरुलाई सम्मान गरिन्छ । नेकपा (क्रान्तिकारी माओवादी) लगायतले विभिन्न कार्यक्रम गरी सहिद परिवारबीचमा यो सप्ताह मनाइरहेको छ।

तत्कालीन नेकपा (माओवादी) ले २०५२ साल फागुन १ गते जनयुद्ध सुरु गरेको थियो भने जनयुद्धको १४ औं दिनमा तत्कालीन राज्यले गोरखाका ११ वर्षीय बालक दिलबहादुर रम्तेलको हत्या गरेको थियो।

माओवादी जनयुद्धमा लागेको भन्दै राज्यले निर्दोष बालकको हत्या गरेको दिन र फागुन २१ गते झापा आन्दोलनमा लागेकालाई सुखानीको जंगलमा लगेर हत्या गरिएको दिनसम्मलाई माओवादीले सहिद सप्ताहका रुपमा मनाउने गरेको छ।

जारी छ क्रान्तिकारी माओवादीको सांगठानिक अभियान

◆ **प्रवीण त्वान्जु/भेषराज राउत**

काठमाडौं । ५ माघ, २०७३ बाट चैत्र मसान्तसम्म तीन महिने संगठन विस्तार तथा सुदृढीकरण अभियान लिएर नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र पार्टीका जनवर्गीय संगठन तथा जातीय मोर्चाहरूजनता बीचमा गएकोएक महिना पूरा भइसकेको छ । यस बीचमा पार्टी, देजमो, नेपाल, जनवर्गीय संगठन र जातीय/क्षेत्रीय मोर्चाहरूको देशैभरि सैयौं संगठनहरूनिर्माण गरिएका छन्, कतिपय जबस/मोर्चाका राष्ट्रिय, राज्य र जिल्ला भेला/सम्मेलनगरी संगठन सुदृढ पारिएका छन्, यसै अवधिमा पर्न गएका दुई ठूला दिवसहरू ‘जनयुद्ध दिवस’ र ‘अक्टोबर क्रान्तिको सतबार्षिकी’ पनि विभिन्न कार्यक्रम गरी भव्य रूपमा मनाइएका छन् ।अक्टोबर क्रान्तिको शतबार्षिकी पारेर पोखरामा गरिएको वृहद् अन्तर्क्रिया उल्लेखनीय रह्यो । पार्टीको सचिवालय र देजमोको केन्द्रीय समितिको बैठक यसैबीचमा सम्पन्न भएका छन् । यसै अवधिमा संगठन र जनपरिचालनलेतीव्रता पाएको छ । विगतमा माओवादी आन्दोलन तथा कम्युनिष्ट आन्दोलनमा लागेर निष्क्रिय बसेका नेता कार्यकर्ताहरू सक्रिय भएर पार्टीमा आवद्ध हुन पुगेका छन् भने अन्य पार्टी परित्याग गरेर क्रान्तिकारी माओवादीमा प्रवेश गर्नेहरूको पनि लहर नै चलेको छ । यसै अवधिमा पार्टी निकट अखिल (क्रान्तिकारी) स्ववियूको निर्वाचनमा होमिएको छ भने क्रान्तिकारी पत्रकार महासंघ पनि नेपाल पत्रकार महासंघको चुनावमा सहभागी बनिरहेको छ।

अभियानले आम श्रमजीवि शोषित-उपीडित जनतामा पार्टी, देजमो र जबस/मोर्चाका नीति, कार्यक्रम स्पष्ट पार्न महत्वपूर्ण भूमिका खेलेको छ भने पार्टीप्रति जनतामा रहेको भ्रम र संसदवादीहरूप्रतिको भ्रम पनि चिरिंदै गएको छ । अधियानकै बीचमा पोखराको सस्तो बजारमा भएको स्वरोजगार व्यावसायीमाथि विचौलियाले गरेको अन्यायका विरुद्ध पार्टी, देजमो र मजदुर संगठनले प्रभावकारी हस्तक्षेप बढाउन सफल भएको छ भने देशका अन्य भागमा भएका जनविरोधी क्रियाकलापका विरुद्ध संगठनले संघर्षको पनि पहल लिएको छ। यसरी समग्रमा अभियानले क्रान्तिकारी माओवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र अन्य जबस/मोर्चालाई जनताबीचमा पुऱ्याएर स्थापित गराउनमा महत्वपूर्ण भूमिका खेलेको छ र आन्तरिक आत्मगत स्थितिलाई मजबुत बनाउन पनि महत्वपूर्ण भूमिका खेलेको छ। पछिल्लो चरणमा भएका सांगठानिक गतिविधिलाई यहाँ अपडेट गरिएको छ :

जनसाँस्कृतिक महासंघ नेवाःराज्य संयोजकमा गौरी दाहाल

काठमाडौं । अखिल नेपाल जनसाँस्कृतिक महासंघको एक भेलाले नेवाः राज्य समितिको संयोजकमा गौरी दाहाललाई चयन गरेको छ । भेलाले दाहालको संयोजकत्वमा ३१

... *बाँकी ७ पेजमा*

भय र त्रासकाबीच स्ववियु निर्वाचन

ठूला संगठन नै स्ववियु निर्वाचन बिथोल्न क्रियाशील

◆ **वर्गदृष्टि संवाददाता**

काठमाडौं। विभिन्न क्याम्पसमा विद्यार्थी संगठनले गरेको तालाबन्दी र आगजनीका कारण उत्पन्न भएको भय र त्रासकैबीच स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको प्रक्रिया अघि बढेको छ । त्रिभूवन विश्वविद्यालयले स्ववियु निर्वाचनका लागि तय गरेको कार्यतालिका अनुसार नै अघि बढ्न विद्यार्थी संगठन र विश्वविद्यालयबीच सहमति बनेपछि अब प्रक्रिया अघि बढ्ने भएको हो।

शनिबार नै स्ववियु निर्वाचनका लागि उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यसूची रहेकोमा अधिकांश क्याम्पसमा विद्यार्थी संगठनबीचको तनाव, शक्ति र पैसाको दुरूपयोग गर्दै गरेको एकमुष्ट भर्नालगायतका विषयमा देखिएको विवादका कारण क्याम्पसका निर्वाचन कार्यालयहरूमा तालाबन्दी तथा कतिपय क्याम्पसमा आगजनी समेत भएको थियो।

यद्यपि विद्यार्थी संगठन र विश्वविद्यालय प्रशासनबीच ताला फुटाएर पनि निर्वाचन प्रक्रियालाई अघि बढाउने सहमति भएपछि निर्वाचन प्रक्रिया अघि बढ्ने भएको हो । तर यो विषयलाई लिएर ठूला पार्टी निकट विद्यार्थी संगठनबीच परस्पर विरोधी धारणा सार्वजनिक भएपछि स्ववियु निर्वाचनलाई लिएर थप आशंका उत्पन्न भएको छ।

काँग्रेस निकट नेवि संघ, एमाले निकट अनेरास्ववियु, माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी) बीच

... *बाँकी ७ पेजमा*

एकमुष्ठ र फर्जी भर्ना खारेज हुनुपर्छ

अखिल (क्रान्तिकारी) वैद्य किन स्ववियु चुनाव लड्दै छ ? छोटोमा भनिदिनुस् न ?

विगत लामो समयदेखि हामीले विद्यार्थीका हक, हितका ठोस विषयवस्तु सम्मिलित मुद्दाहरू उठाउँदै आइरहेका छौं । पहिले राज्यमा तानाशाह थियो अहिले विद्यार्थी संघ, संगठनमा तानाशाह मौलाइरहेछ । विद्यार्थीबाट उठाएको फिसबाट मोजमस्ती गर्ने र भ्रष्टाचार गर्ने परिपाटीको विकास भएको छ। यसमा संसदवादी पार्टीहरू र तिनीहरू निकटका विद्यार्थी संगठनहरू चुर्लुम्म डुबेका छन्। हामीले उठाउँदै आएका मुद्दाहरू कार्यान्वयन हुन सकेनन्। काँग्रेस, एमाले र माओवादी केन्द्र निकटका विद्यार्थी संघ-संगठनले

... *बाँकी ७ पेजमा*

❑ **सेवन्तराज भण्डारी,**
अध्यक्ष- ‘अखिल क्रान्तिकारी) मोहन वैद्य’

क्रान्तिकारी माओवादीले सुरु गऱ्यो ‘पार्टी स्कुलिङ’

सिरहा, गोलबजार । नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय स्कूल विभागले चार दिने मिथिला राज्यस्तरीय स्कुलिङ सुरु गरेको छ । शनिबार सिरहाको गोलबजारमा पार्टी स्कुलिङको उद्घाटन क्रान्तिकारी माओवादीका बरिष्ठ नेता सिपी गजुरेल‘गौरव’ले गरेका छन् । पार्टीका सचिवालय सदस्य तथा मिथिला राज्यका इन्चार्ज कृष्णदेव सिंह दनुवारले अध्यक्षता गरेको उक्त स्कूलिङ कार्यक्रममा पार्टीका कार्यालय सदस्य तथा स्कुलिङ विभागका प्रमुख परि थापाको उपस्थिति रहेको थियो। पार्टी केन्द्रीय सदस्य तथा स्कुलिङ विभागका सचिव हस्तबहादुर केसीले संचालन गरेको कार्यक्रममा उपस्थित सहभागीलाई केन्द्रीय सदस्य रोशन जनकपुरी‘लाल’ले स्वागत गरेका थिए।

स्कुलिङ कार्यक्रमको उद्घाटन गर्दै पार्टीका बरिष्ठ नेता सिपी गजुरेलले क्रान्ति कहिल्यै पराजित नहुने भन्दै नेपालको अहिलेको स्थितिलाई रुसको १९०५ को असफल क्रान्तिपछिको स्थितिसँग तुलना गरेर विवेचना गरे । मुलुकमा विद्यमान संकटपूर्ण स्थितिको निकासका लागि वैचारिक स्पष्टता र दृढतासहित सही कार्यदिशाको आवश्यकता पर्ने बताउँदै नेता गजुरेलले विचार र सिद्धान्तले लैस क्रान्तिकारी पार्टी निर्माणका लागि पार्टी स्कुलिङ सुरु गरिएको बताए।

कार्यक्रममा बोल्दै स्कुलिङ विभाग प्रमुख परि थापाले वैचारिक, राजनीतिक रूपमा पार्टीका नेता कार्यकर्ताहरूको स्तर वृद्ध गर्ने र क्रान्तिकारी पार्टी निर्माण गर्ने पार्टीको नीति अनुसार स्थायी र घुम्ती रूपमा पार्टी स्कूल चलाउने योजना अनुसार मिथिला राज्यबाट स्कुलिङ सुरु गरिएको बताउँदै हरेक कम्युनिष्ट पार्टी सदस्यपार्टीको नीति, सिद्धान्त, कार्यदिशा,

... *बाँकी ८ पेजमा*

यसकारण संविधान कार्यान्वयन होइन, खारेज गर !

केही वर्षअघि एक जना नेपाली पत्रकार सुधीर शर्माले नेपालका माओवादीहरूलाई केन्द्रमा राखेर ‘प्रयोगशाला’ लेखे । २०७० भदौमा यसको पहिलो संस्करण निस्क्यो । उक्त किताबमा उनको जोड माओवादी आन्दोलन अगाडि बढनमा उक्त पार्टी नेतृत्व, खासगरी प्रचण्ड र बाबुरामको नेपालको राजा र दिल्लीको भूमिकालाई आफ्नो पक्षमा उपयोग नै थियो र त्यसमा उनीहरू जनयुद्धको सुरु सुरुमा त सफलजस्ता देखिएका थिए तर क्रमसः उनीहरू विश्व साम्राज्यवाद खासगरी भारतीय विस्तारवादको नंग्रा ‘र’द्धारा उपयोग हुँदै गए भन्ने छ र अहिले उनीहरू समग्र माओवादी आन्दोलनको एउटा मात्रै उपलब्धी-गणतन्त्रमा गर्व गर्ने अवस्था आएको छ । त्यो पनि अब राप्रपाले संवैधानिक प्रक्रियाद्धारा पुनःस्थापना गर्ने पो हो कि भन्नेमा अहिले केही बलिया संकेतहरू देखाका परिरहेका छन् । यद्यपि अहिले आएर नेपालमा दरबारको राजनीतिक सत्ता खोसिएको छ तर दिल्ली गणतन्त्रको नाममा नेपालको राजतन्त्रले नेपाल सरकार र यहाँका विभिन्न राजनीतिक दलहरूमाथि खेल्दै आएको निर्णायक भूमिका समेत आफूले लिएको छ । र दिल्ली अब नेपालको शासनसत्ता सञ्चालन गर्न आफ्ना हितैषीहरू (दलालहरू)मार्फत् प्रत्यक्ष रूपले नै काठमाण्डौमा आफ्नो उपस्थिति जनाउन सफल भएको छ।

> मार्क्सवाद-लेनिनवाद-माओवादले भन्दै आएको तत्थ्य के हो भने एउटा सामाजिक व्यवस्थावाट अर्को सामाजिक व्यवस्थामा समाजलाई रूपान्तरण गर्दा उत्पादक शक्ति जो पुँजी र विज्ञान प्रवृद्धि दुवै हो, त्यो फेरिनु आवश्यक छ । विचारधारा र राजनीतिक प्रणाली स्वामित्व सबै फेरिनु आवश्यक छ, जो एउटा सर्वहारावर्गीय क्रान्तिबाट मात्रै सम्भव छ ।

● **हुकुमबहादुर सिंह**

राजनीतिको पछिल्लो अवस्थामा आइपुग्दा माओवादी आन्दोलन जसको नेतृत्व प्रचण्ड र बाबुरामले गरेका थिए, जसले दिल्लीलाई काठमाडौंसम्म ल्याउने काममा महत्वपूर्ण भूमिका रहेको छ, यद्यपि त्यो भन्दा अगाडि त्यसका लागि मार्ग प्रशस्त गर्ने काम नेपाली कांग्रेस र एमालेले गर्दै आएका थिए। नेपालमा जनयुद्ध, दरबार हत्याकाण्ड, गणतन्त्र, मधेस विद्रोह, संविधानसभा, संघीयताको बहस, धर्मनिरपेक्षता आदि जे जे भने पनि आखिरमा हरेक फैसलाका पछि दिल्ली नै सर्वेसर्वा भएको प्रमाणित हुँदै गएको छ । नेपालमा सर्वहारावर्गको राज्यसत्ताका लागि दशौं हजार सहिदहरूको रगतमा टेकेर प्रचण्ड अहिले दिल्लीका अगाडि आत्मसमर्पणवादीको विल्ला भिर्न बाध्य भएका छन् । तर यत्तिले पनि पुगेन भनेर अर्को नेता बाबुरामले नयाँ पार्टी खोलेर प्रचण्डको कामप्रति असन्तुष्टि जनाइरहेका छन् । ९५ प्रतिशत नेपाली जनताका प्रतिनिधिले पास गरेको भनिएको नेपालको संविधान २०७२ केबल दिल्लीले नमान्दा प्रचण्डको संविधान घोषण गर्दा उठेको राजनीतिक उचाई जनताको अगाडि रसातलमा झर्ने परिस्थिति बनेको छ। नेपालको संविधान २०७२ अहिलेसम्म अस्तित्वको संकटमा छ । नेपालका संसदवादी नेताहरू आपसमा मिल्नका लागि, आपसमा झगडा गर्नका लागि, पनि दिल्ली नै चाहिने भएको छ। संविधानको कार्यान्वयनको आधीकारिता लिन पनि दिल्ली नभई नहुने। यो कस्तो परिवर्तन हो नेपाली जनता अहिले प्रश्न गर्दै छन्।

स्वयम् प्रचण्ड, बाबुराम, किरण र विप्लवआदि भन्दै छन्-“माओवादी आन्दोलनले गम्भीर धक्का खायो ।” यो भनेको नयाँ जनवादी क्रान्तिले आफ्ना घोषित उद्येश्यहरू-सामन्तवादी र साम्राज्यवादी उत्पीडनबाट नेपाल र नेपाली जनतालाई मुक्त गर्ने काम हुन सकेन । तर नेपालको संविधान २०७२ लाई हेर्ने सवालमा किरण र विप्लवको

... *बाँकी ७ पेजमा*

सम्पादकीय

जनयुद्धका सहिदहरूको सम्झना र क्रान्तिकारीहरूको दायित्व

हरेक वर्ष फाल्गनु १४ देखि २४ सम्म नेपालका माओवादीहरूले जनयुद्धको दशवर्षे कालखण्डमा जीवन बलिदान गर्ने सहिदहरूको सम्झना गर्ने गर्दछन् । 'सहिद सप्ताह'को रूपमा विभिन्न कार्यक्रम गरी सहिदहरूको त्याग, वीरता र बलिदानका कीर्तिमानहरूको चर्चा यस अवधिमा गर्ने गरिन्छ । यस वर्ष पनि नेकपा (क्रान्तिकारी माओवादी)लगायतका पार्टी र माओवादी नेता कार्यकर्ताहरूले विभिन्न कार्यक्रम गरेर सहिदहरूलाई सम्झिएका छन् ।

दशवर्षे जनयुद्धमा हजारौं नेपाली आमाका सर्वोत्तम सन्तानहरूले नेपाल र नेपाली समाजको आमूल परिवर्तनका निम्ति अमूल्य जीवनको बलिदान गरे । यकिन तथ्यांक नभएपनि करिब १४ हजार वीर योद्धाहरूले जनयुद्धमा ज्यान गुमाए । हजारौं वेपत्ता बने । घाइते अपाङ्गहरूको संख्या हजारौं हजार छ । आजसम्मको नेपालको इतिहासमा नै बलिदानको उत्कर्ष थियो दशवर्षे जनयुद्ध । त्याग, वीरता र बलिदानको यही कीर्तिमानले गर्दा छोटो समयमा नै नेपालको जनयुद्धले संसारभरका श्रमजीवि सर्वहारावर्गलाई उत्प्रेरणा र उत्साह नयाँ संचार गरेको थियो र नेपाली समाजलाई जरैदेखि हल्लाउन पुगेको थियो । परिणामतः सामन्तवादको नाइके राजतन्त्र ढल्न पुग्यो र मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । तर स्थापित लोकतान्त्रिक गणतन्त्र जनताको गणतन्त्र बन्न सकेन, नोकरशाही दलाल पुँजीवादीहरूको कब्जामा पर्न पुग्यो । र, सारतः मुलुक संसदीय व्यवस्थाकै यथास्थितिवादी धरातलमा बन्दक बन्न पुग्यो । सँगै सहिदहरूको बलिदानको सार्थकताले साकार रूप ग्रहण गर्न सकेन । फरक रूपमा क्रान्तिको प्रक्रिया अगाडि बढाउनु पर्ने स्थिति पैदा हुन पुग्यो ।

अबरुद्ध क्रान्तिको प्रक्रियालाई अगाडि बढाएर दशवर्षे जनयुद्धको कालखण्डमा जीवन बलिदान गर्ने हजारौं सहिदहरूप्रति न्याय गर्ने र बलिदानलाई खेर जान नदिन क्रान्तिकारीहरूले नयाँ पहलकदमी लिइरहेका छन् । जसको वैचारिक, राजनीतिक, सांगठानिक र संघर्षको नेतृत्व नेकपा (क्रान्तिकारी माओवादी)ले गरिरहेको छ । माओवादी जनयुद्धको विरासतलाई पकडेर क्रान्तिको प्रक्रियालाई नयाँ ढंगले अगाडि बढाउन आवश्यक तीन जादुगरी हतियारहरू : क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी जनमुक्ति सेना निर्माणको अभियानमा नेकपा (क्रान्तिकारी माओवादी)का नेता कार्यकर्ताहरू जुटिरहेका छन् ।

विभिन्न पार्टीहरूमा, स्वदेश र विदेशमा छरिएर रहेका क्रान्तिकारीहरूलाई नयाँ जनवादी क्रान्तिको झण्डामुनि गोलबन्द गराउँदै अगाडि बढ्ने प्रक्रियाको नेतृत्व क्रान्तिकारी माओवादीले नै गरिरहेको छ । पछिल्लो समयमा माओवादी आन्दोलनमा विभिन्न नाम र रूपमा विचलनहरू देखा परिरहेका छन् । माओवादी आन्दोलनभित्रैबाट माओवादी आन्दोलनालाई सिध्याउन अनेकन पात्र र प्रवृत्तिहरू साम्राज्यवादीहरूले पैदा गराइराखेका छन् । सर्वहारावर्गीय क्रान्तिविरोधी तमाम प्रकारका चुनौतीहरूको सामना गर्दै सच्चा क्रान्तिकारीहरू एकजुट भएर क्रान्तिको तयारीमा जुट्ने अगाडि बढ्न जनयुद्धका सहिदहरूले हरेक क्रान्तिकारीहरूलाई घचघच्याइरहेका छन् । त्यो मर्मबोध र मूल्यबोध गर्न सक्नु नै सहिद सप्ताह मनाउनुको अर्थ र औचित्य हो । र, यो नै क्रान्तिकारीहरूको दायित्व पनि ।

हरेक क्रान्तिकारीहरूले सहिद कृष्णसेन इच्छुक, रुसी क्रान्तिका नायक लेनिन र चिनियाँ क्रान्तिका नायक माओका निम्न भनाइहरूलाई हृदयंगम गर्न जरुरी छ ।

'व्यक्तिहरू थुनिन्छन्, छुट्छन्, अगाडि बढ्छन्, पछि हट्छन् तर यात्रा भने निरन्तर रूपमा अगाडि बढिरहन्छ ।' *-कृष्णसेन इच्छुक*

सर्वहारावर्गीय अन्तर्राष्ट्रिय प्रतिनिधि, विश्वसमाजवादी क्रान्तिका अविस्मरणीय नेताहरूको रगतले यो जीवनमरणको संघर्षमा श्रमिक जनताको झनै विशालतालाई अझ स्पातिलो बनाउनेछ । अनि यो संघर्ष अन्ततः विजयी बन्ने छ । *- क. लेनिन*

हजारौ हजार सहिदहरूले जनताको हितका निम्ति आफ्नो जीवन वीरतापूर्ण बलिदान गरेका छन् । हामी तिनको झण्डालाई माथि उचालौं र तिनको रगतले गाढा भएको माटोमा अघि बढौं । संसारका जनता हो, साहसी बनन, जुट्ने आँट गर, अप्ठ्याराहरूदेखि नडराऊ र छालझैं अघि बढ्दै जाऊ । त्यो भए सारा संसार निश्चिय नै जनताको हुनेछ । सबै किसिमका राक्षसहरूलाई निर्मूल पारिनेछ । *-माओ*

परिवर्तनको सम्वाहक

WELCOME
मूलबाटो
WELCOME
मुख्य पृष्ठ
समाचार
विचार
कुराकानी
साहित्य
प्रवास
खेलजगत
प्रविधि
सिने जगत
पर्यटन
ENGLISH

सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

वामखोलभित्र विप्लवजीहरूको दक्षिणपन्थी यात्रा

रामसिंह श्रीस

> **मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोणलाई भुलेर पार्टीको अहित हुने गरी, अनावश्यक रूपले जो कोहिलाई उच्च पद र प्रतिष्ठामा पदस्थापना गर्दै, अवसरवादी प्रवृत्तिलाई रातो कार्पेट विछ्याई(ओछयाई) स्वागत गर्दै गर्नु कुनै हालतमा र कुनै पनि मानेमा युक्तिसंगत ठहरिन्न र होइन ।**

विप्लवको नेकपाको आठौं महाधिवेशन समाप्त भएको छ । केन्द्रीय समितिको तर्फबाट क. विप्लवले महाधिवेशनमा पेश गरेको राजनीतिक प्रतिवेदन सर्वसम्मत रूपमा पारित भएको समचार आएको छ । पारित राजनीतिक प्रतिवेदन बाहिर आउन केहि समय लाग्ने छ । त्यसैले महाधिवेशनमा प्रस्तुत मस्यौदा राजनीतिक प्रतिवेदनमा उठाइएका केही विषयहरूमाथिको टिप्पणी यहाँ प्रस्तुत गरिएको छ । राजनीतिक प्रतिवेदनमा दार्शनिक, वैचारिक, राजनैतिक थुप्रै विषयहरू छन्, जसबारे विमर्श गर्न जरुरी छ । तर यहाँ केही विषयहरू मुख्यतः कार्यक्रम र कार्यदिशासित सम्बन्धित विषयमा छोटो टिप्पणी गरिएको छ ।

१. कार्यक्रम सम्बन्धमा

महाधिवेशनमा प्रस्तुत मस्यौदा राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'दशवर्षको जनयुद्ध, गणतन्त्रको स्थापना, दलाल पुँजीवादको स्थापना, नवऔपनिवेशिक अवस्था आदि कारणले गर्दा अब नेपालको राजनीतिक कार्यक्रममा नयाँ जनवादी नभएर वैज्ञानिक समाजवादी हुनु वैज्ञानिक र वस्तुवादी हुन्छ ।' (पृ. ७३) यसै निष्कर्षलाई जोड दिंदै अझ पछाडि भनिएको छ, 'तसर्थ नेपालको आउँदो राजनीतिक कार्यक्रम वैज्ञानिक समाजवादी अपनाउनु सही हुन्छ ।' (पृ. ७३) प्रतिवेदनको आगामी कार्यक्रमको शीर्षकमा भनिएको छ 'संसदिय व्यवस्थाको स्थानमा वैज्ञानिक समाजवाद स्थापना गर्न संघर्ष संचालन गरिने छ ।' (पृ.८७) । यहाँ 'नयाँ जनवादी क्रान्ति नभएर वैज्ञानिक समाजवादी हुनु' भन्ने र विद्यमान 'संसदीय व्यवस्थाको स्थानमा वैज्ञानिक समाजवाद स्थापना गर्न' संघर्ष संचालन गर्ने भन्ने कुराले उनीहरूको अबको तात्कालीन कार्यक्रम भनेको समाजवादी कार्यक्रम हो । यसरी आठौं महाधिवेशनबाट उनीहरूले नयाँ जनवादी क्रान्ति होइन, समाजवादी क्रान्तिको बाटो लिए भन्ने कुरा प्रष्ट छ ।

नेकपा-माओवादीबाट अलग हुँदाको समयमा केन्द्रीय समितिमा छलफलको लागि प्रस्तुत गरेको प्रस्तावमा भनिएको छ, 'साथै यो कार्यदिशाले (एकीकृत जनक्रान्तिको कार्यदिशाले-ले.) नौलो जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवाद हुँदै विश्व साम्यवादसम्म पुऱ्याउने विचार बोक्नु पर्दछ ।' (फरक पत्र वर्ष ३ अंक १ पूर्णाङ्क १३ कार्त्तिक-मंसिर २०७१ पृ.१८) यो विचार विप्लवले २०७१ असार १५ गते प्रस्तुत गर्नुभएको थियो । केन्द्रीय समितिमा प्रस्तुत उक्त प्रस्तावमा 'नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै' वैज्ञानिक समाजवादमा जाने गरिएको थियो । यसले त्यतिबेला उनीहरूको नयाँ जनवादी क्रान्तिको कार्यक्रम नछोडेको बुझिन्छ । तर उहाँहरूले त्यतिबेलै नयाँ जनवादी क्रान्तिको कार्यदिशा छोडेर 'एकीकृत जनक्रान्तिको' कार्यदिशा भन्नुले घुमाउरो रूपबाट नयाँ जनवादी क्रान्तिलाई छोडेको संकेत गरिसकेको थियो । आज आएर 'नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै' भन्ने कुरा हटाएर 'अब नेपालको राजनीतिक कार्यक्रम नयाँ जनवादी नभएर वैज्ञानिक समाजवादी हुनु वस्तुवादी हुन्छ भन्न पुग्नुभएको छ । निश्चय नै परिस्थितिमा आधारभुत परिवर्तन आएमा पार्टीको कार्यक्रम र कार्यदिशा परिवर्तन गर्नु पर्दछ । तर क. विप्लव जीले यो साढे दुई वर्षको अवधिमा परिस्थितिमा के परिवर्तन भयो भन्ने कुरा कतै उल्लेख गर्नुभएको छैन । जे होस्, अब क. विप्लव, बावुराम र प्रचण्डको बीचमा अबको राजनीतिक कार्यक्रम समाजवादी क्रान्ति हो भन्ने कुरामा समान धारणा बनेको छ ।

२. कार्यदिशाका सम्बन्धमा

क्रान्ति सम्पन्न गर्नको राजनीतिक कार्यदिशाले महत्वपूर्ण अर्थ राख्छ । कार्यदिशाको सवालमा उहाँहरू नै भन्नुहुन्छ 'साम्राज्यवाद नयाँ विशेषतामा पुगेपछि यसको समाधान पनि लेनिन वा माओले विकास गरेको कार्यदिशाबाट मात्र सम्भव छैन ।... हामीले नेकपा (माओवादी) पुनर्गठन गरेपछि नेपाली राजनीतिक, आर्थिक, सामाजिक विशेषतालाई विश्लेषण गर्दै नेपाली विशेषताको कार्यदिशा एकीकृत जनक्रान्ति संश्लेषण गरेका छौं । एकीकृत जनक्रान्तिको कार्यदिशामा हामीले गाउँ र शहर भनेर अलग नगरेर नयाँ विशेषतामा विकास हुँदै गरेको समाजको विशेषता अनुरूप प्रतिक्रियावादी राज्यसत्ताविरुद्ध आम श्रमिक जनतालाई संघर्षमा उठाउने कार्यदिशा हो । यो दलाल सत्ताको विरुद्धमा आम जनतालाई क्रान्तिमा संगठीत गर्ने कार्यदिशा हो ।' (पृ.६८) महाधिवेशनमा प्रस्तुत दस्तावेजमा कार्यदिशाको बारेमा जे कुरा उल्लेख गरेका छन्, त्यहाँ संघर्षका कस्तो रूप अपनाउने भन्ने कुरा कतै उल्लेख छैन । लेनिन र माओले विकास गरेको कार्यदिशाबाट अब क्रान्ति सम्भव छैन भन्ने उनीहरूको निष्कर्ष छ । उनीहरूले तय गरेको 'एकीकृत जनक्रान्तिको कार्यदिशाबाट समाजवादी क्रान्ति कसरी हुन्छ भन्ने कुरा कतै प्रष्ट छैन । वास्तवमा उनीहरूले वर्ग संघर्षलाई कसरी संगठित र विगठित गर्ने भन्ने विषयमा दस्तावेज मौन छ । नेकपा-माओवादीबाट अलग हुने बेलामा उनले प्रस्तुत गरेको प्रस्तावमा कार्यदिशाको चर्चा गर्ने सन्दर्भमा भनिएको छ, 'पुरानो केन्द्रीय सत्तालाई केन्द्रविन्दुमा राखेर सशस्त्र संघर्ष र जनसंघर्षलाई समग्ररूपमा अगाडि बढाउने नीति लिनु पर्दछ । त्यसको लागि सरलबाट विशेषतिर, सामान्यबाट सशस्त्रतिर, स्थानिय तहबाट केन्द्रतिर जाने नीति अख्तियार गर्नु पर्दछ ।' उही फरक पत्र (पृ.१९) त्यतिबेला सशस्त्र संघर्षका विभिन्न रूपहरूमध्ये खास रूपको उल्लेख नगरे पनि 'सशस्त्र संघर्ष र जनसंघर्षलाई समग्ररूपमा अगाडि बढाउने भनिएको थियो । तर महाधिवेशनको प्रतिवेदनमा' प्रतिक्रियावादी राज्यसत्ता विरुद्ध आम श्रमिक जनतालाई संघर्षमा उठाउने कार्यदिशा' मात्र भनिएको छ । यहाँ वर्ग संघर्षको उच्चतम रूप सशस्त्र संघर्षबारे कतै उल्लेख गरिएको छैन । 'श्रमिक जनतालाई संघर्षमा उठाउने' भन्ने कुराले उनीहरूलाई सामान्य जुलुस, धर्ना, बन्द, आदिसम्म मात्र सीमित गर्न सकिने पनि हुन सक्छ । त्यसकारण वैज्ञानिक समाजवाद प्राप्त कसरी गरिन्छ भन्ने कुरा प्रष्टसंग कतै उल्लेख गरिएको छैन ।

३. कार्यदिशासँग जोडिएको अर्को महत्वपुर्ण प्रश्न हो- पथप्रदर्शक सिद्धान्त । कार्यदिशाको चर्चा गर्ने सन्दर्भमा उहाँहरूले भन्नुभएको छ कि अबको 'समाधान पनि लेनिन र माओ समेतले विकास गरेको कार्यदिशाबाट मात्र सम्भव छैन । फेरि उहाँहरूले भन्नुभएको छ 'हाम्रो पार्टी कम्युनिस्ट पार्टी हो । यसले मार्क्सवाद, लेनिनवाद, माओवादलाई मार्गनिर्देशक सिद्धान्त मान्दछ ।' (पृ. ८६) जसले विकास गरेको कार्यदिशाबाट अबको क्रान्ति सम्भव छैन, त्यहि विचार कसरी मार्गनिर्देशक सिद्धान्त बन्दछ ? यो अत्यन्तै विरोधाभाषपूर्ण कुरा छ ।

४. उहाँहरूले दलाल पुँजीवादीको त विरोध गर्नुभएको छ तर नोकरशाही पुँजीपति र सामन्त वर्गको विरोध गरिएको छैन । नेपालको राजनीतिक सत्तामा दलाल पुँजीवादले नेतृत्व गरेता पनि त्यहाँ नोकरशाही पुँजीपति, सामन्त वर्गको र सामन्त वर्गको राज्यसत्ता नभएर दलाल पुँजीवादको मात्र सत्ता छ भन्ने कुरा बताउदै नोकरशाही पुँजीपति र सामन्त वर्गको विरोध नगर्नु गलत भएको छ । उहाँहरूले अहिले महाधिवेशनमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनको विश्लेषण गर्दा जतिसुकै चर्को नारा र क्रान्तिको कुरा गरे पनि त्यसले दक्षिणपन्थी दिशा समात्दै गएको बुझिन्छ । क. माओको मृत्युपछि चीनमा प्रतिक्रान्ति भयो, त्यहाँ पुँजीवादको पुनर्स्थापना भयो भन्ने कुरा संसारभरका सच्चा मार्क्सवादी, लेनिनवादी, माओवादीहरूले पनि मानेका थिए । पार्टीका हिजोका दस्तावेजहरू हेर्दा त्यो कुरा प्रष्ट हुन्छ । तर आठौं महाधिवेशनमा प्रस्तुत दस्तावेजमा भनिएको छ 'आफ्नै विशेषता भएपनि चीन, उत्तरकोरिया, क्युवा, भियतनाम आदि देशहरूले समाजवादी सत्ता संचालन गरिरहेका छन् भने कयौं देशमा साम्राज्यवादविरोधी समाजवादी पार्टीहरूले सरकारको नेतृत्व गरिरहेका छन् । (पृ.११) यो भनाइले अब उनीहरूले चीनलाई समाजवादी देश मान्न पुगेका छन् । यसबाट तत्कालिन नेकपा-माओवादीले विप्लवजीले नेतृत्व गरेको पार्टीलाई 'उग्रवामपन्थी खोल ओढेको दक्षिणपन्थी विचलन' भनेर जे विश्लेषण गरेको थियो, त्यो पुष्टि हुँदै गइरहेको छ ।

झर्रोटर्रो

कैलुब्राह

हैट, आकाश त खस्नै आँट्यो

नेपाल मण्डलको सरकारी बैठकले आगामी बैसाख ३१ गते गाउँघर, नगर र टोलतिरको चुनाउ गराउने भनेर ठोकुवा गऱ्यो । त्यो बैठकमा सरकारी सुप्रिमो महामहिम मिस्टर प्रमले निकै ठूलो धाकधक्कु लगाए । उनले भने - 'अब इन्द्रेका बाउ चन्द्रे आए पनि चुनाउ सुनाउ रोक्न सक्दैन । बैठकले निर्णय गरेपछि मने आधाआधी चुनाउ त भै नै गयो भन्ने म ठान्चु । यसमा नेपालका जिम्दार दलका सबै लाउकेहरूको समर्थन छ । भुरेटाकुरे भुसुना र ठेट्नाहरूले क्यै लछारपाटो लाउने छैनन् ।' हुनपनि सरकारी शेरका अगाडि भुइँफुट्टा स्यालहरूको के जोर चल्थ्यो । केही समय हुइया हुइया गरेर आफ्ना सगोत्रीहरूलाई गुहारे पनि अन्तिममा त तिनीहरू पनि चिसै पानीले नुहाइहाल्छन् ।

उता मधेशतिरका महिषपालहरूले आफ्नो खल्ती नभरिदिइकिन गरिने चुनाउ कुनै हालतमा हुन नदिने भनेर आकाश खसाउने धाकधक्कु लगाउँदै छन् । उनीहरूले भनेका छन् 'यदि आफूहरूलाई सरकारले बक्सिस नदिएमा आफूहरूले पनि सरकारबाट खुट्टा झिकेर लङ्गडो बनाइदिने छम् ।' त्यसपछि बैसाखीमा उभिएको सरकार डङ्गड्ङ्ग ढल्नेछ । ढलेको सरकारी सिनो लुछ्न गिद्दहरू तँछाड मछाड गर्ने छन् । कोही गिद्दहरू सिद्द खोज्दै दिल्लीतिर उड्नेछन् । कोही गिद्दहरू प्रभुको आशिर्वाद थाप्न लैनचौर र महाराजगञ्जतिर धाउने छन् । बाँकी गिद्द बानेश्वरको मासु पसलतिर डार्रड्डुर्र गर्दै भौंतारिने छन् । चुनाउ गराउने वाचा खाएर मिति घोषणा गरेको सरकार उत्तानो परेपछि 'आफै सुप्रिमो उत्तानो पर, कसलाई दिन्छौ बर' को अवस्था सिर्जना हुनेछ । यसरी तँ हाने जस्तो गर म रोए जस्तो गर्छु भन्दै आफैंले आकाश खसाल्ने छन् र चुनाउ सुनाउले हावा खाने छ ।

यतिवेला चुनाउ चाहिएको खासमा एमाले र काङ्ग्रेसलाई मात्रै हो । नेपाल कमाउ पाइटी (मारवाडीकेन्द्र) लाई चुनाउ पिसाबको पहिरो भएको छ । किनकि सङ्गठन अझै सङ्ग्लिन र तङ्ग्रिन पाएको छैन । माथि माथि आकाशमा धाकधक्कु लगाए जस्तो तल भुइँमा सहज छैन । जनयुद्ध छोडेर धनयुद्धमा लागेको दल भएकाले चुनावी वातावरण आफ्नो पक्षमा सहजै आइहाल्ने अवस्था छैन । उता मधेशका महिषपालहरू पनि काँक्रो चिरेझैं विभिन्न चिरामा चिरिएका छन् । तिनीहरूका लाउकेलाई प्रभुले बोकेर मात्रै धान्न सक्ने अवस्था छैन । प्रजा र रैतिहरूले मरेको सिनोलाई उडुसले छोडेझैं छोडि रहेका छन् । त्यसैले चुनाउमा उनीहरूको हविगत झनै दुरुह बन्ने अवस्था छ । तसर्थ चुनाउ भाँड्नुमै उनीहरूलाई मजा छ । त्यसो गर्दा प्रभुको इच्छा पनि पूरा हुने र आफ्नो साख पनि बच्ने हुन्छ । पञ्चप्रेतहरूको पार्टी भर्खरै एउटै गोठमा हुलिएकाले उनीहरू एकाग्र भएर विचरण गर्न पाइसकेका छैनन् । उनीहरूको दाउ पनि पानी अझै फतफत हुनेगरी धमिलो होस् भन्न चाहन्छन् । तसर्थ उनीहरू पनि चुनाउलाई त्यति साह्रो मतलव राखेका छैनन् । यहिबेला नागार्जुनको जङ्गलमा धुनी जगाएर बसेको भूत सलवलाएर देश दौडाहामा लागेको छ । अरू स्याउरे मसानहरू भूतको जयगान गाउँदै उसलाई नचाउँदै छन् । यस्तो छ नेपाल मण्डलको चुनावी नौटङ्की खेल । नौटङ्कीको मौकामा चौका हान्दै चुनाउ गराउने ठेक्का लिएको आयोगले मतपेटिका खरीद र मतपत्र छाप्ने बहानामा कमिसनको कुम्लो कुटुरो कस्ने जोहोमा लागेको छ ।

चुनाउ त गराउने हो तर कस्तो प्रकारको गराउने हो भन्ने कुराको ठेलो टुङ्गो क्यै छैन । नयाँ बनाइएका स्थानीय तहको केन्द्र कस्लाई मान्ने, केन्द्र कहाँ राख्ने भन्ने कुरा नै टुङ्गिएको छैन । माथिबाट तोक्ने हो भने फेरी तल लफडा सुरु भएर झगडा हुनेवाला छ । यहिँनेर प्रभुले भाङ धतुरो हलिदिने छ र भाँडभैलो मच्चाइदिने छ । यसरी जे गर्दा पनि लफडै लफडा हुने पक्का पक्की भएपछि महामहिम सुप्रिमो मिस्टर प्रमलाई केही समय कुर्चीको आयु बढ्ने निश्चित छ । यसैमा उनको भलो हुने जोग परेको छ । धनयुद्ध केही समय फलिफाप हुने भएपछि मिस्टर सुप्रिमो भित्रभित्रै मखलेल भएर हेलिकोप्टर चढेर रिवन काट्न र रैतिहरूलाई प्रवचन दिएर देश विकास गर्न दौडाहामा लाग्ने छन् । त्यसरी नै नेपालको विकास हुनेछ र आर्थिक क्रान्ति पूरा भई समाजवाद पूरा हुनेछ । *१५ फागुन २०७३*

kailubraha73@gmail.com

‘प्रचण्ड–बाबुराम’ समूह पछ्याउँदै विप्लव समूह !

●ऋषिराज बराल

दुई वर्षअघि नेपाल कम्युनिस्ट पार्टी-माओवादी (हाल क्रान्तिकारी माओवादी) बाट सम्बन्ध विच्छेद गरेर ‘एकीकृत क्रान्ति’को नारा बोकेर हिँडेको विप्लव समूहका नामले पचिरित नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले भर्खरै आफ्नो पार्टीको पहिलो महाधिवेशन सकेको छ ।

विप्लवले रहस्यमय किसिमले कमरेड किरणको नेतृत्वमा रहेको माओवादी पार्टी किन त्यागे, त्यसको सरोफोरोमा सम्बन्ध र सन्दर्भलाई लिएर के-कस्ता प्रश्नहरू उठेका थिए, नयाँ पार्टी बनाएपछि उनले के भने, के गरे इतिहासका सन्दर्भमा यसको चर्चापरिचर्चा भइरहने भए पनि यहाँ अहिले यो सन्दर्भ चर्चाको विषय होइन । उनको पार्टीको संघर्षको स्वरूप र चरित्रले बर्नस्टिन प्रवृत्तिलाई प्रतिनिधित्व गरे पनि अन्य माओवादी घटकको तुलनामा सडकमा विप्लव समूहले आफ्नो उपस्थिति जनाएको यथार्थलाई स्वीकार गर्नुपर्ने हुन्छ । संघर्षको साइनो र सन्दर्भ ‘आर्थिक जोहो’ सित जोडिएको भनेर टिप्पणी गरिए पनि राष्ट्रियता र जनजीविकाका मुद्दाहरूप्रति सो समूहको सापेक्षित चासो र क्रियाशीलता सकारात्मक पक्ष हो भनेर स्वीकार गर्नुपर्छ ।

नेपाल कम्युनिस्ट पार्टी-माओवादीसित सम्बन्ध-विच्छेद गर्दा उनले प्रस्तुत गरेको दस्ताबेजमा प्रस्तुत विचारका विविध पक्ष र क्रान्तिकारी तप्काबाट गरिएको वैचारिक तथा राजनीतिक पक्षहरूका साथै कार्यदिशालगायतका सन्दर्भहरूसम्बन्धी संश्लेषण सही रहेछ भन्ने कुरा अब आएर प्रस्ट भएको छ । थुप्रै विषयमा प्रश्न उठेका भए पनि मूलतः विप्लवले माओवादको न्यूनीकरण गरेको र नयाँ जनवादी क्रान्तिको कार्यदिशा छोडेको भनेर निकालिएको निष्कर्ष यहाँसम्म आउँदा साबित भएको छ ।

महाधिवेशनमा केही भाषागत परिमार्जन सामान्य थपघट होला, दस्ताबेजमा त्यति ठूलो फेरबदल हुने छैन, केन्द्रीय समतिले पेश गरेपछि बहस भए पनि नेतृत्वपंक्तिले चाहेको कुरा फेरिएको चलन छैन र त्यसलाई पास गराउन ताली पिट्न लगाइनेछ ने । फेरि विप्लव समूहमा तलबाट गहन वैचारिक बहस हुने र गर्ने स्थिति पनि देखिँदैन । त्यसैले एक हिसाबले त्यो पारित भइसकेको दस्ताबेज हो र महाधिवेशन एउटा प्रक्रिया पूरा मात्र हो भनेर बुझ्नुपर्ने हुन्छ ।

समग्र दस्ताबेज अध्ययन गर्दा महाधिवेशनको दस्ताबेज पार्टी सम्बन्ध विच्छेद गर्दाको दस्ताबेज भन्दा सारतत्वका दृष्टिले खासै फरक छैन, बरू कतिपय सन्दर्भमा यसले विचलनको दिशा समातेको छ । पहिले सन्ध्या भाषामा लेखिएका कुराहरू अहिले खुलेरै आएका छन् । शब्दजाल, छलछाम, वाक्छल, भाषाको भ्रमपूर्ण प्रयोग र एकअर्कामा बाभि्कने किसिमका सन्दर्भहरूले दस्ताबेज भरिएको छ तापनि हिजोभैंm अब विप्लव समूहले भ्रम दिनसक्ने स्थिति छैन । विप्लव समूहको गन्तव्यका बारेमा दस्ताबेजमा सबै कुरा खुलेर आएका छन् ।

दस्ताबेजमा थुप्रै विरोधाभासपूर्ण कुराहरू छन् । दार्शनिक तथा वैचारिक-राजनीतिक दृष्टिले त्रुटिपूर्ण कुराहरू छन् र केही कुराहरू निकै गम्भीर प्रकृतिका छन् । सबैको विस्तृत र लामो विश्लेषण आवश्यक छ तापनि यहाँ सम्भव छैन । तल केही महत्त्वपूर्ण पक्षमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

१. पार्टीको नामबाट माओवाद हटाउने कुरा सरसरती हेर्दा त्यति ठूलो कुरा होइन, तर यो सम्पूर्ण कुरा हो । यही तर्कका आधारमा ‘ जनताको हित गर्ने हो, उद्देश्यबाट विमुख नभए भयो, ‘नेपाल जनता पार्टी’ नाम राखे पनि हुन्छ भन्न सकिन्छ । नाम परिचय अथवा रूप मात्र होइन, कम्युनिस्ट पार्टीमा नाम सारतत्व पनि हो । दस्ताबेजमा नाम हटाउने सन्दर्भमा जेजस्तो तर्क दिइएको छ, त्यो औचित्यपूर्ण र चित्तबुझ्दो छैन । साम्राज्यवादले त कम्युनिस्ट पादावली मात्र होइन, सामान्य रूपमा समाजवाद पदावली पनि सुन्न चाहँदैन । यसको बदनाम गर्छ, जनताका आँखामा यसको आवश्यकता र औचित्त्वयबारे प्रश्न उठाउँछ, सिध्याउन खोज्छ । युरोपमा साठीदेखि असीको दशकमा यो रोगले विश्व कम्युनिस्ट आन्दोलनलाई नराम्रो गरी गाँज्यो । जसले साम्राज्यवादको हौवाबाट नाम फेरे अन्ततः ती नामसँगै हराएर गए, जसले अडान लिएर संघर्ष गरे,ती अगाडि बढे ।

‘माओवादी’ पुच्छरको आवश्यकता छैन भनेर प्रचण्ड-बाबुरामले एक दशकअघि नै नेपालदेखि अमेरिकासम्म पुगेर साम्राज्यवादलाई आश्वस्त पार्न खोजेका हुन् । माओवाद पुच्छर पनि होइन, सामान्य नाम मात्र पनि होइन, यो लोगो त हुँदै होइन, यो मूल्य हो र क्रान्तिकारिताको परिचायक हो, विशिष्ट चिनारी हो । यसले भिन्नै उदात्तता प्रदान गर्छ, दुस्मनले भ्रम सिर्जना गऱ्यो, जनतामा बदनाम पारियो भयो भनेर नामबाट माओवाद पदावली हटाउनु भनेको आफैंमाथि विश्वास नहुनु हो, यो निरासाभावको उपज हो । नाम फेर्ने सम्बन्धमा विप्लव समूले जुन तर्क अघि सारेको छ, यो एक हिसाबले पलायनता हो ।

दस्ताबेज पढिसकेपछि पहिले नामबाट माओवाद हटाउने र पछि विस्तारै कामबाट पनि माओवाद हटाउन खोजिएको त होइन भनेर प्रश्न उठाउनुपर्ने आधारहरू देखापर्छन् । दस्ताबेजमा माओ र लेनिनका बारेमा जे-जस्ता धारणा व्यक्त गरिएको छ, त्यहाँ प्रश्न उठाउनुपर्ने प्रशस्त ठाउँहरू छन् । बुझिने गरी नै अबको क्रान्तिमा लेनिन र माओ असान्दर्भिक छन् भन्न खोजिएको छ । यसबाट विप्लव समूहले विस्तारै पार्टीको निर्देशक सिद्धान्तकै रूपमा माओवादलाई बिदा दिन खोजेको र अहिले निर्देशक सिद्धान्तबाट नै माओवाद हटाउँदा कायकर्ता तहबाट प्रश्न उठ्ने भएकाले भोलिका लागि गरिएको कतै यो गृहकार्य त होइन ? भनेर प्रश्न उठ्नु र उठाउनु स्वाभाविक भएको छ । नाम हटाउने कुराले यसको गन्तव्यलाई सङ्केत गर्छ । वास्तवमा यो विचलनतर्फको यात्राका लागि पाइतो सराइ हो ।

२. दस्ताबेजका साथै महाधिवेशनको सेरोफेरोमा प्रकाशित विप्लव समूहका प्रकाशनमा पनि विप्लवले लेनिन र माओका लाइनसम्बन्धी यस्तै खाले तर्क गरेका छन् । लेख होस् अथवा दस्ताबेज उनको एउटै निष्कर्ष रहेको छ ः अब नेपालमा लेनिन र माओले देखाएको बाटोबाट क्रान्ति सम्भव छैन । यसका लागि उनको आफ्नै मनचिन्ते व्याख्या छ । क्रान्तिकारीहरूले नकारात्मकतामा पनि सकारात्मकता देखेर सचेतन प्रयासद्वारा क्रान्तिका लागि आवश्यक वैचारिक तथा भौतिक तयारी गर्छन् । तर संशोधनवादीहरू कतै पनि उज्यालो देख्दैनन् र आफ्नो मानसिकता र बुझाइलाई सहयोग पुग्ने गरी राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थितिको व्याख्या-विश्लेषण गर्छन् र त्यसैअनुरूप पार्टीको नीति र कार्यक्रम तयार गर्दै विचलनको यात्रा तय गर्छन् ।

विप्लवको भनाइ लेनिन र माओको बाटोमा हिँडेकाहरूबाट पेरू, नेपाल कतै पनि क्रान्ति सम्पन्न नभएकाले लेनिन र माओले देखाएको बाटो भन्दा नयाँ बाटो खोन्नुपर्छ भन्ने रहेको छ । निकै अगाडि पुगेको क्रान्ति किन सम्पन्न हुन सकेन, विचार र कार्यदिशामा समस्या हो अथवा नेतृत्व पक्षमा भन्ने कुराको वैज्ञानिक आधार र कारण खोज्नेतिर भन्दा विप्लवले लेनिन र माओको पछि लागेर फेरिएको समयअनुसार बाटो नलिएकाले क्रान्ति सम्पन्न हुन नसकेको निष्कर्ष निकालेका छन् र लेनिन र माओको बाटोलाई खारेज गरेका छन् । पार्टीको वैधानिक प्रकाशन ‘एकीकृत आवाज’ २०७३, माघ, पृ. ५मा उनले भनेका छन् ः ‘लेनिनको तरिकाले विद्रोह सम्भव देखिँदैन, माओको तरिकाले जनयुद्ध , त्यो पनि सम्भव देखिएन, सजिलै भनिदिउँ, त्यो पनि भएन, यसको बहस हुँदैजाँदा हामीले उपाय निकाल्दै संश्लेषण गर्यो –‘एककृित क्रान्ति’ ।’ यही कुरा दस्ताबेजमा पनि भनिएको छ । दस्ताबेजमा ठाउँठाउँमा नेपालको माओवादी आन्दोलन असफल भएको, पराजित भएको भनेर उल्लेख गरेका छन् । वास्तवमा नेपालको माओवादी आन्दोलन पराजित भएको पनि होइन, असफल भएको पनि होइन, यसले धक्का खाएको हो, हारेको होइन, असफल होइन, माओवाद असान्दर्भिक भएर पनि होइन, गलत भएर पनि होइन । यो नेतृत्व तहबाट गरिएको आत्मसमर्पणको उपज हो । वाह्य शक्तिको कारिन्दा बनेर यसलाई असफल बनाइको हो । अलि पछि गएर विप्लवले जनयुद्ध नै बेठीक भएकाले त्यो असफ भयो भने पनि आश्चर्य मान्नु पर्ने छैन । उनले यस किसिमको भाव पार्टी मुखपत्र ‘जनक्रान्ति’ मा व्यक्त गरिसकेका पनि छन् ।

३. पार्टी फुट हुँदाको दस्ताबेजमा विप्लवले पेरिस कम्युनदेखिको माओसम्मको समग्र इतिहास खारेज गरेका थिए । त्यसमा उनले नयाँ जनवादी क्रान्तिको आवश्यकता र सन्दर्भको कतै उल्लेख गरेका थिएनन् । यसलाई लिएर उनले ‘उत्तर-माओवाद’ को वकालत गरेको भनिएको थियो र यो सही पनि थियो । अहिले त्यसरी ठाडै नभने पनि सारतत्व उही छ । वास्तवमा माओवादले देखाएको बाटोबाट क्रान्ति नहुने भएपछि नेपाली क्रान्तिको न्युनतम कार्यक्रम नयाँ जनवादी क्रान्ति नहुनु स्वाभाविक थियो । शब्दजालमार्फत केही भ्रम दिन खोजे पनि विप्वलले नेपालमा नयाँ जनवादी कार्यक्रम असान्दर्भिक भनेर घोषणा गरेका छन् । पत्रिका ‘एकीकृत आवाज’ मा उनी भन्छन् ः ‘नेपाली क्रान्तिको राजनीतिक कार्यक्रम पनि नोलो जनवादी मात्र भनेर हुँदैन । यसको अर्थ हो, राजनीतिक कार्यक्रमलाई माथि उठाउनु । त्यसो गर्दा नेपाली राजनीतिक कार्यक्रम नयाँ जनवादसहित वैज्ञानिक समाजवादी हुनु सही हुन्छ ।’

सरसर्ती हेर्दा यो भनाइ सारसङ्ग्रहवादजस्तो देखिए पनि अबको नेपाली क्रान्तिका न्यूनतम कार्यक्रम समाजवाद नै हो भन्न खोजिएको हो । यसलाई दस्ताबेजमा यसरी प्रस्तुत गरिएको छ ः ‘अब नेपालको राजनीतिक कार्यक्रम नयाँ जनवादी नभएर वैज्ञानिक समाजवादी हुनु वैज्ञानिक र वस्तुवादी हुन्छ । वस्तुस्थितिले माग गरिसकेको राजनीतिक कार्यक्रम तय गरेर अगगाडि बढ्दा नै क्रान्तिको वरिपरि नयाँ मित्र र सहयोगी शक्तिको ध्रुवीकरण र मोर्चाबन्दी पनि फराकिलो भएर जानेछ । तसर्थ नेपालको आउँदो राजनीतिक कार्यक्रम वैज्ञानिक समाजवादी अपनाउनु सही छ ।’

यो भनाइ निकै अर्थपूर्ण छ, साथै गम्भीर पनि । यसबाट विप्लव समूहले नयाँ जनवाद खारेज गरेको कुरा पुष्टि हुन्छ । ‘वस्तुस्थितिले माग गरिसकेको राजनीतिक कार्यक्रम तय गरेर अगाडि बढ्दा नै क्रान्तिको वरिपरि नयाँ मित्र र सहयोगी शक्तिको ध्रुवीकरण र मोर्चाबन्दी पनि फराकिलो भएर जानेछ’, भन्ने भनाइले समाजवादी कार्यदिशा अँगालेको प्रचण्ड समूह र मध्यम वर्गलाई जोड दिने बाबुरामातिर सङ्केत गरेको कुरा सहजै बुझ्न सकिन्छ । यस अर्थमा विप्लव समूहको सहकार्य किरणतिर भन्दा ’’नयाँ मित्र र सहयोगी शक्तिहरू प्रचण्ड-बाबुरामसित हुने कुरा निश्चित छ । समयक्रममा यी ‘नयाँ मित्र र सहयोगी शक्तिहरू’ बढ्दैजानु स्वाभाविक छ ।

> अब माओवादी नामको सेरोफेरोसित एउटा ध्रुव प्रचण्डले नेतृत्व गरेको माओवादी केन्द्र हुन्छ र अर्को ध्रुव मोहन वैद्यले नेतृत्व गरेको क्रान्तिकारी माओवादी हुन्छ । विप्लव र बाबुरामको केन्द्र पनि अन्ततः प्रचण्डकेन्द्र नै हुनेछ । यसरी हेर्दा प्रचण्ड, बाबुराम र विप्लव एउटा ध्रुवमा र मालेमा र नयाँ जनवादी क्रान्तिका पक्षधरहरू अर्को ध्रुवमा उभिनेछन् ।
>
> ”

४. ‘उत्तर’ अवधारणा अर्थात् ’अन्त्य’को सिद्धान्तप्रति पनि विप्लव समूहको आकर्षण बढेको देखिन्छ । फ्रान्सेली राज्यक्रान्तिले अघि सारेका भौतिकवादी आधुनिक मूल्यमान्यता र यसलाई समृद्ध पार्ने मार्क्सवादका विरुद्ध दार्शनिक, वैचारिक र व्यावहारिक तहमा साम्राज्यवादले अघि सारेको अन्त्यको सिद्धान्त ‘उत्तरवाद’ लाई स्वीकार गर्दै विप्लव समूहले ‘उत्तरसाम्राज्यवाद’ (post-imperialism) वकालत गरेपछि यसले अन्योल मात्र उत्पन्न नगरी अचम्मै मान्नुपर्ने स्थिति उत्पन्न भएको छ ।

साम्राज्यवादले नित्सेलाई अंकमाल गर्दै शून्यवादको सहारा लिएर सबै कुराको अन्त्य भयो, ‘उत्तर‘ (post) भयो भन्यो । यसले पदार्थ र चेतनासम्बन्धी वैज्ञानिक मान्यतामाथि धावा बोल्यो । यथार्थको अन्त्य भयो, मार्क्सवादको अन्त्य भयो भन्यो । यसले ‘उत्तर-मार्क्सवाद’लाई अघि सार्‍यो । ‘उत्तर’ अर्थात् अन्त्यको सिद्धान्त प्रयोग गर्दै उपनिवेशवाद पनि अन्त्य भयो, साम्राज्यवाद पनि अन्त्य भयो, अर्थात् ‘ उत्तर’ भयो भन्यो र ‘उत्तर-उपनिवेशवाद’ र ‘ उत्तर-साम्राज्यवाद’ को धारणा अघि सार्‍यो । ‘ उत्तर’ अवधारणालाई मार्क्सवादको अन्त्यसित मात्र जोडेन, साम्राज्यवादको अन्त्यसित पनि जोडेर यसले आफ्ना आततायी र आतङ्कारी व्यवहारमाथि पर्दा लगाउन खोज्यो । जसरी ‘उत्तर-मार्क्सवाद’ को अर्थ आजको मार्क्सवाद, फेरिएको मार्क्सवाद होइन, त्यसैगरी ‘उत्तरसाम्राज्यवाद’ भनेको साम्राज्यवादको ‘फेरिएको’ ’’पछिको वा पछिल्लो’ चरित्र होइन, बरु साम्राज्यवादको अन्त्य भयो, यो ‘उत्तर’ (post) भयो भनिएको हो । संसारभरिका मार्क्सवादीहरूले बुझेको र व्याख्या गरेको सत्यतथ्य यही हो । यसो नभएर कसैले ‘ उत्तरमार्क्सवाद’ भनेको अहिलेको मार्क्सवाद हो र ‘उत्तरसाम्राज्यवाद’ भनेको अहिलेको साम्राज्यवाद हो भनेर अड्डी कस्छ भने लेनिनले के गर्ने ? मा भन्नुभएझैँ ‘धापैतिर लाग्नसमेत तपाईहरू स्वतन्त्र हुनुहुन्छ’ भन्नुपर्ने हुन्छ ।

जानेर होस् अथवा नजानेर विप्लको लेखन र कथनमा यो सन्दर्भले निरन्तर ठाउँ पाएको छ । कहिलेकाहीँ भूलले अथवा बुझाइमा रहेका समस्याले यस्ता विरोधासपूर्ण र गलत पदावलीको प्रयोग हुन्छ । मार्क्सवादी त्यो हो, जो आफ्ना गल्तीबाट सिक्छ, जो गल्ती सच्याउन उत्साहित र तत्परता देखाउँछ । गल्तीकमजोरी महसुस गरेर सच्याउनु तथा सुधार्नु, सानो हुनु र कमजोर देखिनु होइन, बरु मार्क्सवादप्रति प्रतिबद्धता जनाउनु हो । असली मार्क्सवादीले अहंका रूपमा लिएर कालोलाई रातो भनेर जिद्दी गर्दैनन् । पदावलीका आधारमा भन्दा विप्लवको चिन्तनलाई साम्राज्यवादपरस्त बुझाइ भन्न सकिन्छ ।

अवश्य पनि हो, साम्राज्यवाद हिजोको जस्तो छैन, तर ‘उत्तर’’ (post) भएको छैन । आजको वित्तीय पुँजीवाद हिजोको भन्दा झन् खतरानाक मिसनमा छ ।

५. विप्लव समूहको दस्ताबेजमा दुईलाइन संघर्षबारे पनि भ्रमपूर्ण धारणहरू आएका छन् । मार्क्स-एङ्गेल्स स्थापित, लेनिनद्वारा विकसित र माओद्वारा समृद्ध बनाइएको दुईलाइन संघर्षसम्बन्धी सैद्धान्तिक मान्यतालाई दस्ताबेजमा खारेज गरिएको छ र ‘चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति’को मूल्यमाथि धावा बोलिएको छ । पार्टीमा आफू खुसी गर्न, पेतोफी क्लबमा पार्टीलाई परिणत गर्न एक समय बाबुरामले अघि सारेको धारणाको पक्षमा उभिनु भनेको बाबुरामलाई गुरु थाप्नु हो । यो गम्भीर विचलनको द्योतक हो । यसले विश्वदृष्टिकोणमा देखापर्ने भिन्नता, पदार्थ, चेतना र प्रतिविम्बनसम्बन्धी मार्क्सवादी मान्यतालगायत पार्टीको गति र जीवन सम्बन्धी माओले अघि सार्नुभएको मान्यतालाई खारेज गर्छ र पार्टीमा देखापर्ने अन्तर्विरोध र मतभेदलाई नितान्त व्यक्तिगत धारणामा सीमितीकरण गर्छ । साथै यसले विपरीतहरूको एकत्त्व र एकको दुईमा बिभाजनसम्बन्धी माओवादी मूल्यलाई खारेज गरेको छ । दस्ताबेजमा लेखिएको छ ः ‘विपरीतको संघर्ष र दुईलाइन संघर्ष एउटै बुझ्ने तरिका सही हुने देखिँदैन । पार्टी जीवनका लागि विपरीतको अस्तित्व अनिवार्य हो, तर दुईलाइन संघर्ष अनिवार्य होइन । अर्थात् दुईलाइन संघर्ष र विपरीतको एकत्व एउटै नभएर फरकफरक पक्ष हुन् । पार्टीमा विपरीतको अस्तित्व भन्नाले सहजातीय या सहवर्गीय विचारबीचको प्रतिस्पर्धा र अनुसन्धान हो तर विपरीत विचार पार्टीको विभाजन वा विघटन हो । त्यो सँगसँगै लामो समय रहनसक्ने विषय होइन । एकले अर्कोलाई परास्त गर्ने विषय हो ।’

दुईलाइन संघर्ष सम्बन्धमा माओवादी मान्यतालाई खारेज गर्दै आएको यस किसिमको भनाइ साँच्चिकै गम्भीर छ । यसले मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादको आधारभूत सिद्धान्त र व्यवहारको निषेध गर्छ । पार्टीमा देखिने दुईलाइन संघर्ष कहिले खुला देखिने र कहिले सेती नदीझैँ भित्रभित्रै बगिरहेको हुन्छ भन्ने भनाइलाई निषेध गर्छ । यसको लामो व्याख्या आवश्यक छ तर, यहाँ सम्भव छैन । ‘रिम’ को प्रकाशन ‘ए वर्ल्ड टु विन’ मा ‘एल डियारियो इन्टरनेशनल’का सम्पादक आर्क बोर्जालाई १९९५ मा केजेएले ‘ दिएको जवाफ ‘अन दि माओइस्ट कन्सेप्ट अफ टु लाइन स्ट्रगल’ पढ्न विप्लव समूहका नेताहरूलाई अनुरोध गर्छु । दुईलाइन सम्बन्धी धारणाले पार्टीमा विचारको न्यूनीकरण मात्र गरेको छैन, क्रान्तिकारी पार्टीको आधारभूत चरित्रमाथि पनि प्रश्न उठाएको छ ।

६. माओको मृत्युपछि चीनमा भएका परिघटनाहरूलाई लिएर क्रान्तिकारीहरूले चीनमा प्रतिक्रान्ति भएको ठहर गरे र विश्वमा समाजवादी मुलुक नभएको निष्कर्ष निकाले । खास भोगौलिक अवस्थाका कारण खास मुलुक साम्राज्यवाद विरोधी हुनसक्छ तापनि विश्वमा समाजवादी मुलुक नरहेको ठहर माओवादीहरूको रह्यो । साम्राज्यवाद तथा विस्तारवादसित लड्दा उसबाट प्रताडित कुनै पनि मुलुकले अर्को प्रताडित मुलुकप्रति सकारात्मक धारणा राख्ने एउटा कुरा हो र त्यसलाई समाजवादकै रूपमा हेर्ने कुरा अर्कै हो । जस्तो दस्ताबेजमा लेखिएको छ, ‘ आफ्नै विशेषतामा भए पनि चीन, उत्तरकोरिया, क्युवा, भियतनाम आदि देशहरूले ‘समाजवादी सत्ता’ सञ्चालन गरिरहेका छन् भने कैयौँ देशमा साम्राज्यवाद विरोधी समाजवादी पार्टीहरूको सरकारको नेतृत्व गरिरहेका छन् ।’

यो भनाइ विश्वका क्रान्तिकारीहरूको ठहरभन्दा फरक भनाइ हो । यसले राज्यसत्ताका सम्बन्धमा मालेमावादी मान्यतालाई अस्वीकार गर्छ । मालेमाका आधारभूत मान्यताभित्र रहेर व्याख्या गर्दा दस्ताबेज यस सन्दर्भमा मालेमाको विपक्षमा उभिएको छ । वास्तवमा यो उपभोक्तवादी दक्षिणपन्थी सोचाइ हो ।

७. नेपालमा कम्युनिस्ट पार्टीको स्थापनाको दिनलाई लिएर केही विवाद भए पनि माओवादीरूले मान्दैआएको स्थापना दिन अप्रिल २८, २००६ अर्थात् वैशाख १० हो । इतिहासकार सुरेन्द्र केसीलगायत कतिपयले १५ सेप्टेम्बरलाई मानेका छन् । दस्ताबेजमा दुवै मितिभन्दा फरक लेखिएको छ ः ‘नेपालमा सन् १९४९ डिसेम्बर २२ मा भारतको कलकत्तामा नेपाल कमयुनिस्ट पार्टी गठन भयो ।’ यसको आधार दस्ताबेजमा दिइएको छैन । तथ्यहरूका आधारमा हेर्दा यो भनाइ गलत साबित हुन्छ । अप्रिल २८, १९४९ अर्थात् वैशाख १०, २००६ लाई नै नेपालमा कम्युनिस्ट पार्टी स्थापना दिवस मान्नु सही हुन्छ ।

८. यताका दिनहरूमा नेपालको कम्युनिस्ट आन्दोलनमा वर्गीय प्रश्नलाई भन्दा जातीय प्रश्नमा ध्यान दिइएको कारण आन्दोलनमा गतिमन्दता आएको कुरा सार्वभोम सत्य हो । वर्गीय प्रश्नलाई बेवास्ता गर्दा कम्युनिस्ट नारा, धारणा र आन्दोलन पछि परेको छ र साम्राज्यवादलाई आफ्नो एजेन्डालाई अगाडि ल्याउन सहज भएको छ । विप्लवका व्यक्तिगत धारणामा यसमा केही प्रस्टता पाइए पनि दस्ताबेज भने यस मामिलामा प्रस्ट छैन । दस्ताबेजमा लेखिएको छ ः ‘जातीय मुक्तिलाई सुनिश्चित गर्न देशलाई संघीय संरचनामा राखिनेछ भने देशको राज्यव्यवस्था वैज्ञानिक समाजवादी रहनेछ । कुनै पनि राष्ट्रले अधिकार हनन र उत्पीडनको महसुस गरेमा आत्मनिर्णयको अधिकार प्राप्त गर्न सक्छन् ।’

यो भनाइ आफैंमा विरोधाभासपूर्ण छ । नेपालका राष्ट्रहरू (nations) को स्थिति र परिभाषा आफैंमा प्रस्ट छैन । विप्लव समूहले जसरी राष्ट्रहरूको स्वरूपलाई अघि सारेको छ, यो विवादास्पद छ र यसबाट उनलाई राष्ट्र (nation) बारे सामान्य ज्ञान पनि नभएको बोध गर्न सकिन्छ । दस्ताबेजमा नेपालमा १३ ओटा राष्ट्रहरूको उल्लेख छ ः १) क्षेत्री-ब्राम्हण, २) थारू, ३) मगर, ४) गुरुङ, ५) नेवार, ६) तामाङ, ७) अवध, ८) भोजपुरा, ९) मिथिला, १०) राई, ११) लिम्बु, १२) कर्णाली , १३) सेती-महाकाली खसान ।

माथिको विवरणले राष्ट्र (लबतष्यल)को परिभाषालाई समेट्दैन । साथै नेपालको सन्दर्भमा ‘आत्मनिर्णयको अधिकार’ सैद्धान्तिक साथै व्यावहारिक तहमा पनि वैज्ञानिक र सही छैन । रूसको विशिष्ट अवस्था र क्रान्तिको विशिष्ट चरणमा लेनिनले अघि सार्नुभएको र पछि स्टालिन र माओले त्यसको सान्दर्भिकता समाप्त भएको भनेर घोषणा गर्नुभएको ‘आत्मनिर्णयको अधिकार’ जस्तो घातक अवधारणाप्रति पनि विप्लव समूह पनि भ्रममा परेको देखिन्छ । वर्गीय प्रश्नभित्र नै सबै उत्पीडित जातजाति, क्षेत्र र लिङ्गको समस्या हल गर्नुपर्छ र गर्न सकिन्छ भन्ने कुरा बुझ्नु नै मार्क्सवादलाई बुझ्नु हो ।

९. कमरेड स्टालिनको विषयलाई दस्ताबेजमा महत्त्वका साथ उठाइएको छ । यो सही छ, आवश्यक छ । तर, माओ जसरी स्टालिनका पक्षमा प्रतिरोधका साथ उभिनुभयो, त्यसलाई न्यूनीकरण गर्न खोजिएको छ । माओले पनि स्टालिनको न्यूनीकरण गरेको भनिएको छ । दस्ताबेजमा लेखिएको छ, ‘माओले गरेको विश्लेषणलाई पनि क्रान्तिकारीहरूले पुर्नमूल्याङ्कन गर्नुपर्ने देखिन्छ ।’ माओ स्टालिनका पक्षमा, वहाँको प्रतिरक्षाका लागि कसरी उभिनुभयो भन्ने कुराका लागि ‘ महान् बहस’ अध्ययन गर्नु जरुरी छ । मनोगतवादी मूल्यांकनले होक्जावादको शरणमा पुर्याउँछ ।

१०. दस्ताबेजको समग्र अध्ययनपछि हिजोका झैं आज पनि कार्यदिशाको प्रश्न अन्योलग्रस्त र दिशाहीन रहेछ भनेर बुझ्न् सकिन्छ । सबैभन्दा महत्वपूर्ण प्रश्न नै यस्तो भएपछि यसको गन्तव्यबारे पनि अन्योल हुनु स्वाभाविक छ । कार्य दिशाका सन्दर्भमा एक हिसाबले विप्लब समूह अगाडिको बाटो प्रस्ट नभएको र पछाडि पनि फर्किन नमिल्ने सुरुङमा पसेको छ

अन्त्यमा

हिजो नेपाल कम्युनिस्ट पार्टी-माओवादीबाट सम्बन्ध-विच्छेद गर्दाभन्दा अहिलेको दस्ताबेजमा विचलनका आधारहरू बढी खुलेर आएका छन् । विप्लव समूहले माओवाद नाममा मात्र होइन, सारतत्वमा पनि त्यागेको, नयाँ जनवादी क्रान्ति र यससित सम्बद्ध पक्षलाई त्यागेको र समाजवादी कार्यदिशालाई न्यूनतम कार्यक्रम मानेको छ । ‘वस्तुस्थितिले माग गरिसकेको राजनीतिक कार्यक्रम तय गरेर अगाडि बढ्दा नै क्रान्तिको वरिपरि नयाँ मित्र र सहयोगी शक्तिको ध्रुवीकरण र मोर्चाबन्दी पनि फराकिलो भएर जानेछ ।’ यस भनाइले विप्लव समूहको गन्तव्य यात्रा र सहयात्रीहरूबारे आकलन गर्न सकिन्छ ।

कार्यदिशाको सन्दर्भमा हेर्दा विप्लव समूहको नयाँ निर्णय प्रचण्ड समूहको नजिक पुग्छ । विप्लवले संसद्वाद र अहिलेको संविधानको विरोध गरेका छन्, तर उनले नयाँ मित्र र सहयोगीको पनि कुरा गरेका छन् । यस अर्थमा कार्यदिशाका सन्दर्भमा प्रचण्डको नेतृत्वमा रहेको माओवादी केन्द्र उनको नजिक छ । साथै मध्यमवर्गप्रति विप्लवको आशक्तिले उनलाई बाबुरामको नजिक पुर्याउनु स्वाभाविक छ । यो दस्ताबेजका आधारमा विप्लव र मोहन बैद्यबीचको दूरी बढ्ने देखिन्छ र प्रचण्ड-बाबुरामसित ‘नयाँ मित्र र सहयोगी शक्तिको ध्रुवीकरण र मोर्चाबन्दी’को आधार तयार हुनथालेको देखिन्छ ।

यसरी हेर्दा अब माओवादी नामको सेरोफेरोसित एउटा ध्रुव प्रचण्डले नेतृत्व गरेको माओवादी केन्द्र हुन्छ र अर्को ध्रुव मोहन वैद्यले नेतृत्व गरेको क्रान्तिकारी माओवादी हुन्छ। विप्लव र बाबुरामको केन्द्र पनि अन्ततः प्रचण्डकेन्द्र नै हुनेछ । यसरी हेर्दा प्रचण्ड, बाबुराम र विप्लव एउटा ध्रुवमा र मालेमा र नयाँ जनवादी क्रान्तिका पक्षधरहरू अर्को ध्रुवमा उभिनेछन् । सारतत्व छोडी सकेपछि नामबाट मात्र होइन, निर्देशक सिद्धान्तबाट नै प्रचण्ड र विप्लवले माओवाद पदावली हटाउनु राजनीतिक इमानदारी हुनेछ ।

यस अर्थमा नेपालको माओवादी आन्दोलन निकै जटिल मोडमा छ । यो अहिलेको यथार्थ हो । दुई ध्रुवमा विभाजित यो आन्दोलनलाई क्रान्तिकारी धारको नेतृत्व गर्ने विश्वासका आधारहरू के मोहन बैद्यले निर्माण गर्लान् ? भन्ने प्रश्न उठ्नु पनि यतिखेर स्वाभाविक भएको छ । समयले यतिखेर आफ्नै टाउकामा आफैंले आगो लगाउने नेतृत्वको माग गरेको छ र इतिहासको निर्मम समीक्षाका साथ शुद्धीकरण र सुदृढीकरण अभियानसहित नयाँ क्रमभंगको माग गरेको छ । समाजवादी कार्यदिशालाई आधार मानेर विप्लवले ‘नयाँ मित्र र सहयोगी शक्तिको ध्रुवीकरण र मोर्चाबन्दी’को आह्वान गरेझैं अब मालेमा र नयाँ जनवादी क्रान्तिका पक्षधरहरू सामु पनि नयाँ मोचाबन्दी गर्नुपर्ने चुनौती आएको छ । हेरौं समय कसरी अघि बढ्छ ।

नेपाली समाजको वर्ग-चरित्र : एक विश्लेषण

❑ सीताराम तामाङ ❑

१) **मानव-समाज विकासबारे मार्क्सवादी दृष्टिकोण :**

द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादी विश्व दृष्टिकोण हो । यसका सिद्धान्तहरू सामाजिक जीवनको अध्ययनमा पनि विस्तार हुन्छ, सामाजिक जीवनका घटनाहरू, समाज र समाजको इतिहासको अध्ययन गर्नमा पनि प्रयोग हुन्छ । यसरी 'विस्तार र प्रयोग' हुने द्वन्द्वात्मक भौतिकवादलाई ऐतिहासिक भौतिकवाद भनिन्छ (१) एक वाक्यमा भन्ने हो भने समाज र समाज विकासको नियमहरूको अध्ययन ऐतिहासिक भौतिकवादले गर्दछ ।

प्रकृतिको विकासका नियमहरूजस्तै मानव समाज विकासका नियमहरू पनि बस्तुपरक छन् अर्थात मानिसको चेतनाबाट स्वतन्त्र छन् । तिनै बस्तुपरक नियमहरूले मानिसको चेतना र समाजको सदस्यहरूको कृयाकलापलाई पनि निर्धारित गर्दछन् । तसर्थ मानिसले विज्ञान, कला, दर्शन, आदिमा संलग्न हुनु भन्दा पहिले खाने, पिउने, लगाउने र बस्ने बासका लागि काम गर्नु र भौतिक सम्पत्तिको उत्पादन गर्नु आवश्यक पर्दछ । जीवन यापनका लागि नभइ नहुने साधनहरूको उत्पादन र तदनुसार समाजको आर्थिक विकासको प्रत्येक निश्चित स्तरले त्यस आधारको सृजना गर्दछ जसबाट तत्कालीन मानिसको राजकीय संस्थाहरू, न्यायिक दृष्टिकोण र अझ धार्मिक धारणाहरू समेत विकसित हुन्छन् (२)। मार्क्स-एंगेल्सले विविध सामाजिक सम्बन्धहरूमध्य आर्थिक र उत्पादन सम्बन्धले मुख्य र निर्णयक भूमिका खेल्ने 'सामाजिक-आर्थिक संरचना'को (Socio-Economic Formations) अवधारणा सूत्रबद्ध गरे जस्को अर्थ सामाजिक (वैचारिक, आर्थिक, पारिवारिक, आदि) घटना र प्रकृयाहरूको जोड (combination) हो । समाज विकास भनेको नै एउटा 'सामाजिक-आर्थिक संरचना'को स्थानमा अर्को, अझ बढी विकसित 'संरचना'को नियमित परिवर्तन हो । जस्तो कि आदिम साम्यवादी समाजबाट दास-समाज,सामन्ती-समाज, पुँजीवादी-समाज, समाजवादी-समाजतर्फ मानव-समाजले गरेको प्रगति सामाजिक जीवनका आर्थिक अवस्थाहरू (ऐतिहासिक विकासको अवस्था कुनै पनि किन नहोस्) मुख्यतः भौतिक उत्पादनमा पर्दछ । भौतिक उत्पादन सन्चालन गर्ने मानिसको समाज नै मुख्य उत्पादक शक्ति हो भने उत्पादन प्रकृयामा मानिसका बीच स्थापित हुने सम्बन्धलाई उत्पादन सम्बन्ध भनिन्छ । प्रत्यक 'संरचना'मा समाजको मुख्य वर्गहरूको वीच हुने उत्पादन सम्बन्धले निर्णायक भूमिका खेल्छ । यसरी मानव समाजको विकासको एक निश्चित स्तरमा उत्पादक शक्तिहरू र उत्पादन सम्बन्धलाई मिलाएर उत्पादन प्रणालीको विशेष 'संरचना' बन्दछ । यसै आधारमा वर्तमान समाजको उत्पादक शक्ति र उत्पादन सम्बन्धले सृजना गरेको 'संरचना' अर्थात अर्ध-सामन्ती तथा अर्ध/नव औपनिवेशिक अवस्थाको बारेमा छलफल गरिनेछ ।

२) **वर्तमान नेपालको सामाजिक-आर्थिक संरचना** (Socio-Economic Formation)

अर्ध-सामन्ती तथा अर्ध/नव औपनिवेशिक अवस्था :

क) अर्धसामन्ती : समाज विकासको एउटा काल खण्डमा आन्तरिक अन्तरविरोधको कारण सामन्तवादको अन्त्य भई पुँजीवादको उदय हुन्छ । युरोपमा इसाको अठारौं शताब्दीको अन्ततिर सामन्तवाद ढलेर पुँजीवादको विकास भएको थियो । यता नेपाल खाल्डोमा पनि त्यस बखत घरेलु उद्योग र विदेशसितको व्यापारले गर्दा पुँजीवादको (merecantile Capitalizm) विकास हुन लागेको थियो । त्यस्तो स्थितिमा पृथ्वी नारायण शाहको नेतृत्वमा रहेको गोखाली आक्रमणबाट नेपालभित्र गृहयुद्ध थालनी भयो । गृहयुद्धबाट आर्थिक विकास रोकिन गयो र शाह वंशीय शासनले सामन्ती शोषण तीव्र पार्‍यो । त्यसैले सामन्तवाद नै सुदृढ हुँदै गयो र पुँजीवादको विकास पछि पर्न गयो । पछि विस्तार-विस्तारै नेपालको सामन्ती समाजमा ब्यापारिक बस्तु उत्पादन गर्ने अर्थतन्त्रको विकास सुरु भएर क्रमसः पुँजीवादको विकास हुन लागेको बेला जंग बहादुर राणाले राणाशासन स्थापना गरे । राणाशासकहरूले आफ्नो शासन टिकाई राख्न वृटिश साम्राज्यवादको इच्छा र आदेश पालना गर्न थाले । उनीहरूले नेपाललाई बृटेन र वृटिश-इण्डियाको तयारी मालको सुनिश्चित बजारमा परिणत गरे । उनीहरूले नेपालमा तिनका व्यापारी सामान र औद्योगिक उत्पादन बेरोकटोक प्रवेश गराउने र विभिन्न सहुलियत प्रदान गर्ने नीति लिए । यस्ता नीति र व्यवहारको कारण नेपालमा पुँजीवादको विकास रोकिन लगायो (माणिकलाल, २०६८ : ९८)।

दोस्रो विश्वयुद्धताकादेखि नेपालमा भारतीय व्यापारिक तथा औद्योगिक पुँजीको घुसपैठ र सन् १९५१ मा राणाशासन हटेपछि सामन्ती उत्पीडनका विरुद्ध किसान आन्दोलनको प्रभाव र राज्यस्तरबाट गरिएका सुधारका कारण पुरानो सामन्ती भूमि-सम्बन्धमा आंशिक परिवर्तन भएको र त्यसको मूलभूत चरित्र अर्ध-सामन्ती (Semi- Feudal) प्रकारको रहन गयो ।

- सिद्धान्ततः अर्ध-सामन्ती अवस्था भनेको सामन्ती उत्पादन सम्बन्ध नै हो । सामन्ती उत्पादन सम्बन्धमा पुँजीवादी उत्पादन सम्बन्धले (माल अर्थ व्यवस्था) प्रवेश पाएको र विस्तारको क्रममा रहेको अवस्थालाई अर्ध सामन्ती भनिन्छ । त्यसको बीचको एक मात्र अवस्था भनेको स्वभावतः संक्रमण अवस्था हो जहाँ सामन्ती र पुँजीवादी, दुबै व्यवस्थाहरूको विशेषताहरू गासिएका हरन्छन् । (Lenin, C,W,Vol-3,1977: 194)। यसलाई नेपाली कम्युनिस्ट आन्दोलनमा 'अर्धसामन्ती अवस्था' भनिएकोछ । (यसलाई गोविन्दप्र. लोहनीले अर्ध-सामन्ती तथा अर्ध-पुँजीवादी अवस्था भनेका छन्)। यो अवस्थालाई हामी निम्न पुँजीवादी अवस्था पनि भन्न सक्तछौं । राज्यस्तरबाट गरिएका भूमिसुधारका कार्यक्रमहरूले पुरानो सामन्ती भूसम्बन्धलाई केही खण्डित पार्ने काम गरे पनि त्यसले कृषिमा पुँजीवादी विकासलाई मद्दत पुर्‍याएन । कृषिमा पुँजीको प्रवेशलाई 'एक कुशल बजार-केन्द्रित लाभदायक आर्थिक गतिविधि' मानेर नै अघि बढाइन्छ । पुँजीवादको विकासले कृषिलाई बजार-भाउमाथि निर्भर र माल-उत्पादनको सामान्य प्रणालीको अधीन गरिब किसानको जीवन आधार बनाई दिन्छ । बजार-भाउकै कारण ग्रमिण पुँजीपति वर्गको (जमिनदार र धनी किसान) आम्दानी बढ्ने र गरिब किसानको खेतीबाट हात धुनु पर्ने स्थिति बन्दछ । अर्को शव्दमा भन्ने हो भने कृषिमा पुँजीवादी विकास भनेको प्रथमः सामन्तवादी उत्पादन सम्बन्धलाई खत्तम गरी वृहत स्केलको ब्यवसायिक (पुँजीवादी) खेती र औद्योगिकरण । द्धितीयः किसानीबाट जनसंख्याको द्रुततर कटौती । तर नेपालमा सन् १९६२ मा ९४ प्रतिशत, सन्१९९० मा ८५ प्रतिशत र २०११ मा ६६ प्रतिशत (६६ सकृय+१६ आश्रित = ८२ प्रतिशत) जनसंख्या कृषिमा संलग्न देखिन्छ । (ता.नं. १) ।

> रेमिटेन्सको भरमा मुलुक टिक्नु यसका चारित्रिक विषेशता बनेकोछ । भूपरिवेष्ठित हुनुको परिणाम के भएको छ भने नेपालले वैदेशिक व्यापार र विकासमा बाँधा वेहोर्नु परेकोछ । नेपालको भूपरिवेष्ठित अवस्थाले गर्दा भारत भएर विश्वसँग स्वतन्त्र व्यापारसम्बन्ध बढाउन धैरै कठिनाई भोग्नु परेको छ । पुँजीवादी मुलुक भनेको औद्योगिक मुलुक हो, जसलाई अल्पविकसितको रूपमा व्याख्या गरिदैन ।

उक्त तालिका हेर्दा १९६० र १९७० को दशकमा भूस्वामित्वजस्तो थियो अहिले पनि करिब करिब उस्तैछ । ०.५ हे. भन्दा कम अर्थात १० रो. भन्दा कम जमिन हुने गरिब किसानको अनुपात १९६० मा ५५ प्रतिशत र १९७० मा ६३ प्रतिशत थियो भने २०११ मा ५२ प्रतिशत देखिन्छ । ५२ प्रतिशत गरिबको भागमा १९ प्रतिशत जमिन, ०.५ देखि २.० हे. सम्म जमिन हुनेको भागमा ५७ प्रतिशत र २.० हे. भन्दामाथि जमिन हुनेको भागमा २३ प्रतिशत जमिन देखिन्छ । ६० र ७० को दशकबाट अहिले सम्मको तुलनात्मक अध्ययन गर्दा थोरै तलमाथि भए पनि खासै परिवर्तन देखिदैन ।

- पछिल्लो कृषि प्रवृत्ति निराशाजनक छ । झट्ट हेर्दा सहर आसपास र सडक छेउछाउमा कृषिमा व्यवसायिकरण भएकोछ । कृषिको निर्वाहमुखी सामन्तवादी सम्वन्धमा थोरै परिवर्तन आएर पुँजीवादी व्यावसायिक प्रकृतिको खेतीपाती बढ्दैछ । तर सरकारी तथ्यांक केलाएर हेर्दा औपचारिक भूमिसुधार कार्यान्वयन (२०२१) भएको अहिले पचास वर्षमा आइपुग्दा कृषिक्षेत्रको व्यावसायीकरणको प्रवृत्तिमा खासै परिवर्तन आएको देखिदैन (भट्टराई २०७२ (२०१५) (ता.नं. २ र ३) । तालिका नं. २ ले ग्राहर्स्थ्य उत्पादनमा कृषि र उद्योग क्षेत्रको योग्दान घट्दो क्रममा देखाएको छ भने सेवा क्षेत्रको योग्दान बढ्दो क्रममा देखिन्छ । (३) कृषिमा बहुसंख्यक श्रमशक्ति (६१ प्रतिशत स्वरोजगार, ३ प्रतिशतले ज्याला लिन्छ) खपत देखिन्छ तर अन्य क्षेत्रको तुलनामा यसको उत्पादकत्व न्यून छ (NLSS-iii/2010-11)। ग्राहर्स्थ्य उत्पादनमा कृषिको योगदान ३१.६ प्रतिशत छ । त्यसमध्ये व्यावसायिक खेतीबाट १० प्रतिशत योगदान देखिन्छ (ता.नं.३)। यसबाट पुँजीवादी उत्पादन सम्बन्धको विकास कमजोर देखाउँछ । ग्राहर्स्थ्य उत्पादनको मूल समस्या के छ भने यो बजारको माप दण्डहरूमा आधारित छ जब कि नेपालको ग्रामिण अर्थतन्त्र अझै पनि निकै मात्रामा बजार बाहिर धानिएर पुनर्उत्पादन भइरहेकोछ (डा.मेरी डेशेन, २०७१.२७) ।
- पुँजीवादी खेती गर्नका लागि अलि ठूलो आकारको जमिन चाहिन्छ । तर अहिलेको भूमि वितरणले त्यसतो देखाउँदैन । तालिका नं.४ ले के देखाउँछ भने जमिनको अधिकांश भाग भूस्वामी जोताहाकै भागमा छ । १९७१ मा ८१.० प्रतिशत किसानले आफ्नो जमिन आफै जोत्थे भने २०१० मा त ८४.० प्रतिशत किसानले जोतेको देखिन्छ । यसबाट आज पनि कृषि निर्वाहमुखी नै देखिन्छ । सन् १९७० मा भूस्वामी तथा मोही १४.६ प्रतिशत थियो भने २०१० मा ११.९ प्रतिशत छ । मोही जोताहाको पनि अनुपात उस्तैछ । NLSS (२०१०) ले अरुको जमिन भाडामा लिने परिवार ३१ प्रतिशत देखाएकोछ तर कमाउने तरिकामा खासै फरक देखिदैन । सन् १९७१ मा जोतको प्रकृति अधियाँ/बटैयाप्रथा ६६ प्रतिशत थियो, अहिले त झन ६८ प्रतिशत पुगेको छ । अधियाँ/बटैया प्रथा अर्धसामन्ती सम्बन्धको अभिव्यक्ति हो । पुँजीवादी भूमि सम्बन्धमा यस्तो हुँदैन, मनी रेण्टको (पैसा शुल्क) कारोबार हुन्छ । तर १९७१ मा मनी रेण्टको अनुपात १० प्रतिशत थियो, अहिले उल्टो ९ प्रतिशतमा झरेकोछ (भट्टराई, २०७२ :४५) । (४) यसबाट कृषि क्षेत्रमाएक प्रकारको स्थिरता देखिन्छ, खासै परिवर्तन आएको देखिदैन । निर्वाहमुखी खेतीपातीले ६० प्रतिशत जनतालाई आफ्नो उत्पादनले खान पुग्दैन । यसले कृषि क्षेत्रमा पुँजीवादको विकास होइन, बरु अत्यन्तै पिछडिएको संकेत गर्दछ ।
- पुँजीवादका लागि आवश्यक शर्तमध्य मुख्य आद्योगिक करण हो । पञ्चायतले दोस्रो योजनाकालदेखि (२०१९-२०२२) नै अर्थ थन्त्रमा संरक्षणको नीति अपनाएको थियो र यो नीति सातौं पञ्च बषिय योजनासम्मै (२०४२-२०४७) लागुरह्यो । यही अवधिमा सोभियत संघ र चीन सरकारको सहयोगमा वीरगञ्ज सुगर मिल्स, जनकपुर चुरोट कारखाना, कृषि औजार कारखाना, भृकुटी कागज कारखाना, आदि जस्ता ११ वटा आधारभूत कारखानाहरू स्थापित गरिए । सरकारी प्रयास र अन्य दात्रि राष्ट्रहरूको आर्थिक अनुदानमा थुप्रै सरकारी-अर्धसरकारी संस्थाहरू खुले विश्व बैंक र आइ.एम.एफ.को निर्देशनमा आठौं योजनाबाट 'ढाँचा गत समायोजन कार्यक्रम लागु 'गरिएपछि संरक्षणवादी औद्योगिक नीति पूर्णतः परित्याग गरियो । फलतः उदारवादी खुल्ला आर्थिक नीतिको नाममा सार्वजनिक क्षेत्रका उद्योगहरू ध्वस्त परिए । यसरी पञ्चायतकालमा भएको उद्योगधन्दालाई निजीकरणको नाममा कौडीको दाममा बेचिए पछिको अहिलेको (२०१०/११) अवस्थामा ४५५२ उद्योग (०: ०१६ प्रतिशत) र ४१२८१३ मजदुर; देखिन्छ । यसले के देखाउँछ भने (ता.ने ५) नेपालमा औद्योगिक वृद्धि सुस्त गतिमा (१.५५ प्रतिशत) छ ।
- कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्नका लागि आधुनिक साधन, उन्नत बिऊ र रासायनिक मलको प्रचुर प्रयोग हुन पर्दछ । सरकारी तथ्यांक हेर्दा खेतीपातीमा परम्परागत हलोकै (५२ प्रतिशत) बढी प्रयोग भएको देखिन्छ । ट्रयाक्टर (१ प्रतिशत) र टिलर (१ प्रतिशत) ले प्रयोग गरेका छन् । उन्नत बिऊ र रासायनिक मलको प्रयोग पनि आवश्यकता भन्दा धेरै कम प्रयोग गरेको देखिन्छ ।
- कृषिको व्यवसायीकरण गर्नका लागि राज्य र वित्तीय व्यवस्थाको जरुरी पर्दछ । NLSS (२०११) अनुसार ५३ प्रतिशत ऋण छिमेकी र नातागोताबाट लिएको देखिन्छ, साहु मजदुरबाट २६ प्रतिशत र बैंकबाट २१ प्रतिशत मात्र लिएको देखिन्छ । बैंकिङ कारोवारसँग नजोडिइकन कृषिको आधुनिकीकरण हुनसक्तैन । (ता.नं.६) ।
- देशको औद्योगिक उत्पादन र निकासीले पुँजी निर्माणमा महत्वपूर्ण भूमिका निभाउँछ । सन् १९५६।५७ देखि नै नेपालीको व्यापार निर्यात तर्फ ऋणात्मक रहदै आएको देखिन्छ (ता.नं.७) नेपालको आर्थिक उत्पादनको आधार औद्योगिक प्रणाली होइन कृषि नै हो भन्ने बताउँछ । यसले नेपाल पुँजीबादीकरणतिर नभएर औपनिवेशिकरणतिर तीव्र गतिमा बढेको देखिन्छ । हाम्रो विदेशी व्यापार भारतसँग सबैभन्दा बेसी छ र व्यापार घाटा पनि उसैसँग छ । नेपालको व्यापार स्थिति २०१३।१४ मा कुल आयात र कूल निर्यातको अनुपात ९ : १ थियो । कुल आयातमध्ये कृषि उत्पादनको आयात रु ६६१७६४ (रु दश लाखमा) र कुल निर्यातमध्ये कृषि उत्पादनको निर्यात रु १८०५०.३ (रु दश लाख) थियो (ता.नं.८) ।
- सन् १९६१/६२ मा जमिनको औसत स्वामित्व १.११ हे.थियो भने सन् २०११/१२ मा घटेर ०.६६ हे. भएकोछ । जमिनको स्वामित्वको बढ्नुको कारण जनसख्या वृद्धि, पारिवारिक विभाजन र शहरीकरणले गर्दा घडेरी खरिद विकृले तीव्रता पाउनु हो । सन् १९६१/६२ देखि २०११/१२ सम्मको तथ्यांकले जमिनको स्वामित्वको विभाजन खेतीयोग्य जमिनसँग नभएर घरघडेरीसँग बढी सम्बन्धित देखाउँछ (ता.नं.९)।
- कृषि श्रमिकहरूको अवस्था बदतर रहेकोछ । सरकारी आँकडाले (ता.नं.१०) अधिकांश किसान परिवारले कृषि श्रमिक लगाएको देखिदैन । स्वरोजगारको संख्या १९९१/९२ मा ६४.२ प्रतिशत थियो भने २०१०/११ मा ६१.३ देखिन्छ । स्थायी कृषि श्रमिक राख्ने परिवारको संख्या १९९१/९२ मा १.४ प्रतिशत र २०१०/११ मा २.८ देखिन्छ भने स्थायी र अस्थायी लगाइने श्रमिक क्रमशः ३.९ र ४.० प्रतिशत देखिन्छ । अस्थायी (occasional) प्रकृतिको कृषि श्रमिक भने १९९१/९२ मा ३०.३, (२००१०२) मा ३१.१ र २०१०/११ मा ३८.० प्रतिशत देखिन्छ । कृषि श्रमिकहरूको रोजगारीको यो ढर्राले के देखाउँदछ भने नेपालको कृषि उत्पादन प्रणाली अझै पनि प्रक-पुँजीवादी सम्रचनाभन्दा बाहिर निस्केको छैन ।
- पञ्चायतको राजनीति जमिनदारकै नेतृत्वमा चलेको थियो भने कर्मचारी, सेना र अदालतको नेतृत्व पनि जमिनदार वर्गबाटै आएका एलिटहरूले चलाएका थिए । पञ्चायतको विरोध गर्ने कांग्रेस र कम्युनिस्टहरूले प्रजातन्त्र आएपछि भूमिसुधारबाट किसानलाई भूमिअधिकार दिने नारा लगाएक थिए । तर १९९० को जनआन्दोलनपछिको प्रजातन्त्रमा त तिनै जमिनदारहरू पो कांग्रेस र कम्युनिस्टमा रातारात छिरे जसको कारण तराई-मधेशको आर्थिक शक्ति संरचनामा कुनै परिवर्तन हुन सकेन (बस्नेत,२०१५) । सन् १९९०मा पञ्चायत हटेर पुनस्थापित वहुदलीय ब्यवस्थाले गरेको आम निर्वाचनमा संसदमा ९५ प्रतिशत सांसदहरू जमिनदारवर्गकै अभिजातहरू (elites) नै पुगेका थिए जस्को कारण भूमिसुधार हुन सकेन, बरु परम्परागत जमिनदार-किसान सम्बन्ध नै कायम रह्यो । त्यसको एउटा उदाहरण : 'तत्कालीन शेरबहादुर देवाको सरकारले तराईमा ११ विघाको हदबन्दी तोकेको भूमिसुधार कार्यक्रम घोषणा गरेको थियो । तर लागु हुन सकेन । किनभने आफ्नै सरकारको मधेसी मन्त्रीहरू समेतका सांसदहरूबाट ठूलो विरोध भयो । एकजना सांसदले (सुरेन्द्र चौधरी) संसद्मा यस्तो भने 'यदि सरकारले भूमिसुधार लागु गर्ने हो भने मैले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको जमिनदारहरूको सेना संगठित गरेर कडा प्रतिवाद गर्नेछु' (पौडेल, २०७२ : ४७६)।
- जमिन माथिको सामन्ती सम्बन्ध खत्तम गर्ने नारासहित माओवादी जनयुद्ध (१९९६-२००६) सञ्चालित भयो । तर ऐतिहासिक जनआन्दोलन (२००६) पछि सरकारको नेतृत्व गरेको प्रचण्डले मधेसवादी सांसदहरूको विरोधको कारण भूमिसुधार कार्यक्रम संसदमा छलफलका लागि टेवल समेत गर्न सकेन ।

फ्राजर सुज्देनका अध्ययनहरूबाट अनुपस्थित र अर्ध अनुपस्थित जमिनदारहरूको कारण अर्धसामन्ती उत्पादन सम्बन्धले तराई क्षेत्रको पुरै कृषि विकासमा नकारात्मक प्रभाव परेको देखाएको छ (सुज्देन, २०१२)।

नेपालमा धार्मिक गुठी व्यवस्था सामन्तवादकै एउटा अंग हो गुठीको जमिन पहाडमा ५६२००० रोपनी र तराईमा ६६३५० विघा रहेको छ (गुठी संस्थान २०६५) । यो देशको ठूलो अनुपस्थित जमिनदार हो ।

NLSS (२०११)ले नेपालमा अनुपस्थित जमिनदारको जमिन २० प्रतिशत देखाएको छ ।

तिनै जमिनदारहरू आज अनुपस्थित र अर्ध-उपस्थित जमिनदारका रूपमा किसानहरूबाट अधिया, ठेक्का, आदिको नाममा लगान असुल गरिरहेका छन् ।

- मुलुक धनी गरिब हुनुको निर्धारण उसको वार्षिक आम्दानीबाट खर्च कटाएर कति बचत हुन्छ । गाउँ घरमा जमिनदार/सुत खोरले आफ्नो आम्दानीको बचतबाट लगानी गरेको देखेकै छौं । तर नेपालको राष्ट्रिय बचत र लगानीको बीचमा खाडल क्रमिक रूपले बढ्दैछ । (ता.नं.११)। यसले अर्थतन्त्रको ऋणात्मक चित्र प्रस्तुत गरेको छ । मुलुले ३० प्रतिशत या सो भन्दा माथि बचत गर्न सक्दा मात्रै अर्थतन्त्र घनात्मक हुन्छ भन्ने कुरामा अर्थशात्री हरूको सहमति देखिन्छ ।

नेपाल भूपरिवेष्ठित र अल्प विकसित मुलुकः नेपाल भूपरिवेष्ठित मुलुकहरूमध्ये एक हो (एसियामा १०, ल्याटिन अमेरिकामा २ र अफ्रिकामा १४) जसको समुद्र-किनारा छैन । सं.रा. संघले नेपाललाई 'अति अल्पविकसित मुलुकहरूमध्ये अर्थात् विश्वका गरिब मुलुकहरूमध्ये सबैभन्दा गरिबको कोटीमा राखेको छ (UN,1985)। किन ? किनभने नेपाल भूपरिवेष्ठित हुनु र सबैभन्दा गरिब हुनुको गहिरो सम्बन्ध छ । ज्यादै न्युनस्तरको आर्थिक विकास दर, न्यूनस्तरको प्रतिव्यक्ति आम्दानी, जनसंख्याको ठूलो हिस्सा कृषिमा मुख्यतः निर्वाहमुखी कृषिमा निर्भर रहनु बेरोजगार व्यापक रहनु । रेमिटेन्सको भरमा मुलुक टिक्नु यसका चारित्रिक विषेशता बनेकोछ । भूपरिवेष्ठित हुनुको परिणाम के भएको छ भने नेपालले वैदेशिक व्यापार र विकासमा बाँधा वेहोर्नु परेकोछ । नेपालको भूपरिवेष्ठित अवस्थाले गर्दा भारत भएर विश्वसँग स्वतन्त्र व्यापारसम्बन्ध बढाउन धेरै कठिनाई भोग्नु परेको छ । पुँजीवादी मुलुक भनेको औद्योगिक मुलुक हो, जसलाई अल्पविकसितको रूपमा व्याख्या गरिदैन । क्रमशः

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको आम कार्यदिशाका सम्बन्धमा

(यताका दिनमा, खास गरेर नेपालको माओवादी आन्दोलनलाई गद्दारीपूर्ण किसिमले विसर्जन गरेपछि क्रान्तिकारीहरूको अन्तर्राष्ट्रियतावादी सङ्गठन (रिम) पनि निष्क्रिय छ र यो अब पहिलकै स्थितिमा चल्न सक्ने अवस्थामा छैन। साथै विचार र लाइन मिल्नेहरूबीच नयाँ क्रान्तिकारी केन्द्र निर्माणका प्रयासहरू पनि भइरहेका छन्। यसै कार्यमा सक्रियताका साथ लागेको क्रान्तिकारी कम्युनिस्ट पार्टी, क्यानडाले भर्खरै आफ्नो वैचारिक प्रकाशन 'आर्सनल' प्रकाशित गरेको छ। सारै महत्वपूर्ण सामग्रीहरू समाविष्ट यस पत्रिकामा 'अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको आम कार्यदिशाका सम्बन्धमा' शीर्षकको सामग्री प्रश्नोत्तरका रूपमा प्रकाशित छ। सो पार्टीको धारणा लगायत अन्य महत्वपूर्ण विचार पाठकका लागि उपयोगी हुने ठानी हामीले डा. ऋषिराज बरालद्वारा अनूदित सो सामग्री यहाँ प्रस्तुत गरेका छौँ।)

क्रान्तिकारी कम्युनिस्ट पार्टी क्यानडा (सिसिआर-आरसिपी , क्यानडा) एउटा खास पार्टीले अघि सारेको धारणा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको आम कार्यदिशा भइहाल्छ भन्ने कुरामा विश्वास गर्दैन। यसको सट्टा, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको आम कार्यदिशा तय गर्ने सन्दर्भमा विभिन्न पार्टी तथा सङ्गठनका कमरेडहरूबीच सैद्धान्तिक बहसछलफल तथा संयुक्त पहलको आवश्यकता पर्छ। तल हामीले प्रस्तुत गरेका धारणालाई आन्दोलनले सम्बोधन गरी एउटा निष्कर्षमा पुग्नु चाहिँ आवशयक छ भन्ने हामीलाई लागेको छ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको आम कार्यदिशाको उद्देश्य के हुनुपर्छ ?

आम कार्यदिशाले त्यस्तो राजनीतक सिद्धान्तलाई अगाडि सार्नुपर्छ जसलाई लिएर क्रान्तिकारी शक्तिहरूबीच समान धारणा बनोस्। यसले विश्वभरिका पार्टी तथा सङ्गठनहरूलाई क्रान्ति र क्रान्तिकारी सङ्घर्षको विश्लेषणसहित एउटा आम राजनीतिक दिशा प्रदान गरोस्। यस किसिमको आम कार्यदिशालाई हरेक मुलुकको विशिष्ट परिस्थिति र अन्तर्विरोधको स्थितिमा सिर्जनात्मक ढङ्गले लागू गर्न सकियोस्।

हाम्रो विचारमा मार्क्सवाद-लेनिनवाद-माओवाद अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको आम कार्यदिशाको विकासको आधारभूत सिद्धान्त हुनुपर्छ।

हामीलाई लाग्छ, सन् १९६३ को 'अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको आम कार्यदिशासम्बन्धी प्रस्ताव', १९८४को रिम घोषणापत्र र १९९३ को रिमको दस्तावेज 'मार्क्सवाद-लेनिनवाद-माओवाद : जिन्दावादलाई आधार बनाउने हाम्रो प्रयास हुनुपर्छ। हुन त विश्वपरिस्थितिमा आएका केही खास परिवर्तन र विश्वकम्युनिस्ट आन्दोलनमा उत्पन्न भएका विशिष्ट स्थितिहरू खास गरेर पेरू, नेपाल टर्की, पिलिपिन्स र भारतका जनयुद्धको अनुभवहरूलाई अगाडि राख्दा अबको विश्व कम्युनिस्ट आन्दोलनको नयाँ आम कार्यदिशाको विकासका लागि यी दस्ताबेजहरू आफैँमा केही अपुग छन्।

राष्ट्रिय मुक्ति युद्धको युग एक हिसाबले व्यापक रूपमा पूरा भएको भए पनि हिजोदेखिका नव-उपनिवेश र अर्ध-उपनिवेशका रूपहरू निरन्तरतामै छन् र यसले व्यापक मात्रामा आजको विश्वमा नयाँ जनवादी क्रान्तिको आवश्यकतामा जोड दिएको छ।

आजको विश्वमा मूलतः दुई किसिमका प्रवृत्तिहरू रहेका छन् : अर्ध-सामन्ती तथा नव-ओपनिवेशिक मुलुकहरूमा नयाँ जनवादी क्रान्ति र साम्राज्यवादी मुलुकहरूमा समाजवादी क्रान्ति।

आत्मगत पक्षहरूको प्रयासबिना वस्तुगत परि स्थिति तयार भएर साम्यवाद आफैँ 'स्वतः' किसिमले आउँछ भन्ने किसिमले बुझ्नु हुँदैन। यसलाई सङ्घर्षको निरन्तरतामा हेर्नुपर्छ।

आजको विश्वमा प्रमुख अन्तर्विरोधहरू के के हुन् ?

आजको विश्वमा तीनओटा आधारभूत अन्तर्विरोधहरू छन् : १) साम्राज्यवादी मुलुक र उत्पीडित जनताबीचको अन्तर्विरोध, २) बुर्जुवा र सर्वहारा बीचको अन्तर्विरोध र ३) साम्राज्यवादी मुलुकहरूबीचको अन्तर्विरोध।

तेस्रो अन्तर्विरोध महत्वपूर्ण हुँदाहुँदै पनि पहिलो र दोस्रोको तुलनामा कम महत्वको हो। १९६३ को 'अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको आम दिशासम्बन्धी प्रस्ताव'मा चौथो अन्तर्विरोधको पनि उल्लेख गरिएको छ : समाजवादी शिविर र पुँजीवादी शिविरबीचको अन्तर्विरोध। हाम्रो विचारमा विश्वमा यतिखेर कुनै पनि मुलक समाजवादी नभएको अवस्थामा अब यस किसिमको अन्तर्विरोध पनि छैन। तर, अब यस किसिमको अन्तर्विरोध नहोला भनेर चाहिँ बुझ्नु हुँदैन। क्रान्तिको सफलताले भोलि यस किसिमको अन्तर्विरोध पनि हुन सक्छ।

अन्तर्राष्ट्रिय अन्तर्विरोध र राष्ट्रिय अन्तर्विरोधबीच के-कस्तो सम्बन्ध हुन्छ ?

अन्तर्राष्ट्रिय स्तरमा प्रमुख अन्तर्विरोध भनेको साम्राज्यवादी मुलुक र उत्पीडित जनताबीचको अन्तर्विरोध हो। साम्राज्यवादी मुलुकका क्रान्तिकारीहरूले खास साम्राज्यवादी मुलुकमा सर्वहारा र बुर्जुवा वर्गबीचको अन्तर्विरोध तीव्र पार्दै विश्वका उत्पीडित जनताको आन्दोलनलाई सहयोग पुऱ्याउनुपर्छ। उत्पीडित मुलुकहरूको साम्राज्यवाद विरोधी आन्दोलनमा उनीहरूको भूमिका 'ताली पिटुवा समर्थक'को जस्तो सामान्य किसिमको हुनु हुँदैन।

साम्राज्यवादी मुलुकका क्रान्तिकारीहरूले कामका हरेक क्षेत्रमा वर्गसङ्घर्षलाई अघि बढाउन नयाँ किसिमका सर्वहारावादी योजनाहरू निर्माण गर्नुपर्छ। उनीहरूले क्रान्तिकारी आक्रमणवाद लागू गर्नुपर्छ : उदाहरणका रूपमा आफ्नै मुलुकको साशक वर्गको पराजयका लागि लड्ने र शासक वर्गका विरूद्ध लडिरहेका क्रान्तिकारीहरू र जनसमुदायलाई सघाउने।

अन्तर्राष्ट्रिय प्रमुख अन्तर्विरोधले खास देशको सङ्घर्षमा महत्वपूर्ण किसिमले प्रभाव पारिरहेको हुन्छ भन्ने कुरा बुझ्नु यसको महत्वपूर्ण पक्ष हो। यसका साथै के कुरा पनि बुझ्नु महत्वपूर्ण छ भने, एउटा देशभित्रको अन्तर्विरोको गति र दिशाले पनि स्वाभाविक रूपमा अन्तर्राष्ट्रिय प्रमुख अन्तर्विरोधलाई प्रभावित पारिराखेको हुन्छ।

हामीलाई लाग्छ, साम्राज्यवाद र उत्पीडित मुलुकहरूबीचको अन्तर्विरोधले आर्थिक र राजनीतिक स्वरूपलाई पनि नयाँ दिशा दिएको छ–त्यो हो, वातावरणीय विनाश। विश्वभरिका क्रान्तिकारीहरूले औद्योगीकरण र उपभोगको साम्राज्यवादी चरित्रको पुनरावृत्ति गर्न खोज्नु हुँदैन। उत्पीडित मुलुकहरूको नयाँ जनवादी क्रान्ति अर्ध-औपनिवेशिकताबाट अगाडि बढ्ने क्रममा वातावरणीय दिगोपनलाई पनि एउटा प्रमुख मूल आधार बनाउनुपर्ने हुन्छ। त्यसैगरी साम्राज्यवादी मुलुकहरूमा पनि समाजवादी क्रान्तिले उपभोगको साम्राज्यवादी चरित्र र यसले ध्वस्त पारेको वातावरणीय विनाशलाई गम्भीरतापूर्वक लिनु आवश्यक छ र सर्वहाराको चेतनालाई वातावरणीय पक्षसित जोडेर राजनीतिक, सामाजिक र आर्थिक सङ्गठनात्मक स्वरूप दिनु आवश्यक छ।

आजको विश्वमा शक्ति सन्तुलनको स्थिति कस्तो छ ?

संयुक्त राज्य अमेरिका आजको प्रमुख साम्राज्यवादी शक्ति हो। हुन त, युरोपियन युनियन, रूस र चीन पनि विस्तारै साम्राज्यवादी शक्तिका रूपमा विकसित हुँदैछन् र उनीहरूको संयुक्त राज्य अमेरिकासितको अन्तर्विरोध तीव्र बन्दैगएको छ, खासगरेर रूस र चीन देखिने गरी नै अगाडि आएका छन्।

साथै, पुँजी र साम्राज्यवादी अन्तर्विरोधको आधारभूत चरित्रमा साम्राज्यवादी मुलुकहरू कागजी बाघ हुन् तापनि उनीहरूको आधारभूत राजनीतिक तथा सङ्गठनात्मक ताकतलाई राष्ट्रिय तथा स्थानीय तहमा मात्र आकलन गर्नु हुँदैन।

साम्राज्यवादको वर्तमान चरित्रका कारण अहिलेको अवस्थामा तेस्रो विश्वयुद्धको सम्भावनालाई पनि इन्कार गर्न सकिँदैन।

आत्मगत स्थितिका दृष्टिले क्रान्तिका लागि शक्ति सन्तुलनको स्थिति सकारात्मक छैन, तर वस्तुगत रूपमा यो सकारात्मक बन्दैगएको छ। क्रान्ति अहिलेको विश्वको मूल प्रवृत्ति हो भनेर एकदमै ठोकुवाका साथ भनिहाल्ने स्थिति छैन। विश्वभरिका क्रान्तिकारी शक्तिहरू राजनीतिक, वैचारिक र सङ्गठनात्मक रूपमा कमजोर नै छन्।

अहिले विश्वमा ठूल्ठूला आन्दोलनहरू भएका छन्, जब कि अधिकांश रूपमा तिनको नेतृत्व क्रान्तिकारीहरूले गर्न सकेका छैनन्, उल्टै निम्न पुँजीवादीहरू अझ कतिपय सन्दर्भमा त बुर्जुवा तत्वहरूले तिनको नेतृत्व गरेका छन्। यस्तो हुँदाहुँदै पनि खास गरेर भारतीय कम्युनिस्ट पार्टी (माओवादी) र फिलिपिन्सको कम्युनिस्ट पार्टीले गरेका जनआन्दोलनहरूले विश्वभरिका क्रान्तिकारीहरूलाई असीम प्रेरणा र उत्साह प्रदान गरेका छन्।

क्रान्तिप्रति श्रमजीवी वर्ग र किसानको उत्कट चाहना छ : जब कि विद्यमान आत्मगत कमजोरीका कारण त्यो चाहनालाई व्यवहारमा अनुभुत गराउन सकिएको स्थिति छैन।

यतिखेर विश्वमा कुन-कुन शक्तिहरू क्रान्तिकारी शक्ति हुन् ?

अफ्रिका, एसिया र ल्याटिन अमेरिकामा विश्वस्तरीय अन्तर्विरोध तीव्र भएको छ, त्यसैले विश्वको ठूलो भाग ओगटेका यी मुलुकहरू नै विश्वव्यापी रूपमा क्रान्तिकारी झन्झावातका मूल केन्द्र हुन्।

सन् १९७६ देखि भएका सबैभन्दा उन्नत अनुभव पेरू, नेपाल, फिलिपिन्स र भारतको अनुभव हो। हुन त पेरू र नेपालको दीर्घकालीन जनयुद्धले बितेका दशकहरूमा ठूलो धक्का खाएको छ।

अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका जनताले आजको विश्वक्रान्तिको मूल शक्तिको भूमिका निर्वाह गरिरहेका छन्।

आ-आफनो मुलुकका क्रान्तिकारी पार्टीको नेतृत्वमा रहेका विश्वका सर्वहारा नै क्रान्तिका नेतृत्वदायी शक्ति हुन्। यिनीहरूमध्ये पनि विश्वक्रान्तिका अगुवा शक्तिका रूपमा ती पार्टीहरू छन्, जो पहिलेदेखि दीर्घकालीन जनयुद्ध चलाइरहेका छन् अथवा दीर्घकालीन जनयुद्धका लागि तयारी गरिरहेका छन्, उनीहरू नै आजको विश्वक्रान्तिको नेतृत्वदायी शक्तिका अग्रदस्ता हुन्।

यस किसिमको शक्तिसन्तुलनले क्रान्तिकारी शक्तिहरूमा के-कस्तो किसिको प्रभाव परेको छ ?

विद्यमान शक्तिसन्तुलनको स्थितिले विश्व माओवादी आन्दोलनमा वैचारिक र राजनीतिक भ्रम उत्पन्न गराएको छ। यसकारण अहिले क्रान्तिको पक्षमा लागिरहेकाहरू वैचारिक लाइन सङ्घर्षमा जोडिएर र एउटै सैद्धान्तिक आधारबिन्दुमा आउनु आवश्यक छ।

बुर्जुवा र सर्वहारा वर्ग, साम्राज्यवाद र उत्पीडित जनताबीचको अन्तर्विरोध सशस्त्र सङ्घर्षबिना पनि हल गर्न सकिन्छ भन्ने दृष्टिकोण पनि छ। सही के हो भने सशस्त्र सङ्घर्षले खास देशको विशिष्टतासहित दीर्घकालीन जनयुद्धको व्यापक रूप लिन्छ। नयाँ सत्ताको निर्माणका लागि पुरानो सत्ताको ध्वंश गनु आवश्यक पर्छ। बुर्जुवा प्रजातन्त्रका सबै खम्बाहरू, संसद्वाद र बुजुर्वा चुनावहरूलाई क्रान्तिकारीहरूले बहिष्कार गर्नुपर्छ।

पुँजीवादसित सम्बद्ध तीव्र रूपमा विकसित भएका अन्तर्विरोधहरू आर्थिक सङ्कटका परिणाम भएकाले यिनको हल पनि त्यसैबाट गर्न सकिन्छ भन्ने भनाइ पनि छ। तर, नयाँ जनवादी र समाजवादी क्रान्तिबाट मात्र यी अन्तर्विरोधहरूको हल गर्न सकिन्छ।

अमेरिकी साम्राज्यवाद विरुद्धको सङ्घर्षले रणनीतिक रूपमै अन्य साम्राज्यवादी तथा प्रतिक्रियावादी सत्तालाई सहयोग पुग्ने हुनसक्छ पनि भनिन्छ। के कुरा ध्यान दिनु आवश्यक छ भने यसको अर्थ कार्यनीतिक रूपमा यस्तो प्रस्ताव राख्न नसकिने होइन तापनि यस्ता कुरामा सदैव सर्वहारा क्रान्तिको उद्देश्यलाई अगाडि राख्नुपर्छ।

साम्राज्यवादी मुलुकहरूमा पनि माओवादी पार्टी तथा सङ्गठनहरूले शास्त्रीय 'विद्रोहवादी' रणनीतिबाट आफूलाई मुक्त गर्नैपर्छ। आफ्नो ठोस विशेषतामा दीर्घकालीन जनयुद्धको रणनीति लागू गर्न कडा मेहनत गर्नुपर्छ।

शक्तिको निर्माणका लागि वैधानिक बाटोको प्रयोगको आवश्यकता र सम्भावना रहन्छ तापनि क्रान्तिकारीहरूले ठोसरूपमा र रणनीतिक किसिमले सशस्त्र सङ्घर्ष र जनयुद्धको तयारीमा लाग्नुपर्छ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले यतिखेर भोगेको ठोस समस्याहरू के के हुन् ?

निश्चय पनि तिनीहरूमध्ये केही यस्ता छन् :

विश्वका अधिकांश मुलुकहरूमा माओवादी पार्टीको अभाव,

वर्तमानमा भएका वर्गसङ्घर्षहरूमा नयाँ चुनौतीहरूका एकदमै कम प्रतिबिम्बन भएको छ। पार्टी र सङ्गठनहरूले मालेमालाई कागजमा मात्र नलिई यसलाई व्यवहारमा पनि अगाडि बढाउनुपर्ने आवश्यकता, र,

'साइबर माओवादीहरू' को अत्यधिकता र पार्टी सेना, र जनआन्दोलनका साथै जनसत्ताको क्रान्तिकारी संयन्त्र निर्माणका लागि जुझारु शक्तिको जनाधारको समस्या।

रूस र चीनमा संशोधनवादको स्थापना र पेरू र नेपालको क्रान्तिले खाएको धक्काले के-कस्ता समस्याहरूलाई उजागर गरेका छन् ?

रूस र चीनमा संशोधनवादको विजय, पेरू र नेपालको दीर्घकालीन जनयुद्धले खाएको धक्काले आ-आफ्नै किसिमका कुरामाथि प्रकाश पार्दछन्। दक्षिणपन्थी अवसरवाद र सामाजिक प्रजातन्त्रवादी प्रवृत्ति नै अहिलेको विश्वकम्युनिस्ट आन्दोलनले सामना गर्नुपरेको प्रमुख समस्या हो।

समाजवादलाई उत्पादनको खास मोडका रूपमा मात्र हेरिनु हुँदैन, यो पुँजीवादबाट साम्यवादमा सङ्क्रमणको एउटा अवधि हो, जसमा वर्गसङ्घर्ष र विरोध जारी रहन्छ। यो सम्पूर्ण अवधिभरि क्रान्तिकारीहरू र सर्वहारा वर्गको अधिनायकत्वले पुँजीवादी उत्पादन सम्बन्धका विरुद्ध लड्ने र राज्यसंयन्त्रका पुराना रूपलाई समाप्त पार्दै साम्यवादको तयारीमा लैजाने प्रधान काम हुन्छ।

साम्राज्यवादी मुलुकमा पुँजीवाद र समाजवादका बीच अर्को कुनै चरण हुँदैन। र साम्राज्यदद्वारा उत्पीडित मुलुकहरूमा संशोधनवादी प्रचण्ड-बाबुरामले अगाडि सारेजस्तो नयाँ जनवादी क्रान्तिअघि पनि अर्को कुनै पुँजीवादी चरण, भनौँ 'उपचरण' हुँदैन।

समाजवाद निर्माणका समस्याहरू एउटा अथवा बहुल पार्टीको राज्यसत्ताको अस्तित्वसित मात्र जोडिएका छैनन् : त्योभन्दा अझ माथि उठेर जनताको सङ्गठित आन्दोलन, बुर्जुवाहरू विरुद्ध वर्गसङ्घर्ष, पुराना सामाजिक सम्बन्धहरू तथा सडेगलेका विचारलाई ध्वस्त पार्ने कामसित पनि समाजवाद निर्माणका समस्याहरू जोडिएका छन्। पार्टीले आम जनतालाई नेतृत्व प्रदान गर्दै वैचारिक तथा राजनीतिक नेतृत्व गर्नुपर्छ, संस्थागत तथा सामान्य घोषणा मात्र नगरेर यसलाई व्यवहारमै नेतृत्व गनुपर्छ।

यतिखेर विश्वभरिका क्रान्तिकारीहरूले गर्नुपर्ने ठोस कामहरू के-के हुन् ?

हाम्रो पार्टी विनम्रताका साथ क्रान्तिकारीहरूले निम्न कार्यहरू गर्नुपर्ने कुरामा जोड दिन्छ :

क्रान्तिका तीन प्रमुख हतियारको निर्माण गर्नु : उदाहरणका रूपमा क्रान्तिकारी पार्टी, क्रान्तिकारी सेना र क्रान्तिकारी जनसमुदायको संयुक्त मोर्चा,

क्रान्तिका लागि जनताको चेतना र प्रतिरोधी क्षमताको विकास र रूपान्तरणको नेतृत्व गर्नु,

माओवादी पार्टी र सङ्गठनहरूको एकीकृत केन्द्र बनाउने वातावरणको निर्माण गर्नु। एकअर्काको स्वायत्तता तथा सार्वभौमिकतालाई स्वीकार्दै उनीहरूका बीच वैचारिक सङ्घर्ष (एकता-सङ्घर्ष-एकता) साथै ठोस सहयोग तथा ऐक्यबद्धता दुवैको आवश्यकतामा जोड दिनु,

क्रान्तिलाई सहयोग पुग्ने गरी क्रान्तिकारीहरूको नेतृत्वमा एउटा सही अर्थको साम्राज्यवाद विरोधी मोर्चाको निर्माण गर्नु,

राजनीतिक बन्दीहरूलाई जेल मुक्त गराउन र अपरेसन ग्रिनहन्ट र अप्लान बायानिहान (भारत र फिलिपिन्समा प्रतिक्रियावादी सरकारले माओवादी आन्दोलन दबाउन चलाएको हत्याअभियान : अनुवादक) विरुद्ध संयुक्त जनअभियानको विकास गर्नु,

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनसित सम्बद्ध बहस-छलफलमा आधारित सामग्रीहरू राखेर वैचारिक प्रकाशनहरू प्रकाशित गर्नु, संयुक्त गतिविधिहरूलाई व्यापक पाठकसम्म पुऱ्याउनु, जसले आन्दोलनको आवश्यकताअनुसार नयाँ अन्तर्राष्ट्रिय केन्द्र निर्माणको अभियानमा एकताबद्ध पार्न महत्वपूर्ण भूमिका खेलोस्।

२०१६

सामाजिक सञ्जाल

विप्लवले माओवाद परित्याग गरेकोमा खुशी त माओवादीलाई मान्नहरू कोही पनि छैनन्। तर अब माओवादीको नाम चै बदनाम नहुने कुरोले केही खुसी महसुस भएको छ। कुचोले बढार्नुपर्ने कसिंगर हावाले उडायो भने जस्तै भयो भन्ने हाम्रो पार्टीको कुरो। – ***बद्री बजगाईं***

संसदीय नयाँ नौटंकी शुरू :

स्थानीय निर्वाचनको घोषणा र मधेश बन्दी।

उही सम्विधान, उही शासक वर्ग, उही संसद, फरक के छ ?



अनि जन अपेक्षालाई उपेक्षा गर्दै निर्वाचन घोषणा गर्ने संसदमा पनि बस्ने र त्यसकै विरुद्ध बन्दको घोषणा पूरानै चरित्रको शासन व्यवस्थामा हिस्सेदारी बाहेक अरु केही हुनसक्दैन। तर मधेशी मोर्चाको निम्ति यस्तो नाटक नयाँ होइन।

बुझे हुन्छ, आफ्नो हितको निम्ति श्रमजीवी जनताले आफ्नै किसिमको संविधान र व्यवस्थाको निम्ति संघर्ष गर्नु उचित हुनेछ। त्यो भनेको हाम्रो भाषामा संघीय जनगणतान्त्रिक संविधान हो।

बुझे हुन्छ, संसदीय व्यवस्था यस्तै प्रकारको चकमा र चटककै बलमा चल्दछ।। – ***रोशन जनकपुरी***

के.पी.ओलीको रास्ट्रवाद र प्रचण्डको माओवाद उस्ता उस्तै (नक्कली) हुन , चेतना भया !

– ***खगेन्द्र छन्त्याल***

यो देशका बौद्धिक व्यक्तित्वको नाङ्गो शिवलिङ्गलाई दर्शन गरेको देख्दा पनि दया लाग्छ।

– ***भगवती प्रधान***

बाबुरामलाई मुक्तिदाता बनाए खाडी गइन्छ, चरेशानन्दलाई उपराष्ट्रपति बनाए हिन्दीमा सपथ सुनिन्छ, टेण्डर र क्यासिनोका तिघ्रेहरूलाई विद्यार्थी नेता बनाए क्याम्पसमा आगो देख्न पाइन्छ।

– ***भरत दाहाल***

वैशाखमा चुनाव हुने चर्चा चल्दै छ यहाँ
राष्ट्रिय मामिलामा विदेशी दवाव बदैछ, छ यहाँ
जति जोगी आए पनि कानै चिरेका हजुर,
नेताहरूमा दूरदर्शिताको अभाव छ यहाँ

– ***विश्व प्रकाश चौलागाईं***

'नौटंकी' कुनै धर्म हुन्थ्यो भने बाबुराम भट्टराई र प्रचण्ड यो देशका सबैभन्दा ठूला 'धर्मगुरु'हरू हुन्थे।

– ***लेनिन बञ्जाडे***

पत्रकार दुई थरि छन् एउटा श्रमजीवी, अर्को भ्रमजीवी !

– ***नारायण पगेंनी***

माओवादी आन्दोलनमा नामको अगाडि या पछाडि फुर्कफुर्की जोड्ने र पूरै माओवादी फाल्नु यो दुवै विचलन हो। नाम केवल काम काजी नाम मात्रै हुँदै, त्यो नामसँग विचार, दर्शन, संगठन र जनताका अधिकार जोडिएका हुन्। – ***फडिन्द्र कार्की***

यात्रुसँग जथाभावी भाडा असुले क्रान्तिकारी माओवादीले कारबाही गर्ने

बाग्लुङ। नेकपा (क्रान्तिकारी माओवादी) बाग्लुङ गलकोट एरियाले बाग्लुङ-बुर्तिबाङ मध्यपहाडी लोकमार्गअन्तर्गत शाखा लाईन अम्मरभुमी, अर्गल, हिल, तारखोला जाने मोटरबाटोमा संचालित भाडाका गाडीहरूले उपभोक्ताहरूबाट जथाभाबी भाडा असुल गर्ने गरेको भन्दै उक्त कार्यलाई तुरुन्त बन्द नगरी अटेर गरेर जथाभावी भाडा असुल गरेमा कारबाही गर्न बाध्य हुने जनाएको छ। पार्टीका जिल्ला संयोजक ऋषिराम रोकामगरले हालै एक विज्ञप्ती जारी गरी धौलागिरी जिप व्यवसायी समितिले निर्धारण गरेको भाडादर कायम नगरी यात्रुसँग आफूखुशी जथाभावी भाडा असुल गरे पार्टी कारबाहीमा उत्रने चेतावानी दिएका छन्।

यसैबीच, संयोजक रोकामगरले २०७३ साल माघ २० गते अर्गल मा.वि. अर्गलको विद्यालय व्यवस्थापन समिति तथा अभिभावक भेलामा आफ्नो पार्टीका पूर्व केन्द्रीय सल्लाकार अमृत घर्तिमगरलाई विशिष्ट अतिथिको रूपमा आमन्त्रण गरेको दुर्व्यवहारप्रति कडा शब्दमा निन्दा एवम् घोर भर्त्सना गरेको छ।

आमूल परिवर्तन र मुक्तिप्रति सधैं निष्ठावान बनौं- कृष्णसेन इच्छुक

(साहित्यिक त्रैमासिक कलमले ०५७ माघ १ गत्ते कृष्णसेन इच्छुकसँग लिएको अन्तर्वार्तालाई 'सहिद सप्ताह'को सन्दर्भ पारेर साहित्यिक स्तम्भमा प्रस्तुत गरेका छौं । उहाँलाई जनताको कुशल योद्धा, प्रखर कवि र सम्पादक भएकै कारण ०५९ जेठ ६ गते पुनः गिरफ्तार गरी तत्कालीन शासकले बर्बर यातनाका बीच ०५९ जेठ १३ गते हिरासतमा नै कुटीकुटी हत्या गरे । इच्छुक नेपाली श्रमजीवी, शोषित-उत्पीडित वर्गका एक अमूल्य निधि हुनुहुन्छ । उहाँ नेपालका नयाँ जनवादी क्रान्तिका एक प्रेरणादायी अजर अमर महान सहिद हुनुहुन्छ । उहाँका ओजपूर्ण र ऊर्जाशील विचार यहाँ प्रस्तुत गरेका छौं । -सं.)



अनिश्चितकालीन जेल-जीवन कसरी बिताइरहनुभएको छ ?

मैले जेल जीवनलाई मेरो जीवनको एउटा महत्वपूर्ण घटना र अनुभुतिको रूपमा लिएको छु । पञ्चायती कालमा पनि सामान्य रूपबाट विद्यार्थीका हक-हित र अधिकारको निमित्त सङ्गठित हुँदाहुँदै मैले पाँच-छ वर्षसम्म दाङमा बन्दी जीवन बिताउनु परेको थियो । अहिले कानुनीराज, प्रजातन्त्र र मानवअधिकारको वकालत गर्दै नागरिक सुरक्षाको ग्यारेण्टी गर्ने भनिएको बहुदलीय व्यवस्थामा पनि पुनः झुट्टा मुद्दामा फसाएर विगत दुई वर्षयता बन्दी जीवन बिताउँदै आएको छु, यो बन्दी जीवनको समयलाई सकेसम्म रचनात्मक र सार्थक बनाउनका निम्ति लेखन, अध्ययन र चिन्तनमननतिर लगाइरहेको छु ।

जेल जीवनको क्रममा तपाईले लेख्नुभएको 'बन्दी र चन्द्रगिरि' विशेष चर्चाको विषय बन्दा तपाईलाई कस्तो लागेको छ ?

जेलको समयलाई बढीभन्दा बढी सदुपयोग गर्ने सिलसिलामा नै बन्दी र चन्द्रगिरि काव्यको रचना गरेको थिए । उक्त काव्य प्रकाशित भए पछि साहित्यिक मित्र तथा पाठकहरूले त्यसलाई निकै माया गर्नुभएको पाएँ । बन्दी अवस्थामा सिर्जित काव्य भएकाले अघिल्ला रचनाहरूभन्दा यो बढी चर्चित भएको होला । आफ्नो कृति चर्चा परिचर्चामा आउँदा आफूलाई खुसी लाग्नु स्वभाविक नै हो ।

यस काव्यलाई कतिपय समालोचकहरूले यस देशकै उत्कृष्ट काव्य भनेकोमा नि ?

एउटा स्रष्टाले आफ्ना रचनाहरू सिर्जना गर्दा सबै लोकप्रिय र महत्वपूर्ण बनून्, तिनले साहित्यिक तथा वैचारिक आन्दोलनमा योगदान पुऱ्याउन भन्ने चाहना राखेको चन्द्रागिरि साहित्यिक दृष्टिले सुन्दर र सफल बनोस्, कलात्मक बनोस् तथा वैचारिक दृष्टिले समकालीन यथार्थ र समयको प्रतिनिधि रचना बनोस् भन्नेसम्मको मेरो कामना थियो । यो यस किसिमको बन्यो कि बनेन भन्ने कुराको मूल्याङ्कन गर्ने त समालोचक र पाठकहरूको नै हो नि त ।

कसको प्रेरणाले साहित्यतर्फ तपाईलाई उन्मुख गरायो ?

मलाई सबभन्दा पहिले साहित्यमा प्रेरित गर्ने कुनै व्यक्ति विशेष नभएर म पढ्ने देउखुरीको लालामटिया स्कुलको साहित्यिक वातावरण र मलाई पढाउने शिक्षकहरू नै मेरा प्रेरणाका स्रोत हुनुहुन्छ । जहाँसम्म व्यक्ति विशेषको कुरो छ, मलाई सचेत रूपले साहित्यमा लाग्न, अघि बढ्न मेरा रचनाहरू प्रकाशित गरेर प्रगतिशील साहित्यिक फाँटमा मलाई उभिन लगाउने व्यक्तिको कुरो छ, नाममा लिनु पर्दा म नारायणप्रसाद शर्माको नाम लिन्छु, जसलाई हामी नारायण गुरु पनि भन्ने गर्दछौं । उहाँबाट नै म व्यक्तिगत रूपमा मेरो साहित्यिक यात्रामा प्रभावित र अभिप्रेरित हुन पुगेको छु ।

कहिलेदेखि कविता लेख्न आरम्भ गर्नुभयो ?

कवितामा सानै देखि रुची थियो । उमेरका दृष्टिले पन्ध्र-सोह्र वर्षको उमेरदेखि नै मैले कविता लेख्न आरम्भ गरेको हुँ । यस क्रममा २०३२ सालतिर काठमाडौंबाट प्रकाशित हुने मातृभूमि साप्ताहिकमा मेरो पहिलो कविता 'भोलिप्रति' प्रकाशित भएको हो । खासगरी ०३५ ०३६ सालको आन्दोलनपछि कविता लेखनमा म बढी सचेत र सक्रिय भई लाग्न थालें । त्यसपछि म क्रमिक रूपमा लेखिरहेको छु ।

तपाई गद्य कविताको स्रष्टा हुनुहुन्छ । तर तपाईको कविता पढ्दा पद्य कविताको भैंं किन बोध हुन्छ ?

मेरा कविता गद्य कविता हुन् । म गद्य कवितामा पनि पद्यको लयात्मकता दिन चाहन्छु । लयात्मकता, सङ्गीतात्मकता तथा अनुप्राशयुक्त गीतिमयता दिएर पाठकमा एक किसिमको पद्यात्मक बोध गराई सम्प्रेषणका पक्षमा जोड दिन चाहन्छु । लय कविताको एउटा विशिष्ट तत्व हो । यसको अभावमा कविता कविता बन्न सक्तैन । कवितालाई सामान्य गद्यबाट छुट्याउने र त्यसलाई सपाटपनबाट जोगाउने प्रमुख तत्व नै लयचेतना हो । म लयचेतनाप्रति एकदमै सचेत छु । त्यसैले मेरा कविता गद्यात्मक हुँदाहुँदै पनि पद्यमय बोध हुन्छन् होला ।

कविता विधाबाहेक अन्य विधामा कलम चलाउनुभएको छ कि छैन ?

साहित्यका विविध विधाहरूमध्ये मलाई बढी प्रिय लाग्ने विधा कविता नै भएकाले सुरुदेखि म कविता लेखनतर्फ बढी क्रियाशील भएको हुँ । सुरुसुरुमा फुटकर कथा तथा निबन्धहरू पनि लेखें तर मेरा निरन्तरता र साधना बढीभन्दा कविता विधामै रह्यो ।



तमाम किसिमका विघ्नबाधा, अप्ठेरा र चुनौतीहरुको सामना गर्दै पत्रकारिताका क्षेत्रमा साथीहरु जनादेशलाई अगाडि बढाउदै हुनुहुन्छ । त्यसैगरी साथीहरु कलमका माध्यमबाट आफ्नो दायित्व पूरा गरिरहनुभएको छ । यसले आफू जेलभित्र रहेर पनि मलाई हर्ष र गर्वको अनुभूति गराइरहेको छ । मेरो हातबाट मेरो कलम खोसेर मलाई हतकडी पहिराइए पनि हामीहरु यात्रामा फेरि सागसागै कलम उठाउनेछौं । जनतासागको मुक्तियात्रामा होस्टे र हैंसे गर्दै साथसाथै अघि बढ्नेछौं भन्ने विश्वास मैले लिएको छु र साथीहरुलाई पनि यही विश्वासले दृढ, निर्भिक र अविलिचित हुन अनुरोध गर्दछु ।

अहिले यतिखेर के लेख्नमा व्यस्त रहनुभएको छ ?

यतिखेर म फुटकर कविता लेखनमा बढी लागेको छु । तराईको जेलमा बस्न थालेपछि यहाँको आञ्चलिक जीवन तथा साँस्कृतिक परिवेशसित नजिकिदै प्राप्त अनुभुतिलाई कवितात्मक रूप दिन म क्रियाशील छु । त्यसैले हालसम्म मेरा कविताहरू यसै पक्षसँग सम्बद्ध छन् । साथै जेलभित्रका अनुभवहरूलाई म बाह्य जीवनसँग तादाम्य सामाजीकृत तथा सामान्यीकृत गरिरहेको छु । दिनप्रतिदिन ऊर्ध्वगामी बन्दै गएको जनताको मुक्तियुद्धको प्रभावलाई पनि म आफ्ना कवितामार्फत अभिव्यक्त गरिरहेको छु । यस्तै सेरोफेरो र परिवेशमा लेखिएका मेरा फुटकर कविताहरूको सङ्कलन नयाँ वर्षमा प्रकाशित गर्ने मेरो सोचाइ रहेको छ ।

जेल जीवन भोग्दा तराईको र काठमाडौंको जेलबीच के फरक पाउनुभयो ?

काठमाडौं र तराईका जेलहरूमा बसाइका दृष्टिले त्यस्तो खासै भिन्नता बोध भएको छैन । जेल आखिर जहाँको भए पनि जेल नै हो । जेलका अनुभुति जहाँ पनि उस्तै हुन्छन् । ठाउँअनुसार जेल र जेलका मान्छेहरूको स्थिति फरक-फरक भए पनि अनुभुतिमा भने खासै फरक हुन्न । समष्टिमा भन्दा जेलका अनुभुतिहरू, पीडा र संवेदनाहरू अनि भोगाइहरूमा खास भिन्नता हुन्नन् ।

जेलभित्रैबाट एम.ए. को तयारी गर्दै हुनुहुन्थ्यो नि ?

जेलबाटै पाँच दिनको लागि फर्म भरेको थिएँ । पञ्चायतकालमा पनि बन्दीहरूले निर्बाध रूपमा जाँच दिन पाउँथे । अनि मैले झन् यो प्रजातान्त्रिक भनिने व्यवस्थामा त पाऊँला नै भन्ने लागेको थियो । तर वर्तमान कांग्रेसी सरकार म प्रति अत्यन्तै पूर्वाग्रही बनेर जाँच दिन पाउने सामान्य अधिकारबाट मलाई बञ्चित गरायो । मैले बन्दीहरूले पाउनुपर्ने नैसर्गिक अधिकारका लागि तीन दिनसम्म मुखमा कालोपट्टी बाँधेर विरोध जनाएँ । यो यस्तो विषय हो, जसका बारेमा सबै पत्रकारजगत्, मानवअधिकारवादी सङ्घसंस्था र नागरिक स्वतन्त्रताका पक्षधरहरूले आवाज उठाउन जरुरी छ ।

तपाईलाई झुटा मुद्दा लगाएर गायब पार्ने शैलीमा काठमाडौंबाट सिराहा ल्याइयो । अहिले तपाईलाई के मुद्दा लगाएको छ र मुद्दाको स्थिति के छ ?

मलाई नौ महिनासम्म काठमाडौंमा शान्तिसुरक्षाको नाममा राखियो । त्यसपछि रातारात विभिन्न प्रहरी चौकी गर्दै मलाई आतङ्कित पार्दै सिराहामा ल्याइयो र हातहतियार तथा खरखजनाको झुठा मुद्दामा फँसाएर अहिले सिराहाबाट यस राजविराज जेलमा राखिएको छ । झुट्टा मुद्दामा फसाएर यसरी राखिएकोमा सर्वोच्चमा रिट चलिरहेको छ । तीन सदस्यीय फुल बेञ्चले मेरो मुद्दालाई सात सदस्यीय फुल बेञ्चमा पठाएको छ । न्याय मिल्नेछ भन्ने विश्वासका साथ प्रतीक्षारत छु ।

सम्मानित अदालतले बेकसुर भनी फैसला गरे पनि अदालत परिसरबाटै प्रहरीले पुनः पक्राउ गरेका घटनाहरू छन् । तपाईका बारेमा पनि.....?

अदालतबाट रिहाई गरेकाहरूलाई पुनः गिरफ्तार नगर्ने भन्नेजस्ता भनाईहरू सरकारका प्रमुख व्यक्तिहरूबाट भन्ने गरिएको छ । यो पक्ष व्यवहारमा हेर्नुपर्नेछ म पत्रकारिता तथा साहित्यिक क्षेत्रमा स्वतन्त्र रूपमा काम गरिरहेको कलमजीवि भएको हुनाले मलाई विश्वास छ, सर्वोच्चले मलाई रिहा गरे पछि पुनः गिरफ्तार गरिने छैन । मलाई पुनः गिरफ्तार गरेर सरकारले आफूलाई उपहासको पात्र बनाउने छैन । झुठा मुद्दामा मलाई फँसाएर सर्वत्र आलोचित भएको सरकारले सर्वोच्चको आदेश उल्लङ्घन गरेर पुनः आलोचित हुने स्थितिमा आफूलाई नपुऱ्याउला भन्ने मलाई लाग्छ ।

आफ्नो रिहाईको सर्वत्र आवाज उठेको प्रसङ्गप्रति तपाईलाई कस्तो अनुभुत हुन्छ ?

मलाई जेलमा बन्दी बनाएपछि विभिन्न मित्र तथा संस्थाहरूले मेरा रिहाइका निमित्त विभिन्न किसिमले आवाज उठाउँदे आउनु भएको छ । खास गरेर पत्रकार, लेखक, साहित्यकार, वकिल तथा मानवअधिकारवादी मित्रहरूले मेरा पक्षमा गम्भीरताका साथ चासो देखाई रिहाइको निमित्त जुन पहल र प्रयास भइरहेको छ, यसप्रति म अन्यन्तै आभारी छु । यसको लागि म मेरो रिहाईको लागि आवाज उठाउने सम्पूर्ण शुभचिन्तकहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

तपाई अखिल नेपाल जनसाँस्कृतिक संघको केन्द्रीय अध्यक्ष हुनुहुन्छ । आफू जेल परेपछि जनसाँस्कृतिक आन्दोलन कसरी बढिरहेको छ जस्तो लाग्छ ?

मेरो गिरफ्तार पछि पनि थुप्रै लेखक-कलाकार साथीहरूको हत्या भएको छ । थुप्रैलाई बेपत्ता पारिएको छ । कयौंलाई जेलनेलमा कठोर यातना दिइएको छ र पनि जनमुक्तिको यात्रा सँगसँगै एकाकार हुँदै हाम्रा साथीहरू साँस्कृतिक योद्धाका रूपमा अविचल भएर अघि बढिरहनु भएको छ । त्यसैले हाम्रो जनसाँस्कृतिक संघको साँस्कृतिक अभियानमा मेरो गिरफ्तारीले कुनै अवरोध तथा व्यवधान पुऱ्याएको छैन । व्यक्तिहरू थुनिन्छन, छुट्छन्, अगाडी बढ्छन्, पछि हट्छन् तर यात्रा भने निरन्तर रूपमा अघि बढिरहन्छ । जनताको संघर्षको अन्य फाँटभैंं हाम्रो साँस्कृतिक फाँट पनि दिनप्रतिदिन उर्वर बन्दै अग्रगामी मार्गमा गतिवान् छ । लेखन, सिर्जन, प्रकाशन सबै पक्ष समृद्ध बन्दै गएका छन् । त्याग र समर्पणको महागाथा निर्माण भैरहेको छ ।

आफ्ना समकालीन तथा नवोदित स्रष्टाहरूलाई के सल्लाह दिनुहुन्छ ?

साहित्यका क्षेत्रमा समर्पित भइरहनुभएका तथा यसै मार्गमा अग्रसर हुन थाल्नुभएका नयाँ-पुराना, मेरा समकालीन तथा नवोदित साथीहरूलाई म हाम्रो युग, समाज, देश र जनताप्रति, आमूल परिवर्तन र मुक्तिप्रति सधै निष्ठावान बनौं भन्ने सल्लाह दिन्छु । सधै इमान्दार र प्रतिबद्ध बनौं, शब्द र कर्मप्रति आदर्श र व्यवहारप्रति निष्ठावान् बनौ भन्छु । साथै हाम्रो लेखन र सिर्जनाअनुरूप हाम्रो जीवनशैली बनोस् र हामी हाम्रो यात्रामा अविराम, अथक र निरन्तर रूपमा अघि बढिरहौं, भन्दछु ।

जनादेश साप्ताहिक र कलम त्रैमासिक सम्पादन गरिरहेको बेलामा कांग्रेसी सरकारले तपाईलाई झुट्टा मुद्दामा फँसाई तपाईको हातमा हत्कडी लगाएर पनि कलम र जनादेश प्रकाशित भइरहेका छन् । यस्तो अवस्थामा तपाई सहयोद्धा साथीहरूलार्य के सन्देश दिनुहुन्छ ?

म बन्दी बने पनि जनादेश र कलम परिवारसित सम्बद्ध साथीहरूले कष्टसाध्य रूपमा रहेर पनि प्रकाशनलाई निरन्तरता दिइरहनुभएको छ । तमाम किसिमका विघ्नबाधा, अप्ठेरा र चुनौतीहरूको सामना गर्दै पत्रकारिताका क्षेत्रमा साथीहरू जनादेशलाई अगाडि बढाउँदै हुनुहुन्छ । त्यसैगरी साथीहरू कलमका माध्यमबाट आफ्नो दायित्व पूरा गरिरहनुभएको छ । यसले आफू जेलभित्र रहेर पनि मलाई हर्ष र गर्वको अनुभूति गराइरहेको छ । मेरो हातबाट मेरो कलम खोसेर मलाई हतकडी पहिराइए पनि हामीहरू यात्रामा फेरि सँगसँगै कलम उठाउनेछौं । जनतासँगको मुक्तियात्रामा होस्टे र हैंसे गर्दै साथसाथै अघि बढ्नेछौं भन्ने विश्वास मैले लिएको छु र साथीहरूलाई पनि यही विश्वासले दृढ, निर्भिक र अविलिचित हुन अनुरोध गर्दछु ।

कविता

भगौडा

✍ संजीप शुभचिन्तक

भाग्नु हुन्थेन हजुर म भागे
हिजो बलिया खुट्टा हुँदा भागिन
आज बैशाखी टेकेर भागे
म आफै भागे वा बैशाखीले भगायो
मलाई थाहा छैन हजूर ! तर म भागे
हो हजूर म भगौडा ।
हिजो,
डमी बोकेर दिनरात उफ्रँदा भागिन
भीरबाट खसेर ढाड कुप्रदा भागिन
धीत मारेर ढिडो खान नपाउँदा नि भागिन
तातो गोलीले छाती छेड्दा त भाग्नुपर्ने हो
तर पनि म भागिन ।
अब त उहिलेका कुरा खुइलिए हजुर
हो हजूर म भगौडा ।
अचेल,
भैरवनाथबाट एक हुल अस्थिपञ्जरहरू आउँछन्,
म सँग आफ्नो अस्तित्व माग्छन् ।
मिमिरे हुन नपाउँदै मैनाहरू आउछन्,
मसँग आफ्नो अस्मिता माग्छन् ।
अवोध बालक च्यापेर सहिद पत्नीहरू आउँछन्,
मसँग अलिकति आश माग्छन् ।
चिहानबाट चिच्याउँदै संगीहरू आउछन्,
मसँग अलिकति विश्वास माग्छन् ।

म दानवीर कर्णभैंं टाउको हल्लाउँछु
भएभरको दिउँ भन्छु अफसोस शून्य नै पाउँछु
म देख्छु मेरो जोड जोडिदैन बल्कि निरन्तर घटिरहन्छ ।
सायद, यो मार्क्सले नदेखेको गणितीय समस्या हो ।
समाधान खोज्दाखोज्दै,
समाधान खोज्नै नसकेर म भागे ।
हो हजूर म भगौडा ।

मेरो मस्तिष्कमा उथलपुथल भएको छ
मेरो गिद्दीमा सायद इन्फेक्सन भएको छ

म वर्गीय बाटो छोड्नै सक्तिन
मेरो बाचाकसम तोड्नै सक्तिन
उफ ! यो मलाइ के भयो ?
तिमीले जे प्यारो ठान्दै छौ, मैले त्यसलाई पाप ठाने
तिमीले जसलाइ प्राप्ति मान्दै छौ, मैले त्यसलाई विश्वासघात माने
साँच्चै, त्यसैले म भागे
हो हजूर म भगौडा ।
मेरो,
चुहिएको छाप्रोको छानो छाउनलाई म भागे
बाँझो बारीमा बाली लाउनलाई म भागे
बिरामी छोरीलाई सिटामोल खुवाउनलाई म भागे
आफ्नो लागि पसिना चुवाउनलाई म भागे

भन्नेहरू हो !
छातीमा हात राखेर हेर !
मेरो आँशु बगिरहँदा तिमी कसरी बियर बगाइरहेका छौं
मेरो भोक निन्द हराउँदा तिमी कसरी ८४ व्यन्जनले अघाइरहेका छौं
मलाई जस्तै तिमीलाई किन हुँदैन ?
मलाई छुने कुराले तिमीलाई किन छुदैन ?
अनि त, म भागे ।
हो हजूर म भगौडा

हो,
हिजो र आजको हाम्रो सम्बन्ध उल्टेर म भागे
तिम्रो र मेरो विचार नसुल्टेर म भागे
तिमीसँगै बस्दा काँडा बिझेर म भागे
छाता ओढ्दाओढ्दै पनि रुझेर म भागे
हो हजूर म भगौडा ।

साँच्चै,
तिम्रो मेरो हिसाब पर्छाउन नसकेर म भागे
आफूसँग भएको एक मुठ्ठी कसेर म भागे
हो हजूर म भगौडा ।

भक्तपुर

सामना साँस्कृतिक परिवारका कलाकारद्वयको 'जनवादी विवाह'

ललितपुर । माओवादी जनयुद्धसँगै जन्मिएर स्थापित बनेको सामना साँस्कृतिक परिवारका कलाकारद्वय अनिश योञ्जन र रुषा जिम्बाबीच शनिबार ललितपुरको कुपण्डोलमा जनवादी विवाह सम्पन्न भएको छ । जनयुद्धले नै स्थापित गरेको 'जनवादी विवाह'को संस्कृतिलाई अँगाल्दै कलाकारद्वय योञ्जन र जिम्बाले जनवादी विवाह गरेका हुन् । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'को प्रमुख आतिथ्यतामा सम्पन्न विवाहमा क्रान्तिकारी माओवादीका केन्द्रीय कार्यालय सदस्य रामसिंह श्रीस, सचिवालय सदस्य तथा नेवा राज्य इन्चार्ज दिनेश शर्मा'सागर' लगायत नेता कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

कलाकारद्वयले जनयुद्धका सहिदहरूको सम्झनामा मनाउँदै आएको सहिद सप्ताहको पहिलो दिन पारेर जनवादी विवाह गर्ने सोच बनाए अनुसार नेकपा (क्रान्तिकारी माओवादी) नेवाः राज्यले विवाहको आयोजना गरेको थियो । वैवाहिक कार्यक्रममा दुलाहा र दुलहीका आफन्तहरूको पनि उपस्थिति रहेको थियो ।

वस्तुगत...

सिद्धान्तत : सामिप्यता देखिन्छ भने प्रचण्ड, बाबुरामको । प्रचण्ड र बाबुराम भन्दै छन्- नेपालको संविधान २०७२ को कार्यान्वयनभित्र समाजवादी व्यवस्थाको कार्यान्वयन सन्निहित छ । तर प्रचण्डलाई थाहा हुनै पर्ने हो कि समाजवादको स्थापना नेपालमा अहिले कसरी सम्भव छ ? वर्तमान पुँजीवादी व्यवस्थाको समाजवादी व्यवस्थाद्वारा विस्थापन प्रक्रिया के हो ? प्रचण्डले अझै पनि भन्दै छन्- नेपाली क्रान्तिको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो । तर अर्कोतिर उनी 'नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो, अब समाजवादी व्यवस्थाको स्थापना त्यसको आवश्यकता हो' भन्दै छन् । हुन त यो सवालमा विप्लवले पनि सारमा त्यही मार्ग- नयाँ जनवादी क्रान्ति र माओवादलाई छाडेर क्रमशः समाजवादी क्रान्तिको न्यूनतम कार्यक्रम स्विकार्दै प्रचण्ड र बाबुरामको नयाँ अवतार हुने त होइनन् ? उनको आठौं महाधिवेशनलाई लिएर यसबारे केही शंका उपशंका उठेका छन् ।

सामन्तवादी व्यवस्था, पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्थाबीचको अन्तर भनेको त्यहाँको उत्पादन शक्ति र उत्पादन सम्बन्ध, त्यहाँको राजनीतिक प्रणाली र त्यससितको विचारधारा हो । प्रचण्डले त संविधानमै समाजवादी व्यवस्थाको परिकल्पना गरिएको छ भनिसकेपछि, त्यसैले अबको परिवर्तनको मार्गनिर्देशन गर्दछ भनेपछि, उनले भन्ने गरेको अब उनले गर्ने नेपाली क्रान्तिको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद भन्न मिल्छ त ? यो त सिंधै जनताप्रति धोका र क्रान्तिकारी कम्युनिस्टहरूबीचमा फैलाउने भ्रम मात्रै हो । तर नेपालको संविधान २०७२ मार्फत् नेपाली क्रान्ति अब समाजवादतर्फ उन्मुख भयो भनेर उनी कसरी भन्दै छन् ? के हो समाजवादी व्यवस्था ? यो उनले बुझेका छैनन् भन्न सकिदैन । यो त बुझेर पनि बुझ पचाइरहेको भन्न सकिन्छ । यसरी बुझेर पनि बुझ पचाइरहने र दिनमा तीन चारपटक झुट बोल्न सक्ने भनेको प्रचण्ड प्रवृत्ति नै हो, अरुबाट त्यो सम्भव छैन ।

हामी सबैलाई थाहा छ, नेपालको अहिलेको मुख्य उत्पादक शक्ति भनेको जमिन नै हो । यसको अहिलेको वैचारिक पक्ष भनेको धर्म र मूलतः नेपालमा हिन्दु धर्म नै हो । अहिले सरकारमा रहेका दलका नेताहरू सबैजसो नेपालका कुलिन वर्गहरूका नै प्रतिनिधि हुन् र सर्वहारावर्ग त्यहाँसम्म पुग्न सकेको छैन । यसरी मुख्य उत्पादक शक्ति, यसको वैचारिक र राजनीतिक पक्षआदि सबै सामन्तवादी व्यवस्था अन्तरगत नै अहिले पनि छन् । यसले के स्पष्ट पार्दछ भने नेपालमा राजतन्त्रको अन्त्य भएर गणतन्त्र आएतापनि सामन्तवादी व्यवस्था जो भूस्वामित्वमा कायमै छ । यो वास्तविकतालाई मान्ने तर अबको नेपाली क्रान्ति समाजवादी क्रान्ति भन्नेहरूलाई के भन्ने ? पुँजीवादी व्यवस्था हुनका लागि मूल उत्पादक शक्ति पुँजी, वैचारिक शक्ति अधिभौतिकवाद र राजनीतिक प्रणाली प्रतिनिधिमूलक सहभागितासहितको र व्यक्ति निहित भौतिक वस्तुको अस्तित्व हो । यो सही हो अहिलेको राजनीतिक प्रणाली पुँजीवादी छ । तर उत्पादक शक्ति प्रमुखरूपमा अझै पुँजी भइसकेका छैनन् । पुँजीवादको राजनीतिक प्रणाली संसदीय व्यवस्थालाई मान्ने वर्तमान संविधान खारेज नगरी कसरी त्यसपछि आउने व्यवस्था नेपालको सन्दर्भमा समाजवादी भन्न सकिन्छ ? यसो भनिरहँदा प्रचण्डको क्रान्तिको मार्ग निर्देशक सिद्धान्त कसरी मालेमा हुन सक्छ ? यो माओवादी कार्यकर्तालाई केही समय भ्रममा पारेर आफ्नो अस्तित्व बचाउने एउटा नवसंशोधनवादी जाल मात्रै हो । संसदीय व्यवस्थालाई नै पुँजीवादी व्यवस्थाको रूपमा बुझ्ने । अनि यसको स्थानमा समाजवादी व्यवस्थाको स्थापना भन्ने ? मार्क्सवादले मानेको यसको मार्ग भनेको सबै रूपमा पुँजीवादी व्यवस्थाका प्रणालीहरूलाई संस्थागत गर्दै गएर होइन्, यसलाई सबै क्षेत्रबाट ध्वस्त पारे मात्रै कम्युनिस्टले सोंचेको समाजवादको निमाण र विकास सम्भव छ । यसले के स्पष्ट पार्दछ भने पुँजीवादी व्यवस्थाको रक्षा र विकास गर्दै समाजवादमा जान सम्भव नै छैन । पुँजीवादी व्यवस्थाको राजनीतिक प्रणाली जो संसदीय व्यवस्था हो, त्यसलाई ध्वस्त नपारी कसरी समाजवाद ल्याउन सम्भव छ ? त्यसैले केमा स्पष्टताको आवश्यकता छ भने समाजवादी व्यवस्थाका लागि गर्नै पर्ने कामहरू के के हुन् भन्ने स्पष्ट पारेर अनि त्यसका आधारमा समाजवादी क्रान्तिमा लाग्ने हो । नेपालमा पुँजीवादी व्यवस्थाको स्थापना भएन, अब पनि सकिदैन, त्यसैले अहिले नै यही संविधानको कार्यान्वयन गर्दै समाजवादी क्रान्तिका लागि अगाडि बढनु पर्दछ भन्नु गलत हो, पराजित मानसिकता हो, नयाँ जनवादी क्रान्तिबाट भाग्ने अवसरको खोजी हो ।

के सही हो भने वा के मा बहसको आवश्यकता छ भने वर्तमानको प्रमुख उत्पादक शक्ति मानव श्रम हो जो अहिले विज्ञान प्रविधिको विकास बन्न गएको छ ? विगतमा समाजवादको स्थापना गर्दा सामाजिक श्रमलाई प्रमुखता दिइनथ्यो भने वर्तमानमा विज्ञान प्रवृद्धिले महत्वपूर्ण स्थान ओगटेको यथार्थता हो । पुँजीवाद भनेको व्यक्ति प्रधान हो भने समाजवाद भनेको समाज प्रधान,सामाजिक व्यवस्था हो । मार्क्सवादी-लेनिनवादी-माओवादीको काम वर्तमान दलाल तथा एकाधिकार पुँजीवादलाई परास्त गर्ने हो, त्यो पनि मार्क्स, ऐंगेल्स, लेनिन र स्तालिनले देखेको भोगेको राष्ट्रिय चरित्र बोकेको पुँजीवाद होइन्, वर्तमान साम्राज्यवादीको अन्तरगत चल्ने एकाधिकार दलाल पुँजीवाद हो । जसको उत्पादक शक्ति पुँजी बन्न गएको छ । हामीसित मालेमा एउटा सैद्धान्तिक र वैचारिक हथियार छ जसलाई हामी द्धन्दात्मक भौतिकवाद भन्दछौ । तर पुँजीवादमा उनीहरूले भन्ने गरेको आवधिक निर्वाचनमा आधारित जनप्रतिनिधिमूलक व्यवस्था छ, जसलाई उनीहरू संसदीय व्यवस्था भन्दछन् । यसलाई बलियो बनाउन अहिले उनीहरूको जोड प्रत्यक्ष सहभागितामुलक व्यवस्था भनिरहेका छन् । नीजी स्वामित्व उनीहरूको आधार हो भने हामीसित सैद्धान्तिक रूपमा सामुहिक स्वामित्व छ तर व्यवहारमा यो सामाजिक स्वामित्वलाई उतार्न कम्युनिस्टहरू त्यति सफल देखिएका छैनन् । वर्तमान सम्राज्यवादसित लडनका लागि सबैभन्दा च्यालेनजींग विज्ञान प्रवृद्धि बन्दै गएको छ । यसरी हामी नेपाली कम्युनिस्टहरूका लागि नभई विश्वस्तरमा पनि कम्युनिस्ट बीचको बहस को आवश्यकता छ-प्रथम यी सबैमा हामी कुन अवस्थामा कहाँ छौ र हामी कम्युनिस्टहरूले विज्ञान र प्रवृद्धिलाई के कति विकास गर्न सफल भएका छौ । हामीले समाजवादी क्रान्ति गरेर देशमा समाजवादी व्यवस्था स्थापना गर्ने त भनिरहेका छौ तर हामी स्वयम् हाम्रा कार्यशैली, जीवनशैली, कम्युनिस्ट मूल्य-मान्यतामा कसरी टिक्न सकिरहेका छौ ? तर अनुभव बताइरहेको छ - हामी ती सबैबाट स्खलित बन्दै गइरहेका छौ । हामी समाजवादी क्रान्ति गर्ने कुरा गर्दछौ तर सामाजवादी क्रान्ति गर्दा हामीले वर्तमानमा विद्यमान पुँजीवादी सत्ताका विरुद्ध समानान्तर सत्ताको रूपमा सामाजिक व्यवस्थाका लागि क्रान्ति त गर्नै पर्दछ । यो क्रान्ति केवल दुइ चार हजार वा लाख पार्टी कार्यकर्ताद्धारा मात्रै सम्भव छैनु, जसका लागि जनताको लामवन्दीको आवश्यकता छ र जसका लागि उनीहरूलाई वर्तमानमा विकसित विज्ञान र प्रवृद्धिले लैस पार्नै पर्दछ ।

मार्क्सवाद-लेनिनवाद-माओवादले भन्दै आएको तथ्य के हो भने एउटा सामाजिक व्यवस्थावाट अर्को सामाजिक व्यवस्थामा समाजलाई रूपान्तरण गर्दा उत्पादक शक्ति जो पुँजी र विज्ञान प्रवृद्धि दुवै हो, त्यो फेरिनु आवश्यक छ । विचारधारा र राजनीतिक प्रणाली स्वामित्व सबै फेरिनु आवश्यक छ, जो एउटा सर्वहारावर्गीय क्रान्तिबाट मात्रै सम्भव छ । अहिले हामीले यदि पुँजीवादको राजनीतिक प्रणाली जसलाई हामी संसदीय व्यवस्था भनिरहेका छौ र त्यो राष्ट्रपतीय प्रणाली पनि हुन सक्छ । यदि त्यसलाइ मात्रै केन्द्रीत गरेर प्रचण्ड र बाबुरामले भनेझै - पुँजीवादी व्यवस्थाको अन्त्य गरी समाजवादी व्यवस्था ल्याउने भन्ने सैद्धान्तिक निष्कर्ष हो भने यस्तो निष्कर्षले पुँजीवादलाई हानी होइन फाइदै फाइदा मात्रै हुने छ र सर्वहारावर्गलाई क्रान्ति र परिवर्तनको नाममा सधैभरी धोकै धोका ।

hukumsingh2012@yahoo.com

जारी...

सदस्यीय आयोजक समिति गठन गरेको छासो आयोजक समितिका सदस्यहरूमा क्रमशः छायादत्त न्यौपाने,डा.विदुर वस्ती,असल पाख्रिन,विष्णु नेम्वांग,ईश्वरी गुरागाईं,विमला चन्द,अनिस योञ्जन,विष्णु न्यौपाने,वसन्त राज उप्रेती,सफल राग सोडारी,असल वाइवा,रुषा जिम्बा,मदन योञ्जन,अमित योञ्जन,देछेन वांम्गोलामा,अनिल स्यांबो,जय दाहाल,पेमा वांबोलामा,गोविन्द थिंग,कुमार पूर्वेली,दिपक भन्डारी,प्रीतम थापा, क्षितिज गुरुङ,चेतन गोतामे,बिशाल योञ्जन,सुनमाया वाइवा लगायत रहेका छन्। नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा नेवाः राज्य संयोजक दिनेश शर्मा'सागर'को विशेष आतिथ्यता र अखिल नेपाल जनसाँस्कृतिक महासंघका केन्द्रीय अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीको प्रमुख आतिथ्यतामा सम्पन्न भेलामासमालोचक डा.जगदीशचन्द्र भन्डारी, साहित्यकार हिरामणी दुस्खी,बसन्त बोगटी र शिवसुन्दर शाहीको उपस्थिति रहेको थियो।

अनेमसंघ (क्रान्तिकारी) अवधमा निमकला पुनमगर

बुटवल । अखिल नेपाल महिला संघ(क्रान्तिकारी)को एक भेलाले अवध राज्यको संयोजकमा निमकला पुनमगरलाई संयोजकमा चयन गरेको छ ।

सोमबार बुटवलमा सम्पन्न भेलाले पुनमगरको संयोजकत्वमा नौ सदस्यीय अनेमसंघ (क्रान्तिकारी) अवध राज्यको नयाँ कार्यसमिति चयन गरेको हो । सो समितिका सदस्यहरूमा क्रमशःदिपा सिटौला,गिता पाण्डे,उर्मिला थापा,शान्ता मरासनी,कल्पना गौतम,चीजा श्रीस र पुष्पा वि.क. रहेका छन् ।

भेलाको उद्घाटनसंघकी केन्द्रीय सहसंयोजक अम्बिका मुडभरीले गरेकी थिइन् भने भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य प्रेमनाथ सुवेदीको विशेष उपस्थिति रहेको थियो । संघले काठमाण्डौमा फागुन २५,२६ र २७ गते गर्न लागेको राष्ट्रिय भेलाको पूर्वसन्ध्यामा राज्य भेला गरेको जनाएको छ । यस्तै, संघले फागुन १४ गते नवलपरासी तथा २० गते रूपन्देहीको भेला सम्पन्न गर्ने तय गरिएको नेता निमकला पुनले बताइन् । राष्ट्रिय भेलालाई भव्य रूपमा सम्पन्न गर्न संघले सदस्यता वितरण,आर्थिक संकलन, प्रचा-पम्पेट,जनभेटघाट,प्रतिनिधि-प्रर्यवेक्षक चयन लगायतका कार्यलाई अगाडि बढाइरहेको जनाएको छ ।

भक्तपुरमा अप्सरा मगर, ललितपुरमा टिका राई

भक्तपुर । अखिल नेपाल महिला संघ(क्रान्तिकारी)ले अप्सरा मगरको अध्यक्षतामा १५ सदस्यीय भक्तपुर जिल्ला संगठन समिति गठन गरेको छाशनिबार गठन भएको सो १५ सदस्यीय समितिमा उपाध्यक्ष राधा सितिखु,सचिव अप्सरा कार्की, कोषाध्यक्ष दिलमाया तामाङ र सदस्यहरूमा क्रमशः यशोदा बस्नेत, मसली तामाङ,रचना नेपाली,अनिसा थिंग,मनकुमारी राई,कविता श्रेष्ठ, उर्मिला तामाङ, अञ्जली तामाङ लगायत रहेका छन् । यसबीच, अनेमसंघ (क्रान्तिकारी)को ललितपुरको एक भेलाले टीका राईको संयोजकत्वमा ९ सदस्यीय अनेमसंघ (क्रान्तिकारी) ललितपुर जिल्ला समितिको गठन गरेको छ ।

देजमो बुढानिलकण्ठ नगर कमिटी गठन

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको एक भेलाले बुढानिलकण्ठ नगर समिति गठन गरेको छ । भेलाले बुढानिलकण्ठ नगर समितिको देजमो संयोजकमा जमानसिंह लामालाई चयन गरेको छ । लामाको संयोजकत्वमा १३ सदस्यीय देजमो बुढानिलकण्ठ नगर समिति गठन गरेको भेलाले सहसंयोजकमा सह-संयोजक नेत्रबहादुर अधिकारी,सचिव कुमार मगराती र सदस्यहरूमा क्रमश : डल्ले नगरकोटी, बिजय तामाङ, हर्कमान लिम्नू, रविन्द्र राई, धनबहादुर राई, विशाल तामाङ, जीवन घिमिरे, एलिसा घिमिरेलाई चयन गरेको छ ।

भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सल्लाहकार तथा काठमाडौं जिल्लाका सहसंयोजक खगेन्द्र छन्त्याल, केन्द्रीय सल्लाहकार पदम भण्डारी, स्थानीय पार्टी नगर समितिका संयोजक शेखरनाथ आचार्य र हसंयोजक देवीप्रसाद अधिकारी लगायत नेताहरूको उपस्थिति रहेको थियो ।

सेक्युरिटी संघको काठमाडौंमा चन्द्रसिंह बडाल

काठमाडौं । अखिल नेपाल क्रान्तिकारी सेक्युरिटी संघको काठमाडौं जिल्ला भेलाले चन्द्रसिंह बडाललाई जिल्ला अध्यक्षमा चयन गरेको छ । सैयौंको संख्यामा सेक्युरिटी मजदुरहरूको उपस्थितिमा भएको भेलाले बडालको अध्यक्षतामा १७ सदस्यीय जिल्ला कार्य समिति निर्माण गरेको हो । भेलाले क्रान्तिकारी सेक्युरिटी संघ काठमाडौंका उपाध्यक्षहरूमा क्रमशः भिम सुर्खेती, चन्द्र श्रेष्ठ र कृष्ण आचार्य, सचिवमा गणेश भट्ट, सह-सचिवहरूमा क्रमशः प्राविण पन्त, केदार थापा,रमेश नेपाली र कृष्ण थापा मगर र कोषाध्यक्षमा शेर बहादुर सिंहलाई चयन गरेको छ भने सदस्यहरूमा क्रमशः सिमा बस्याल, हेमन्त सापकोटा, शुसन राई, सुर्य नेपाल, धन मान श्रेष्ठ, पदम लुइँटेललगायत चयनमा परेका छन् ।

चन्द्र शिंह बडालको सभापतित्वमा भएको सो भेलाको संचालन रमेश रोक्काले गरेका थिए भने भेलामा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय संयोजक इश्वर तिमिल्सिनाको प्रमुख आतिथ्यता, पार्टीका नेता भरत बुर्जा मगर बिशेष आतिथ्यता तथा सेक्युरिटी संघका केन्द्रीय अध्यक्ष ठमान शिंह तामाङ लगायत सेक्युरिटी संघका केन्द्रीय पदाधिकारी समेतको उपस्थिति रहेको थियो ।

जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले पनि अभियान चलाउने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले देशैभरिबाट काठमाण्डौ आएर अस्थायी तथा स्थायी रूपमा बसोबास गर्दै आएका विभिन्न पेशा व्यवसायमा आवद्ध व्यक्तिहरूलाई मञ्चमा आवद्ध गराउन सांगठानिक अभियान चलाउने भएको छ । मञ्चको फाल्गुन ७ मा बसेको बैठकले ७२ जिल्लाबाट उपत्यका (काठमाडौं, ललितपुर, भक्तपुर) आई स्थायी वा अस्थायी रूपमा बसोवास गरी विभिन्न पेशा र व्यवसायमा आवद्ध भएका देशभक्त, जनगणतन्त्रवादी,आमुल परिवर्तनका पक्षपातीहरूलाई संगठित गर्ने निर्णय गरेको हो । जसको निम्ति सदस्यता वितरण अभियानलाई व्यापक बनाउने, क्रान्तिकारी माओवादीले लिएको नीति, योजना र कार्यक्रमलाई दृढताका साथ कार्यान्वयन गर्ने र संगठन विस्तार तथा सुदृढीकरणलाई अभियानको रूपमा घनिभुत ढंगले अघि बढाउने निर्णय समेत गरेको मञ्चका संयोजक हरिकृष्ण गजुरेलले बताए ।

अनेमसंघ (क्रान्तिकारी)को बुढानिलकण्ठ नगर कमिति गठन

काठमाडौ । बुढानिलकण्ठमा सम्पन्न एक भेलाले हर्क माया लिम्बु संयोजक र मीचू राई उपसंयोजक रहेको नेकपा (क्रान्तिकारी माओवादी) निकट अनेमसंघ (क्रान्तिकारी) को ९ सदस्यीय बुढानिलकण्ठ नगर कमिटि गठन गरेको छ । भेलाको प्रमुख आतिथ्यता क्रान्तिकारी माओवादीका केन्द्रीय सल्लाहकार तथा काठमाडौं सहसंयोजक खगेन्द्र छन्त्यालले गरेका थिए भने केन्द्रीय सल्लाहकार तथा बुढानिलकण्ठ नगर इन्चार्ज पदम भण्डारीको बिशेष आतिथ्यता रहेको थियो । भेलामा पार्टीका नगरसंयोजक र उपसंयोजकहरू क्रमशः शेखर नाथ आर्चाय र देबीप्रसाद अधिकारीको समेत उपस्थिति रहेको थियो ।

देजमो टोखा नगर कमिटी गठन

काठमाडौं । देजमो टोखा नगर कमिटी गठन गरिएको छ । हालै भएको एक भेलाले रामशरण गिरी संयोजक, गोपाल विक सहसंयोजक र सचिवमा बद्री नेवाल रहेको १५ सदस्यीय कमिटी गठन गरिएको हो । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठ, देजमो काठमाडौंका जिल्ला अध्यक्ष किरण शाही, पार्टीका जिल्ला संयोजक शारदा महत लगायत नेताहरूको उपस्थितिमा भएको उक्त भेलाले देजमो टोखा नगर कमिटिका सदस्यहरूमा क्रमशः जय ब. विक, इन्दुमाज सिरपाइली, विज्ञान नेपाल, सुमित्रा न्यौपाने, भैरव थापा, बावुलाल गोले, लक्ष्मण ठाकुर, लालु यादव, बेद रसाइलीलगायत रहेका छन् ।

देजमो सुर्खेतको संयोजकमा नहकुल सन्ज्याल

सुर्खेत । हालै भएको एक भेलाले नहकुल सन्ज्याललाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल सुर्खेतको जिल्ला संयोजकको रूपमा चुनेको छ । सो मोर्चाको जिल्ला सचिवमा श्याम कार्की चुनिएका छन् भने सदस्यहरूमा रत्न नेपाली, गणेश शाही, हिक्मत बयक, नविन शर्मा, रबिन नेपाली, गणेश सुवेदी, टंक ब. थापा, श्याम नाम्जाली, शान्ता भुसाल, सुर्य थापा, रेजिना सन्ज्याल रहेका छन् । भेलाले मोर्चाको जिल्ला सल्लाकारमा भक्त बहादुर सुनारलाई चयन गरेको छ ।

जम्काभेट

अब अखिल क्रान्तिकारी 'सडक बाघ'का रूपमा स्थापित हुन्छ

जगदीश शाही, संयोजक- अखिल (क्रान्तिकारी) भेरी-कर्णाली राज्य समन्वय समिति

अखिल क्रान्तिकारीको भर्खरै राष्ट्रिय भेला सम्पन्न भएको छ । यो राष्ट्रिय सम्मेलनले आम क्रान्तिकारी विद्यार्थी आन्दोलनलाई कतिको उर्जाशील बनाउला ?

हो, हाम्रो राष्ट्रिय भेला सम्पन्न भएको छ । यो राष्ट्रिय भेलाले देशैभरिका राष्ट्रवादी, देशभक्त, जनगणतान्त्रिक, अग्रगामी आम युवा, विद्यार्थी, महिला, दलित, जनजाति, मधेशी लगायत सम्पुर्ण उपेक्षित वर्गलाई माथि उठाउने र सामन्त, दलाल, पुँजीवादी, विस्तारवादका विरुद्ध आबाज बुलन्द गर्ने दृढ विश्वासका साथ अगाडि बढ्ने कुरा, निश्चित छ र क्रान्तिकारी विध्यार्थीहरू अब एकताबद्ध भएर अगाडि बढ्नेछन् ।

अखिल क्रान्तिकारी अब फेरी 'सडक बाघ'को रूपमा गर्जिन सक्छ ?

अवश्य नै अखिल क्रान्तिकारी सडक बाघका रूपमा स्थापित हुन्छ, यो कुरामा दुई मत छैन । हिजोदेखि नै अखिल क्रान्तिकारी विद्यार्थी संगठनले सामान्त, दलाल, यथास्थितिवादी, अत्याचारीको विरुद्धमा लड्दै आएको इतिहास हाम्रो अगाडी घामजतिकै छर्लङ्गै छ । हाम्रो संगठन बलिदान गर्न तयार हुने तर आत्मसर्मपण नगर्ने, यतनाको प्रयोगशाला बन्न तयार हुने तर आफ्नो वर्गप्रति बेइमानी नगर्ने, विद्रोह र मुक्तिको धारा हो ।

स्ववियू चुनावमा तपाईहरूको पोजिसन के हुन्छ ? तपाई भेकको संयोजक, त्यहाँको विद्यार्थी आन्दोलनको स्थिति कस्तो छ ?

स्ववियू चुनाव नै सबै कुरा होइन, स्ववियू चुनावमा हामी जाँदा पूर्णसमानुपातिक, समावेशी, समानुपातिक स्ववियू प्रणालीको कुरा हामीले उठाएका छौं, स्ववियूमा गएर जितेका सभापतिलगायत पदाधिकारीहरूले भ्रष्टाचार गर्ने, गुण्डागर्दी गर्ने, सरकारी सम्पत्तिको दुरूपयोग गर्ने जुन किसिमको गलत प्रवृत्ति छ, त्यसका विरुद्धमा हामी लामो समयदेखि लड्दै आएका छौं । हामी स्ववियू चुनावमा जान्छौं, विद्यार्थीको हकहित र अधिकारको निमित्त हामी लड्छौ । भेरी-कर्णालीका युवा विद्यार्थीले हिजोदेखि नै राज्य परिवर्तनको निमित्त ठुलो बलिदान गरेको स्थिति छ, जहिले पनि राज्यले भेरी कर्णालीका जनतालाई दाम्रो दर्जाको नागरिक बनाएको छ । विभेदकारी चरित्र देखाउदै आएको छ । त्यसका विरुद्ध हामी जनगणतान्त्रिक विद्यार्थी डटेर लड्दै आएका स्थिति छ । भेरी-कर्णालीका जनता आज पनि रोग, भोक र शोकमा बाँचेको स्थिति छ । राज्य मुख दर्शक बनेको देखिन्छ । यो प्रवृत्तिका विरुद्ध हामी लड्नुको विकल्प छैन ।

एकमुष्ठ...

लगाएको सिन्डिकेटको मारमा सबै मसिना संगठन परे । त्यसले विद्यार्थीको भाग्य र भविष्य उन्नतितर्फ नभई अवनतितर्फ गइरहेको छ । यस्तो अवस्थामा हामी यो देशको जिम्मेवार राजनीतिक दल निकट जिम्मेवार विद्यार्थी संगठन हुनका नाताले चुपचाप हेरेर बसिरहन सक्दैनौं । त्यस कारण विद्यार्थीका हक अधिकारलाई स्थापित गर्ने, उनीहरूको राजनीतिक चेतनाको विकाश गर्ने/गराउने र सामाजिक आन्दोलनमा पनि अग्रपंक्तिमा उभिन सक्ने नागरिक बनाउने दिशामा काम गर्न पनि हामी स्ववियु निर्वाचनमा होमिएका छौं । हामीले स्ववियु निर्वाचन जितेको अवस्थामा या हारेको अवस्थामा पनि विद्यार्थी आन्दोलनभित्र मौलाउँदै गएको विकृति, विसंगति, कुसंस्कारको अन्त्यका लागि निरन्तर संघर्ष गर्छौं ।

अरु विद्यार्थी संगठन भन्दा तपाईंहरू कुन अर्थमा फरक र श्रेष्ठ हुनु हुन्छ?

अरु संगठन विज्ञप्ति निकाल्ने कर्मकाण्डी विधिमा सीमित भए । विद्यार्थी आन्दोलनको जुन प्रतिपक्षीय चरित्र हो, उनीहरूले त्यसलाई गुमाइसकेका छन् । अहिले केही विद्यार्थी संगठनका नेताहरू कुन नेता र मन्त्रीको पीए बन्न पाइन्छ र आर्थिक लाभ हासिल गर्न पाइन्छ भनेर ज्यान छाडेरै लागेका छन् । हामी त्यो भन्दा फरक छौं र विद्यार्थी आन्दोलनलाई आम विद्यार्थीको साझा र सरकार र राजनीतिक दलहरूलाई समेत खबरदारी गरिहने प्रतिपक्षी भूमिकालाई स्थापित गर्न सफल भएका छौं ।

त्यति मात्रै होइन यो देशको भविष्यका कर्णधार युवा विद्यार्थीको नेतृत्वदायी विद्यार्थी संगठन हुनुको नाताले पनि हामी यो देशको राष्ट्रियताका लागि निरन्तर संघर्ष गर्दै आइरहेका छौं । हामीले राष्ट्रियताको विषयलाई लिएर भारत र चीनबीच व्यापारिक हबका रूपमा विकास गर्ने सम्झौता भएको नेपालको लिपुलेक पुगेर राष्ट्रिय झण्डा फहरायौं भने राष्ट्रसंघका महासचिवलाई ज्ञापनपत्र समेत बुझायौं । नेपालभित्र भारतीय राष्ट्रिय गान, संस्कृति पढाइ हुने विद्यालयलाई सम्बन्धन दिनुहुन्न भनेर शिक्षा मन्त्रालय तथा शिक्षा विभागमा ज्ञापन पत्र बुझायौं । नेपालको संस्कृति बिगार्ने खालका पाठ्यक्रम पठनपाठन, नामाकरण र उच्छृंखल शैक्षिक क्रियाकलाप नगर्न संस्थागत तथा निजी विद्यालयहरू डीएभी, चेल्सी, लिभरपुल, मोर्डन इन्डिएन, वासिङ्टन, पेन्टागन लगायतलाई सचेत गराउने काम हामीले नै गरेका हौं । अहिलेसम्म हामीले हाम्रा सारा गतिविधिलाई आम विद्यार्थीको हकहित र अधिकारको रक्षा, समस्याहरू समाधानलगायतमा केन्द्रित गरेका छौं र विद्यार्थी आन्दोलनको आफ्नै चरित्रलाई गुम्न दिएका छैनौं । त्यसकारण पनि हामी डलरवादी, भत्तावादी र सरकारी देखावटी चरित्रको आन्दोलन हुनबाट बचाएका छौं । यस अर्थमा पनि हामी अरु विद्यार्थी संगठन भन्दा फरक मात्रै छौं र आम विद्यार्थीको उज्वल भविष्य पनि यही आन्दोलनभित्र छ ।

तपाईंहरूको चुनाव जित्ने आधार र रणनीति के छ ?

चुनाब जित्नका लागि हाम्रा मुद्दाहरू नै काफी छन् । शिक्षामा वैदेशिकीकरण, दलालीकरण र माफियाकरणका विरुद्धमा बोल्ने एकमात्रै संगठन अखिल (क्रान्तिकारी) वैद्य हो । विद्यार्थीलाई सवारी यातायात तथा स्वास्थ्य परीक्षणमा पचास प्रतिशत छुट हुनुपर्छ भन्ने हाम्रो संगठनको माग रहँदै आएको छ । स्नातक तथा स्नातकोत्तर पढ्ने विद्यार्थीहरूलाई निश्चित समय काम गर्ने (पार्ट टाइम जब) अवसर प्रदान गरेमा उनीहरू नै राष्ट्रका दक्षजनशक्ति बन्न गई विदेश पलायन हुनबाट जोगिन्छन् । हाम्रो संगठनले विद्यार्थीको भाग्य र भविष्यको फैसला गर्ने साझा तथा समानुपातिक प्रतिनिधित्वको आधारमा चुनाव लड्दै छ । टुटफुट र विभाजनबाट बच्दै निखारिएको हाम्रो संगठन रक्षात्मक, प्रचारात्मक र क्रियात्मक तिनै ढंगले अघि बढिरहेछ । हामीले देशैभर एकैपटक चुनाव हुनुपर्छ । एकमुष्ठ र फर्जी भर्ना खारेज हुनुपर्छ लगायत मागहरू राखी छानविन समितिमा मुद्दा दायर गरेर प्रतिवेदन सार्बजनिक गर्न भनेका छौं । प्रतिवेदन सार्वजनिकसँगै हाम्रा मुद्दाहरू कार्यान्वयन हुँदा हाम्रो जीत हुन्छ । स्वविवु निर्वाचन हुने र यसलाई भ्रष्टाचारको अखडा बन्नबाट रोक्ने आधार पनि यही हो ।

ठूला...

क्याम्पसहरूमा लागेको ताला फुटाएर भए पनि निर्वाचन प्रक्रिया अघि बढाउने सहमति भएको थियो । त्यसको मसी सुक्न नपाउँदै नेवि संघकै अर्को समूहसँगको मिलेमतोमा तरुण दलले सबै क्याम्पसमा ताला लगाउन र निर्वाचन विथोल्न निर्देशन दिएको छ ।

स्ववियु निर्वाचनको मुखमा नेवि संघमा रामचन्द्र पौडेल समूह र शेरबहादुर देउवा समूहबीचको असहमतिका कारण अधिकांश क्याम्पसमा ताला लागेको छ । नेवि संघका अध्यक्ष नैनसिंह महरले तालाबन्दीमा आफूहरूको संस्थागत संलग्नता नरहेको भन्दै ताला फुटाएर निर्वाचन गरिए आफूहरूले साथ दिने बताएका छन् ।

नेवि संघकै महासचिव कुन्दन काफ्लेको समूहले अलग्गै प्यानल निर्माण गरेको छ । पौडेल पक्षले २८ वर्षे उमेर हदको समेत विरोध गर्दै २८ वर्षे लाग्दा पौडेल पक्षधर स्वबियुका धेरै आकांक्षी उम्मेदवार बन्नबाट बञ्चित भएकाले चुनावै हुन नदिने र अध्यक्ष नैनसिंह महरलाई पनि असफल बनाउने खेलमा लागेको आरोप छ । तालाबन्दी गराउन नेवि संघका पूर्व नेता तथा तरुण दलका अध्यक्ष जीतजंग बस्नेत नै सक्रिय रहेको देउवा पक्षको आरोप छ । त्रिविले भने तालिका अनुसार फागुन १४ र १५ गतेका सबै कार्यक्रमहरू १५ र १६ गते विहान साँढे १० बजेसम्म सम्पन्न गर्न सबै क्याम्पसलाई परिपत्र गरेको थियो ।

शुरुदेखि नै अवरुद्ध भएका क्याम्पसमा भने सबै तालिका मिलाएर नयाँ निर्वाचन कार्यक्रम तय गर्नुपर्नेछ । उम्मेदवारी मनोनयनका दिन राजधानीका अधिकांश क्याम्पसमा विद्यार्थीले तालाबन्दी गरेपछि चुनाव प्रभावित भएको छ । त्यस्तै राजधानी बाहिरका पनि धेरै क्याम्पसमा ताला लागेको थियो ।

ल क्याम्पसमा अखिलले ताला फोडेपछि तनाव

नेपाल ल क्याम्पसमा विभिन्न विद्यार्थी संगठनले लगाएको ताला एमाले निकट अनेर स्ववियुले फोडेपछि तनाव उत्पन्न भएको छ । नेपाल ल क्याम्पसमा विधिसम्मत रूपमा स्ववियु निर्वाचन हुनुपर्ने, जतिबेला मन लाग्यो त्यतिबेला प्रक्रिया अघि बढाउने विषयले भ्रम सिर्जना हुने भन्दै विद्यार्थी संगठनहरूले तालाबन्दी गरेका थिए ।

क्याम्पस प्रशासनले भने ताला फोडेपछि झडप सुरु भएका कारण निर्वाचन गराउन नसक्ने भन्दै अनिश्चितकालका लागि निर्वाचन कार्यक्रम स्थगन गरेको छ । नेपाल ल क्याम्पसमा नेवि संघ, नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी), माके निकट क्रान्तिकारी, विप्लव निकट अखिल (क्रान्तिकारी), राप्रवि संघसहितका विद्यार्थी संगठनले तालाबन्दी गरेका थिए । त्यसको विपक्षमा भने एमाले निकट अनेरास्ववियु र नेमकिपा निकट क्रान्तिकारी विद्यार्थी संघमात्रै रहेका छन् ।

अधिकांश क्याम्पसमा तालाबन्दी

त्रिभुवन विश्वविद्यालयका ६० आंगिक क्याम्पसमध्ये अधिकांशमा विद्यार्थी संगठनले ताला लगाएका छन् । केन्द्रीय क्याम्पस कीर्तिपुरमा नयाँ शक्ति विद्यार्थी युनियनले अन्तिम सेमेस्टरका विद्यार्थीले भर्ना पाउनुपर्ने माग गर्दै ताला लगाएका छन् । त्रिचन्द्र, आरआर, शंकरदेव, पब्लिक युथ, पशुपति बहुमुखी, पाटन संयुक्त क्याम्पसलगायतमा पनि मनोनयन दर्ता प्रभावित हुनेगरी ताला लगाइएको छ ।

त्यस्तै थापाथली इञ्जिनियरिङ क्याम्पस, महेन्द्ररत्न क्याम्पस ताहाचल, नेपाल कमर्श क्याम्पस मीनभवनमा पनि नेवि संघसहितका संगठनको तालाबन्दी छ । विप्लव निकट अखिल (क्रान्तिकारी) को र क्रान्तिकारी माओवादी निकट अखिल (क्रान्तिकारी) ले पनि तालाबन्दी गरेको छ । पद्मकन्या क्याम्पस बागबजारमा अखिल (क्रान्तिकारी) प्रचण्डको तालाबन्दी छ ।

काठमाडौं उपत्यकाबाहिरका केही क्याम्पसमा भने मनोनयन दर्ता भएको छ । त्रिविले भने विद्यार्थी संगठनहरूले नै तालाबन्दी र आगजनी गरेपनि चुनाव रोक्ने पक्षमा नभएको जनाएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) ले भयमुक्त वातावरणमा निर्वाचन हुने वातावरण निर्माण गर्न विश्वविद्यालयलाई आग्रह गरेको छ । राजधानीमा पत्रकार सम्मेलन गरी क्रान्तिकारीले स्वबियु निर्वाचनका विषयमा समेत ३ ठूला पार्टी निकट विद्यार्थी संगठनको सिन्डिकेट लागु गरिएको, निर्वाचन प्रभावित पार्ने गरी शक्ति, पद र पैसाको दुरुपयोग गरी एकमुष्ट र फर्जी भर्ना गरिएको, निर्वाचनको वातावरण विथोलेको भन्दै त्यसलाई खारेज गरी निष्पक्ष रूपमा विद्यार्थीको अभिमत प्रकट हुने थलोका रूपमा स्वविवु निर्वाचन गराउन माग गरेको छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेम्पी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

काठमाडौं-खलंगा	बिहान ६:०० बजे
काठमाडौं- भिंगु किमीचौर	बिहान ६:३० बजे
भिंगु किमीचौर-काठमाडौं	बिहान ६:३० बजे
खलंगा-काठमाडौं	बिहान ५:०० बजे
खलंगा-नेपालगञ्ज	बिहान ८:३० बजे
नेपालगञ्ज-खलंगा	बिहान ९:०० बजे

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

काठमाडौं फोन	बाग्लुङ
०१४३८८३९३	०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

आलोपालो

'अखिल (क्रान्तिकारी) मोहन वैद्य' चुनावी प्रतिबद्धता

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) केन्द्रीय समितिद्वारा स्ववियू निर्वाचन-२०७३ को लागि सार्वजनिक रूपमा प्रतिबद्धता जारी गरेको छ । प्रतिबद्धताको पूर्णपाठ यस्तो रहेको छ :

आदरणीय विद्यार्थी साथीहरू,

हाम्रो गौरवशाली संगठन अखिल (क्रान्तिकारी) त्याग, बलिदान र समर्पणको अद्धितिय कीर्तिमान कायम गर्दै राष्ट्रियता, सहज जनजीविका र शैक्षिक रूपान्तरणको नेतृत्व गर्ने क्रान्तिकारी विद्यार्थी आन्दालनको मूल प्रवाह हो । हाम्रो यो संगठन दश वर्षे महान् जनयुद्ध, जनआन्दोलन, राष्ट्रियता र जनजीविका लगायतका सबै खाले न्यायपूर्ण आन्दोलनहरूमा सरिक हुदै जनवादी शिक्षा प्राप्तिको शैक्षिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको नेपालको क्रान्तिकारी विद्यार्थी आन्दोलनको उतराधिकारी संगठन हो ।

माओवादी पार्टीको टुटफुट, विभाजन र विचलनसँगै क्रान्तिकारी विद्यार्थी संगठनमा पैदा भएको फुट, विभाजन र विचलनका श्रृंखलाहरू पार गर्दै हाम्रो संगठन अखिल (क्रान्तिकारी) आज यहाँसम्म आइपुगेको छ । नवसंशोधनवाद, दक्षिणपन्थी आत्मसमर्पणवाद र अवसरवादका भिषण हुण्डरीहरूको विरुद्ध सतिसाल सरह दृढताका साथ उभिदै क्रान्तिकारी विचार, सिद्धान्त र वर्गसंघर्षको लालझण्डाको रक्षा गर्दै हामी अघि निरन्तर बढीरहेका छौं । यो संगठन मन्त्रीको पीए, पैसा र पजेरोको कुनै प्रलोभनमा नफस्ने, उत्पीडित वर्ग तथा समुदायको विद्यार्थीहरूको हकहितको निम्ति संघर्ष गर्ने र मालेमावादको सैद्धान्तिक विचारमा प्रतिवद्ध रहदै जनवादी शिक्षा प्राप्तिको दीर्घकालिन मूल उद्देश्यमा दृढ संकल्पित छ । सिमा अतिक्रमण र राष्ट्रियताको रक्षाको निम्ति यो संगठनले देशव्यापी जागरण अभियान सञ्चालन गर्दै लिपुलेकसम्म पुग्ने र संयुक्त राष्ट्र संघ मार्फत अन्तराष्ट्रियकरण गर्ने कार्य पुरा गरेको छ । राष्ट्रियताको पहेरेदारको जिम्मेवारी पुरा गर्न हामी प्रतिवद्ध छौं ।

स्वतन्त्र विद्यार्थी युनियन आम विद्यार्थीहरूको साझा संस्था हो । त्रिभुवन विश्वविद्यालयले यही फाल्गुन १८ गते स्ववियुको निर्वाचन गर्ने निश्चित गरेको छ । विगत ८ वर्षदेखि थाती रहदै आएको स्ववियु निर्वाचन हुन गइरहेको कुराले आम विद्यार्थीहरूलाई हर्षित बनाएको छ र हाम्रो संगठन अखिल (क्रान्तिकारी) पनि उक्त स्ववियु निर्वाचनमा सहभागी हुने प्रतिवद्धता जनाउदै अघि बढेको छ । हाम्रो संगठनले उठाउदै आएको समावेशी, निष्पक्ष र भ्रष्टाचारमुक्त स्ववियु, २८ वर्षे उमेर हदबन्दी, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लगायतका स्ववियु सम्बन्धी मुद्धाहरू आज स्थापित र लागु हुने चरणमा रहेको कुरा सर्वविदितै छ ।

'सर्वसुलभ, रोजगारमूलक र वैज्ञानिक शिक्षा हाम्रो प्रतिवद्धता ! निष्पक्ष र भ्रष्टाचार मुक्त स्ववियु आजको आवश्यकता !!', 'राष्ट्रियताको किरण छरौं ! अखिल (क्रान्तिकारी) लाई मतदान गरौं !!' भन्ने मूल नाराहरूको साथ एकमुष्ठ र फर्जी विद्यार्थी भर्ना एवं तीन संगठनको सिन्डीकेट खारेज गर्दै सबै विद्यार्थी संगठनहरूको सहमति र सहभागितामा स्ववियु निर्वाचनमा जान हाम्रो संगठन प्रतिवद्ध रहेको छ ।

देशको राजनीतिक, आर्थिक अवस्थासगै शैक्षिक अवस्था झन् भयावह बन्दै गएको छ । शिक्षामा नीजिकरण र व्यापारिकरणले सिमा नाघेको छ । विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षा भ्रष्ट, दलाल र माफियाहरूको चंगुलमा परेको छ । सार्वजनिक विद्यालय र महाविद्यालयहरू विघटनको दिशामा पुऱ्याइदैछ । हाम्रो संगठन राष्ट्रियता, जनतन्त्र, जनजीविकाका साथै शैक्षिक क्षेत्रमा देखा परेका विकृति, विसंगति र अराजकताका विरुद्ध निरन्तर लड्दै आएको छ । हामी शिक्षा र स्वास्थ्य जस्ता आधारभूत विषय निःशूल्क र समान हुनुपर्छ भनिरहेका छौं । विद्यालय तहको शिक्षालाई आधारभूत शिक्षाभित्र राखेर अनिवार्य, निःशूल्क र समान बनाउने, उच्च शिक्षालाई अनुसन्धनात्मक तथा देश विकास र जनताको सेवामा लगाउने अभियानमा छौं । विद्यार्थीहरूको विदेश पलायनता तथा शिक्षा क्षेत्रलाई भ्रष्टाचार र राजनीतिक भागबण्डाबाट मुक्त बनाउने अठोट हामीले गरेका छौं । क्रान्तिकारी विद्यार्थी आन्दोलनलाई टुट, फुट र विभाजनबाट बचाउने, प्रतिपक्षिय आन्दोलनबाट विचलित हुन नदिने, राजनीतिक आन्दोलनमा सडक बाघ र शैक्षिक आन्दोलनमा नेता संगठनको विरासत जोगाउने क्रान्तिकारी विद्यार्थी आन्दोलनको मुल प्रवाह हाम्रो संगठनलाई स्ववियु निर्वाचनमा अत्याधिक मतले विजय गराउन सम्पूर्ण विद्यार्थी वर्गमा हार्दिक अनुरोध गर्दछौं ।

अखिल (क्रान्तिकारी) "मोहन बैद्य" लाई नै किन मतदान गर्ने ?

- स्ववियु निर्वाचनमा २८ वर्षे उमेर हदबन्दी कायम गराउदै पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु गराउन ।
- स्ववियुलाई निष्पक्ष र समावेशी बनाउदै तीन संगठनको सिन्डीकेट र भ्रष्टाचारमुक्त गराउन ।
- त्रिविविमा वैज्ञानिक र अनुसन्धानमूलक शिक्षा पद्धती लागु गराउदै विखण्डन, विघटन र नीजिकरणबाट रोक्न, विश्वविद्यालय शिक्षालाई सबै जनताको पहुँचमा पुऱ्याउन ।
- सेमेष्टर प्रणालीको निम्ति आधुनिक उपकरण र भौतिक भूर्वाधारयुक्त, नयाँ पाठ्यक्रम निर्माण र दक्ष प्राध्यापकको व्यवस्था गराउन ।
- नेपाल संस्कृत विश्वविद्यालयलाई बहुभाषिक विश्वविद्यालय बनाउन ।
- सामुदायिक विद्यालयको स्तरोन्नती गराउन ।
- समान, अनिवार्य र निःशूल्क विद्यालय शिक्षा तथा सर्बसुलभ विश्वविद्यालय शिक्षाको संघर्षलाई निर्णायक बनाउन
- शिक्षा क्षेत्रमा भएका नीजिकरण, व्यापारिकरण र विदेशीकरण रोक्न ।
- उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि एबचत ऋभ व्यद को मुद्धा उठाउन ।
- डेरावाला विद्यार्थीको हकमा खाना पकाउने इन्धन, स्वास्थ्य सेवा र यातायातमा ५० प्रतिशत छुट गराउन ।
- राष्ट्रियता, राष्ट्रिय स्वाधिनता र जनतन्त्रको रक्षा गर्न ।
- देशमा व्याप्त भ्रष्टाचार, दलालीकरण र अराजकता रोक्न ।
- महान् सहिद, वेपत्ता र घाइते योद्धाहरूको सपना साकार पार्न, क्रान्तिकारी विद्यार्थी आन्दोलनको विरासत कायमै राख्दै जनवादी शिक्षा प्राप्तिको आन्दोलनलाई जारी राख्न ।
- मालेमावादको शैद्धान्तिक मार्गदर्शनमा अडिक रहदै नयाँ जनवादी क्रान्ति र वर्गसंघर्षको कार्यभार पूरा गर्न

नाराहरू:

- सर्वसुलभ, रोजगारमूलक र वैज्ञानिक शिक्षा हाम्रो प्रतिवद्धता
  निष्पक्ष र भ्रष्टाचारमुक्त स्ववियु आजको आवश्यकता ।
- राष्ट्रियताको किरण छरौं
  अखिल (क्रान्तिकारी) लाई मतदान गरौं ।
- शिक्षामा व्यापारिकरण, विदेशीकरण र माफियाकरणको भण्डाफोर गरौं
  रोजगारमूलक, वैज्ञानिक एवं जनवादी शिक्षा प्राप्तिको लागि संघर्ष गरौं ।
- शिक्षित र योग्य व्यक्तिका लागि स्वदेशमा नै योगदान गर्ने अवसर
  उच्च शिक्षा अध्ययनरत विद्यार्थीका लागि पार्ट टाइम रोजगार .
- सीमा अतिक्रमण र विदेशी हस्तक्षेप बन्द गर
  अखिल (क्रान्तिकारी) राष्ट्रियताको पहरेदार ।
- एकमुष्ट र फर्जी विद्यार्थी भर्ना खारेज गर
  तीन दलिय संगठनको सिन्डीकेट खारेज गर
- संसदवादी संगठनहरूलाई गतिलो चोट
  प्रतिपक्षीय संगठन अखिल (क्रान्तिकारी)लाई भोट ।

क्रान्तिकारी पत्रकार महासंघले बुझायो ध्यानाकर्षण

काठमाडौं । पत्रकार महासंघको आवधिक निर्वाचन नजिकिँदै गर्दा क्रान्तिकारी पत्रकार महासंघ काठमाडौं शाखाले सदस्यता शुद्धिकरणको मागसहित पत्रकार महासंघमा ज्ञापनपत्र बुझाएको छ ।

तीन ठुला संगठनहरूले नेपाल पत्रकार महासंघमा सिन्डिकेट लादि गैरपत्रकार भर्ना गरेको आरोप ललाउँदै क्रान्तिकारी पत्रकार महासंघको काठमाडौं शाखाले ध्यानाकर्षण पत्र बुझाएको हो । नेपाल पत्रकार महासंघको काठमाडौं शाखामा निष्क्रिय पत्रकारहरूको नवीकरण नगरी सदस्यता खारेज गर्ने र गैरपत्रकारहरूको भर्ती तत्काल रोक्न अल्टिमेटमसहित ध्यानाकर्षणपत्र बुझाएको क्रान्तिकारी पत्रकार महासंघका जिल्ला अध्यक्ष रामचन्द्र हुमागाईंले जानकारी दिए ।

अध्यक्ष हुमागाईको नेतृत्वमा गएको एक टोलीले महासंघको जिल्ला शाखा अध्यक्ष गोबिन्द चौलागाईलाई पाँच सुत्रिय ध्यानाकर्षण पत्र बुझाउँदै १० दिनभित्र माग सदस्यता छानविन आयोग गठन गरी नयाँ थपिएका सदस्यहरूका विवरण सार्वजनिक गर्न माग गरेको छ । माग पुरा नभए कडा संघर्षमा उत्रने महासंघले जनाएको छ ।

यस्ता छन् मागहरू :

१. हाम्रो संगठनलाई नेपाल पत्रकार महासंघको नेतृत्वले वेवास्ता गर्दै आएको छ र प्रायः निर्णय प्रक्रिया, विविध सरोकार राख्ने कार्यक्रममा हाम्रो संगठनलाई सहभागी गराएको छैन । हाम्रो संगठनप्रतिको निषेधकारी व्यवहार सच्याइयोस् र नेपाल पत्रकार महासंघलाई साँच्चैको छाता संगठनको भूमिकामा स्थापित गरियोस् ।

२. नेपाल पत्रकार महासंघ, जिल्ला शाखाका हरेक निर्णय प्रक्रियामा तीन ठूला राजनीतिक पार्टीहरू नेपाली कांग्रेस सम्बद्ध प्रेस युनियन, नेकपा (एमाले)सम्बद्ध प्रेस चौतारी र नेकपा (माओवादी केन्द्र) सम्बद्ध प्रेस सेन्टरको 'सिन्डिकेट' लादिएको छ । हाम्रो संगठन यसको कडा शब्दमा विरोध गर्दछ । महासंघमा सबै सरोकारवाला संगठनहरूको प्रतिनिधित्व सुनिश्चित गराउने गरी भूमिका खेलियोस् हाम्रो महासंघ जोडदार माग गर्दछ ।

३. नेपाल पत्रकार महासंघको आवधिक चुनाव नजिकिदैछ । महासंघले शुद्धीकरण अभियान चलाओस् । गैरपत्रकार, निष्क्रिय पत्रकार, उद्योगी, व्यापारी, कर्मचारी, राजनीतिक पार्टीका नेता कार्यकर्ताहरू (जो प्रत्यक्षरूपले पत्रकारिता पेशामा संलग्न छैनन्) लगायतको सदस्यता नवीकरण नगरियोस्, त्यस्ताको सदस्यता खारेज गरियोस् । र, नेपाल पत्रकार महासंघलाई सक्कली (क्रियाशिल) पत्रकारहरूको साझा संगठन बनाइयोस् ।

४. पेशामा क्रियाशिल र योग्यता पुगेका पत्रकारहरू, जसले सदस्यताका लागि आवेदन दिएका छन्, निःशर्त उनीहरूलाई महासंघको सदस्यता दिलाइयोस् । आस्थाको आधारमा भेदभाव र बाधा अड्चन खडा नगरियोस् ।

५. गैरपत्रकारहरू, निष्क्रिय पत्रकारको छानविन गर्न जिल्लामा एउटा आयोग बनाइयोस् र जिल्ला अधिवेशन हुनुभन्दा दशदिन अगाडि नयाँ र पुराना सदस्यहरूको अन्तिम नामावली सार्वजनिक गरियोस् ।

नवलपरासीको दिब्यज्योति क्याम्पस अखिल (क्रान्तिकारी)मय

◆ **रवि पाण्डेय**

नवलपरासी । नवलपरासीको दिब्यज्योति बहुमुखी क्याम्पस स्ववियु निर्वाचनमा अखिल क्रान्तिकारीमय भएको छ । बिहीवार उम्मेदवारी दिने क्रममा प्रचण्ड, किरण र विप्लवनिकट तीनवटा बिद्यार्थी संगठनले कार्यगत एकता गर्दै माले, मसाल, राप्रपा, जनमुक्ति आदिवासी जनजाति बिद्यार्थी मञ्च र मधेशी मोर्चाका विद्यार्थीहरुलाई समेटे पछि दिब्यज्योति क्याम्पसमा अखिल क्रान्तिकारीमय भएको हो ।

संशोधन...

छ । संशोधन र चुनाव दिल्लीले लिने निर्णयमा भर पर्ने राजनीतिक विश्लेषकहरू बताउँछन् । दिल्लीले अहिले पनि खुलेर निर्वाचनको स्वागत गरेको छैन । उसले संविधान संशोधन गराएर आफू अनुकूलको राजनीतिक वातावरण बनाउन खोजिरहेको छ । स्थानीय र संसदीय निर्वाचनमा आफू पक्षीय जनप्रतिनिधिहरूलाई बहुमतमा निर्वाचित गराएर बैधानिक रूपमा नेपालको सार्वभौमत्ता आफ्नो हातमा लिने दाउमा रहेको दिल्ली यहाँको हरेक राजनीतिक निर्णहरूमा निर्णायक बन्दै आएको छ । दिल्लीको यस्तो हस्तक्षेपका विरुद्ध यहाँका देशभक्त र क्रान्तिकारी शक्तिहरूले निरन्तर संघर्ष गर्दै आइरहेका छन् ।

अखिल (क्रान्तिकारी) मोहन वैद्य चितवनले गऱ्यो उम्मेदवार घोषणा

चितवन । 'अखिल (क्रान्तिकारी) मोहन वैद्य' चितवनले स्ववियू निर्वाचन हुने कलेजहरूमा स्ववियू सभापतिको टुङ्गो लगाएको छ । फाल्गुण १८ मा हुने स्ववियू चुनावका लागि जिल्लामा रहेका १३ वटा मध्ये १० वटा क्याम्पसमा सभापति पदका लागि उमेद्वारको टुंगो लगाएको हो ।

संगठनका जिल्ला संयोजक अमित सापकोटा'अवीरल'ले शुक्रबार जारी गरेको प्रेस वक्तव्यमा जनाए अनुसार माडी बहुमुखी क्याम्पसमा एलिना पोखरेल, बुद्धशान्ति सामुदायिक कलेजमा कमल प्रजा, जनआदर्श बहुमुखी क्याम्पसमा रोशन तामाङ, भुवानीशंकर बहुमुखी क्याम्पसमा समिर वस्नेत, शहिद स्मृती बहुमुखी क्याम्पसमा अनिस खनाल, बालकुमारी कलेजका लागि दिपक पोखरेल, सप्तगण्डकी बहुमुखी क्याम्पसका लागि कृष्ण सुनार, उमाबडी आदर्श शेरचनका लागि रोशन महत्तो, अरुणोदय कलेजमा हेम बहादुर थापा र सहिद स्मारक कलेजका लागि ममताज मिँयालाई सभापतिको उम्मेदवार बनाउने घोषणा गरिएको छ ।

वक्तव्यमा 'अखिल (क्रान्तिकारी) मोहन वैद्य' अन्य संगठनहरूभन्दा क्रान्तिकारी रहेकोले घोषित उम्मेदवारहरूलाई विजयी गराउन आम विध्यार्थीहरूमा अपीलसमेत गरिएको छ । पछिल्लोपटक देशैभर यो संगठनले संगठन विस्तारलाई तीव्र पार्दै सबै क्याम्पसहरूमा उम्मेदवारी दिने घोषणा गरेको छ ।

क्रान्तिकारी...

कार्यनीतिप्रति स्पष्ट हुनु अनिवार्य भएकोले स्कुलिङको सुरुवात गरिएको स्पष्ट पारे ।

दर्शनका विषयमा हस्तबहादुर केसी, राजनीतिक अर्थशास्त्रका विषयमा परि थापा र वैज्ञानिक समाजवादका विषयमा सी पी गजुरेलले आधारभूत वैचारिक तथा राजनैतिक प्रशिक्षण दिइने स्कूलिङ चार दिनसम्म चल्ने प्रशिक्षक हस्तबहादुर केसीले बताए । मिथिला राज्यन्तर्गतका सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीका पाँच जिल्लाबाट पचास जना नेता कार्यकर्ता प्रशिक्षार्थीको रूपमा पार्टी स्कुलमा सहभागी भएका छन् ।

दिवंगत...

(क्रान्तिकारी माओवादी)का नेताहरू, स्वनिग प्रतिष्ठान शााखाका अध्यक्ष र महासंघका अध्यक्षलगायतका नेताहरूले शुक्रबार भेटघाट गरेका छन् ।

काठमाडौं महानगरपालिका-२९ स्थित गोलगुपाखा, बुद्धटोलमा रहेको दिवंगत पत्रकार महर्जनको घरमा पुगेर नेताहरूले परिवारसँग समवेदना प्रकट गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा नेवा राज्य संयोजक दिनेश शर्मा'सागर', पार्टीका सचिवालय सदस्य तथा नेवा राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठ, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, नेपाल पत्रकार महासंघ, झिंगु स्वनिगः प्रतिष्ठान शाखाका सचिरनन्द महर्जन, झिंगु स्वनिग दैनिकका सम्पादक अमीररत्न ताम्राकार, क्रान्तिकारी माओवादी काठमाडौं इन्चार्ज तथा पार्टी केस सुरेश श्रेष्ठ, केस तथा जिल्ला संयोजक शारदा महत, क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन, पार्टी सल्लाहकार गोर्की श्रेष्ठ, भरत बुर्जामगर लगायत नेताहरू उक्त भेटघाटमा सहभागी भएका थिए ।

'प्रेसर लो'का कारण बेहोस भएका सानुकाजी महर्जनको ३९ वर्षको उमेरमा आइतबार विहान मनमोहन अस्पतालमा उपचारको क्रममा निधन भएको थियो । उनका एक श्रीमती र एक छोरी (८ वर्षीय) रहेका छन् । तीन दाजुभाइमा कान्छा सानुकाजी संयुक्त परिवारमै रहँदै आएका थिए । उनी नेवाः राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य र क्रान्तिकारी माओवादीका काठमाडौं जिल्ला सदस्यको जिम्मेवारीमा रहेका थिए ।

यसैबीच, दिवंगत सानुकाजी महर्जनको फाल्गुन २१ गते श्रद्धाञ्जली सभा गरिने भएको छ । पार्टी, नेवाः मोर्चा, महासंघ, झिंगु स्वनिगः प्रतिष्ठानको संयुक्त आयोजनामा श्रद्धाञ्जली सभा गरिने नेवाः मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठले बताए । उनका अनुसार उक्त श्रद्धाञ्जलीसभामा क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'को प्रमुख उपस्थिति रहनेछ । यसअघि पार्टी, नेवाः मुक्ति मोर्चा, क्रान्तिकारी पत्रकार महासंघ, झिंगु स्वनिगः प्रतिष्ठानले शोकवक्तव्य जारी गरी दिवंगत महर्जनप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
गोरखा नगरपालिका, गोरखा

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

जन्म मृत्यु, विवाह, वसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँ विकास समितिका स्थानीय पञ्जिकाधिकारी (सचिव) वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु पर्दछ ।

व्यक्तिगत घटना दर्ता कसले गर्ने ?

- जन्म तथा मृत्युको घटना परिवारको मुख्य व्यक्तिले ।
- विवाहको घटना पति पत्नी दुवैले ।
- बसाइँ सराईको घटना परिवार भए परिवारको मुख्य व्यक्तिले र व्यक्ति भए बसाइँसराई गरी जाने व्यक्तिले ।

कसरी गर्ने ?

गाउँ विकास समिति वा नगरपालिकामा निशुल्क पाइने फारम भरी घटना भएको मितिले ३५ दिन भित्र घटना दर्ता गर्नु पर्दछ ।

नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यको लागि बचत गरौं

कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी भई बचत गर्दा पाईने फाइदाहरू

☞ वार्षिक ६.५ प्रतिशत व्याज पाइने,
☞ बचत गरेको २ आ.ब पछि बचत रकमको ८० प्रतिशत सापटी लिन पाइने,
☞ सहूलियत ब्याजदर वार्षिक ९ प्रतिशतमा धितो मूल्यांकनले खामेसम्मको बढिमा रु ४० लाखसम्म (उपत्यका भित्रका नगरपालिकामा घर निर्माण तथा खरिद गर्न) आवास कर्जा सुविधा लिन पाइने,
☞ वार्षिक आयको एकतिहाई रकममा आयकर छुट सुविधा पाइने,
☞ सेवाबाट अवकाशपछि एकमष्ठ रकम पाइने,
☞ सबै वाणिज्य बैंक शाखा कार्यालयहरूबाट रकम जम्मा गर्न सकिने, व्यालेन्स सर्टिफिकेट लिन सकिने ।
☞ दुर्घटनाबाट मृत्यु भएमा रु १ लाखसम्मको दुर्घटना बीमाको व्यवस्था भएको ।

'आजैदेखि सहभागी भई बचत गर्ने बानी बसालौं'

नागरिक लगानी कोष
नयाँबानेश्वर, काठमाडौं । पोष्ट बक्स नं. ५८२३
फोन : ०१-४७८५७१९, ०१-४७८५७२५
फ्याक्सः ०१-४७८५७१९
ई-मेल : info@nlk.org.np
वेभसाइट : www.nlk.org.np

यहाँ स्कुल, कलेज,
पार्टी सुज, क्यजुयल सुज,
क्लोज सुज तथा सेना, प्रहरी तथा
सेक्युरिटी गार्डको जुत्ताहरू होलसेल
तथा खुद्रा मूल्यमा बिक्री गरिन्छ ।



प्रवन्ध निर्देशक : केशर बहादुर प्रधान
मो.नं. ९८५११७७५५, ९८६०८५७३२१
मोडर्न सुज प्रा.लि.
टोखारोड, ग्राण्डी हस्पिटल नजिकै

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड द्वारा प्रवद्धित
STC ग्यांस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
गहिना चामल
साल्ट ट्रेडिङ समूहका उत्कृष्ट खाद्य बस्तुहरु

प्रकाशक : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।